सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ मंसिर २०८२, आइतबार (23 Nov 2025, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २१३ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

दृष्टिविहीन महिला टी–२० विश्वकपको फाइनलमा नेपाल

उपाधिका लागि आज भारतसँग भिड्दै

नेपालमा ०६४ देखि सुरु भएको हो दृष्टिविहीन महिला क्रिकेट



कसरी खेलिन्छ प्रतियोगिता ?

दृष्टिविहीन क्रिकेट टी-२० र एकदिवसीय गरी दुई फर्म्याटमा आयोजना हुँदै आएको छ। तर, टी-२० खेल नै धेरै हुने गरेको छ। चलिरहेको विश्वकप पनि टी-२० फर्म्याटमै छ। मैदानमा एक टिममा तीन प्रकारका दृष्टिविहीन मिलाएर ११ जना नै हुनेछन्। बी वान अर्थात् पूर्ण दृष्टिविहीन चारजना, बी टु (न्यून दृष्टिविहीन) तीनजना, बी थ्री (अल्प दृष्टिविहीन) चारजना हुनेछन्। ब्याटिङ भने सुताएर गरिन्छ। पिचमा बल गुडाइन्छ, बलमा आवाज आउने कुनै उपकरण राखिएको हुन्छ। पूर्ण दृष्टिविहीनले लिएको हरेक रनमा दोब्बर अंक गनिनेछ। एक इनिङ्समा न्यून दृष्टिविहीनले आठ ओभरसम्म बलिङ गर्न पाउनेछन्। प्रायः अधिकांश नियम भने अन्य टी-२० प्रतियोगितासरह नै छ। महिलाले ४० यार्डको बाउन्ड्रीमा खेल्नेछन् भने पुरुषले ४० देखि ४५ यार्डको बाउन्ड्रीमा खेल्ने गर्छन्।

रमेश सुवेदी / नयाँ पत्रिका

देशमा एनपिएलको उमंग छाइरहेका वेला नेपाली क्रिकेटकै एउटा टिम विश्वकपकै उपाधि उचाल्ने अन्तिम प्रतिस्पर्धामा पुगेको छ। सरकारले कुनै लगानीसमेत नगरेको नेपाली टोली दृष्टिविहीन महिला टी-२० विश्वकपको फाइनलमा प्रवेश गरेको छ। सेमिफाइनलमा पाकिस्तानलाई हराएको नेपालले आइतबार उपाधिका लागि भारतसँग प्रतिस्पर्धा गर्दै छ। प्रतियोगितामा नेपाल र भारत एकपटक भिडिसकेका छन्।

दृष्टिविहीन महिला टी- २० विश्वकप पहिलोपटक आयोजना भएको हो। पहिलो संस्करणमै नेपाल फाइनलमा स्थान बनाउन सफल भयो। श्रीलंकाको राजधानी कोलम्बोमा शनिबार सम्पन्न सेमिफाइनलमा नेपाली टोलीले पाकिस्तानलाई सात विकेटले हराएर यो यात्रा तय गरेको हो। कप्तान गीता पौडेलले उपाधि भित्र्याउन आतुर रहेको बताइन्।

'प्रतियोगितको पहिलो खेलमा भारतसँग

» पृष्ठ ९ मा क्रमशः

कप्तान गीता पौडेलले भनिन्-

उपाधि उचाल्न आतुर छौं



प्रतियोगितको पहिलो खेलमा भारतसँग ८५ रनले पराजित भयौं, तर फाइनलमा उपाधि उचाल्ने गरी खेल्छौं। पहिलो खेलपछि गल्ती सुधारेर खेलेका छौं, उपाधि उचाल्न आतुर छौं। यही उपलब्धि हासिल गर्न १८ वर्षदेखि लगातार क्रिकेट खेलिरहेको छु। एक महिनाको तयारीले यो उपलब्धि हासिल गरेका हौं।

दृष्टिविहीन क्रिकेट संघका अध्यक्ष पवन घिमिरेको गुनासो-

राज्यबाट कुनै सहयोग भएन



विश्वकपमा सहभागी भइरहँदा राज्यबाट कुनै सहयोग भएन। न अभ्यास गर्न मैदान उपलब्ध गराइयो, न त आर्थिक सहयोग नै भयो। खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्मा पनि कोसिस गर्यौं, तर उपाय लागेन। बालाजुस्थित एकेडेमीमा १५ दिनको तयारी र कास्कीमा १५ दिन अभ्यास गरेर, विभिन्न संघसंस्थाबाट चन्दा उठाएर विश्वकप खेल्न आएका हौं।

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कांग्रेस चुनावमा होमियो, एमालेमाथि पनि बढ्यो दबाब

संविधानको रक्षा र जेन-जी आन्दोलनले उठाएका परिवर्तनका आवाज संस्थागत गर्न निर्वाचन नै उचित मार्ग रहेको निष्कर्षसहित २१ फागुनको निर्वाचनमा सहभागी हुने कांग्रेसको निर्णय, तर तत्काल न्यूनतम शान्ति-सुरक्षा कायम गर्न माग

■ शनिबार केन्द्रीय कार्यसमिति बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ-

कांग्रेस निर्वाचनमा भाग लिने निर्णय गर्दछ। निर्वाचनमार्फत नै संविधानको रक्षा तथा जेन-जी प्रदर्शनका क्रममा परिवर्तनका लागि उठाइएका आवाजलाई संस्थागत रूप दिँदै देशलाई अघि बढाउन सकिन्छ भन्ने हाम्रो दृढ विश्वास रहेको छ। फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सबै राजनीतिक दलले उत्साहपूर्वक सहभागिता जनाउन आवश्यक छ। तत्काल शान्ति-सुरक्षामा सुधार ल्याउन, सुरक्षाकर्मीको मनोबल उच्च बनाउन तथा आमनागरिकमा भयमुक्त वातावरण सुनिश्चित गर्न नेपाली कांग्रेस सरकारसँग माग गर्दछ।

■ तर, महाधिवेशन मिति अझै अनिर्णीत, बिहीबारको बैठकबाट टुंग्याउने तयारी

पर्शुराम काफ्ले, शुरोजंग पाण्डे

विघटित प्रतिनिधिसभाको सबैभन्दा ठुलो दल कांग्रेसले २१ फागुनको निर्वाचनमा सहभागी हुने औपचारिक निर्णय लिएको छ। संविधानको रक्षा र जेन-जी आन्दोलनले उठाएका परिवर्तनका आवाज संस्थागत गर्न निर्वाचन नै उचित मार्ग भएको कांग्रेसको निष्कर्ष छ। तर, न्यूनतम सुरक्षा सुनिश्चित नहुँदा भयरहित निर्वाचन कठिन हुने भन्दै कांग्रेसले तत्काल शान्ति-सुरक्षा सुधारका लागि सरकारसँग माग गरेको छ।

प्रतिनिधिसभा पुनर्स्थापनातर्फ पनि नजर लगाएको कांग्रेसले पहिलोपटक केन्द्रीय कार्यसमिति

» पृष्ठ ९ मा क्रमशः

संसद् पुनर्स्थापनाको मुद्दा बोकेर एमाले चुनावी तयारी



एमालेले शनिबार भृकुटीमण्डपमा गरेको जनप्रदर्शन तथा सभा। तस्बिर : **संजित परियार**

अहिलेको सरकार संविधानबाहिरबाट गठन भएको आरोप लगाए पनि चुनावकेन्द्रित सरकारी बैठकमा भाग लिँदै आएको एमालेको २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि राजनीतिक दल दर्ताको गृहकार्य

तर, काठमाडौंमा शक्ति प्रदर्शन गर्दै एमाले अध्यक्ष केपी ओली भन्छन्- प्रधानमन्त्री कार्कीलाई चुनाव गराउने अधिकार नै छैन

अहिले अनधिकृत व्यक्तिको अराजकतामा आधारित उत्पातबाट सिर्जना भएको सरकार चलिरहेको छ। प्रधानमन्त्रीलाई सोध्न चाहन्छु- तपाईं लोकतन्त्र र जनतामा विश्वास गर्नुहुन्छ कि गर्नुहुन्न ? के यसैगरी सरकार बन्छ ? फागुन २१ मा चुनाव गराउने ढोँट कुरा नगर्नुहोला। तपाईंलाई चुनाव गराउने अधिकार कसले दियो ? चुनाव गराउने तपाईं को हो ? कोही पनि दल भावनामा नबग्नुस्, चुनाव हुन्छ भनेर बिहेमा जन्तीजसरी असंवैधानिक सरकारको पछिपछि नकुदुनुस्।



■ मधेशकेन्द्रित आठ दलको मोर्चा पनि चुनावमा जाने

मधेशकेन्द्रित आठ दलहरूले बनाएको संघीय लोकतान्त्रिक मोर्चाले चुनावमा भाग लिने निर्णय गरेको छ। शनिबार लोकतान्त्रिक समाजवादी पार्टीको कार्यालय बबरमहलमा बसेको मोर्चाको बैठकले २१ फागुनको निर्वाचनका लागि सुरक्षालगायतको वातावरण बनाउन सरकारसँग माग गरेको छ।

'हामी चुनावमा भाग लिन्छौं। मोर्चासम्बद्ध दलहरू मिलेर चुनावमा जान्छौं भन्ने निर्णय गरेका छौं,' बैठकमा सहभागी लोसपाका महासचिव डा. सुरेन्द्रकुमार भाले नयाँ पत्रिकासँग भने, 'निर्वाचनका लागि सरकारले उपयुक्त सुरक्षा वातावरण बनाइदिनुपर्छ भन्ने पनि हाम्रो माग छ।'

लोसपा अध्यक्ष महन्थ ठाकुरले बोलाएको बैठकमा लोसपा नेताद्वय सर्वेन्द्रनाथ शुक्ल र डा. सुरेन्द्र झा, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र महासचिव रामकुमार शर्मा, जनमत पार्टीका नेता जयकान्त राउत, राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो र नेता केशव झा, नागरिक उन्मुक्ति पार्टीका नेता रेशम चौधरी, तमलोपा अध्यक्ष वृशेषचन्द्र लाल, पूर्वमन्त्री हृदयेश त्रिपाठीलगायत सहभागी थिए।

सहकारीका ठुला बचतकर्ताका कारण रोकियो एक लाखसम्मको बचत फिर्ता गर्ने योजना



(विस्तृत पृष्ठ ३)

नेप्से पुनर्संरचनाका आधा दर्जन सुझाव अर्थ मन्त्रालयको दराजमा

फेरि बन्यो अर्को अध्ययन समिति

प्राडा रेवतबहादुर कार्की
पूर्वमहाप्रबन्धक, नेप्से



निर्णय गर्न छाडेर सुझाव समिति बनाउनु भुलभुलैया मात्रै हो

(विस्तृत पृष्ठ ७)

VOBON®
WORLD CLASS OFFICE & PREMIUM FIBER CHAIR



Denali
CANTILEVER Visitor Chair

Long Lasting Cantilever
The Fully welded heavy steel construction support upto 120 kgs & deliver flexible comfort, clean professional silhouette.

Soft Padding
Upholstered in moulded foam with generous cushioning on the seat and fine mesh back for added comfort.

Intregreted Armrest
Featuring strong polyurethane fixed armrest for relaxed support during seated interactions.

Warranty
Four years' service warranty for peace of mind and hassle free maintenance.

4 YEARS SERVICE WARRANTY

for everyday use & built to last

ENGINEERED

Custom Interiors
Chair Fabric can be customized as per your logo color
9801012050



Price 8865.00 Included VAT

• LALITPUR Stupa Furniture 9851349388 Urban Perch 9802001777 Nepal Iron 9851030470 • KATHMANDU Vijay Furnishing 9851056139 Halesi Decor 9851216808 Shree PB Furnishing 9860294511 • SINDHULI Sabal Enterprises 9855026472 • ITAHARI Rudrakhsya Furniture 9852054856 • GAIGHAT Pokhrel & Sons 9842878820 • DHANKUTA Shree Krishna 9852050850 • NARAYANGHAT Joshi Steel 9855016042 • BARDIBAS Humagai General 9854041435 • JANAKPUR Shah Mart 9854022441 • SURKHET T.D. Decor 9858042700 New Prabha 9866896325 • BIRTAMODE United Traders 9802773755 • NEPALGUNJ Ambey Furnishing 9858021249 Kalpataru Intl' 9868064964 • BUTWAL Home Studio 9857031113 • MAHENDRANAGAR Ugratara Trade 9851112002 • POKHARA Citizen Furniture 9856021572 • DANG Prakriti 9857832033 Benzer 9857821258 • LAHAN Subham Steel 9852830275 • HARIWON Smart Home 9854035259 • MANTHALI Shrestha Decor 9854040207 • CHAPUR Terai Traders 9851115951 • DHANGADHI Bibek 9858422256 • ATTARIYA Decoration Hub 9848427862 • BIRATNAGAR Niraula 9852083639 • HETAUDA Kamana Suppliers 9855067195 • DHADING Dhading Furnishing 984-1546823 • DANG Laxmi Home Decor 9857824976 • TRISHULI Bhairabi Furnishing 9843514385 • CHANDRAUTA Siddharths Furniture 9857055418

All Seating Solutions
• Office Visitor Chair (Fixed Base) • Executive 3 Seater Sofa • Lounge Seating • Educational Chair • Premium Garden Chairs • Colorful Fiber Chairs • Montessori Pre- School Baby Chair

UQSR. Certified
ISO 9001:2015
ISO 14001:2015
ISO 14001:2018
MADE IN INDIA
Kedia Organisation

बिग्रिएपछि सितिमिति बन्दैनन् वीर अस्पतालका मेसिन

क्यान्सरका बिरामीको उपचारमा प्रयोग हुने अत्याधुनिक टोमोथेरापी मेसिन बिग्रिएको एक महिना भयो भने सिटिस्क्यान मेसिन नचलेको दुई महिना भयो, तर वीरलाई बिरामीको पिरले छोएको छैन

शिवहरि घिमिरे / नयाँ पत्रिका

टोमोथेरापी मेसिन क्यान्सरका बिरामीको उपचारमा प्रयोग हुने विश्वकै अत्याधुनिक प्रविधि हो। यो मेसिनबाट क्यान्सर लागेका सेलमा मात्रै रेडिएसन दिएर (सेकेर) उपचार गर्न सकिन्छ, अरू सद्दे सेललाई कुनै असर गर्दैन। तर, नेपालमा वीर अस्पतालमा मात्रै रहेको यति महत्त्वपूर्ण मेसिन बिग्रिएको एक महिना भइसक्दा पनि बनाउने कुनै सुरसार छैन। क्यान्सरसँग जुधिरहेका बिरामी सेवा नपाउँदा मर्कामा छन्।

टोमोथेरापीको कथा सुरुदेखि नै पीडादायी छ। सुरुमा ०७५ मै नेपाल भित्र्याइएको ४० करोडको मेसिन सात वर्षसम्म बलम्बुस्थित सशस्त्र प्रहरी अस्पतालको चौरमा राख्दा खिया लागेर बिग्रिएको थियो। पछि सप्लायर्स कम्पनी लाइफलाइन ट्रेड सप्लायर्सले नयाँ मेसिन ल्याएर १८ भदौ ०८० मा वीरलाई हस्तान्तरण गरेको थियो। सोही वर्ष पुसदेखि सञ्चालनमा ल्याइएको मेसिन दुई वर्षमै बिग्रिएको

» पृष्ठ ९ मा क्रमशः



वीरका सहायक निर्देशक डा. मीनचन्द्र अधिकारीका अनुसार दैनिक १०–१५ जनाले टोमोथेरापी सेवा लिन्थे। त्यस्तै, सिटिस्क्यानको ठुलो मेसिनबाट दैनिक ४५ जनासम्मले सेवा लिन्थे। यी दुवै मेसिन बिग्रिएपछि सेवा रोकिएको छ। टोमोथेरापीका लागि वीरबाहेक विकल्प नै छैन भने सिटिस्क्यानका लागि बिरामी निजीमा महँगो शुल्क तिर्न बाध्य छन्।

■ स्वास्थ्यमन्त्रीलाई अस्पताल घुमाइयो, तर बिग्रिएको मेसिन देखाइएन

१ मंसिरमा स्वास्थ्यमन्त्री डा. सुधा शर्मा गौतम वीर अस्पतालको निरीक्षणमा पुगेकी थिइन्। तर, प्रशासनले सर्जिकल भवनतिर घुमाएर बिग्रिएका मेसिन भने मन्त्रीलाई नदेखाएको एक चिकित्सकले बताए। 'करोडौंमा खरिद गरिएको टोमोथेरापी र ठुलो सिटिस्क्यान मेसिन बिग्रिएको छ, बिरामी मर्कामा परेका छन्,' ती चिकित्सकले भने, 'केही दिनअघि स्वास्थ्यमन्त्रीलाई अस्पताल बोलाएर सर्जिकल भवनमा डुलाइयो, तर उपकरण बिग्रिएको र बिरामीले दुःख पाइरहेको पुरानो भवनमा लगिएन। मेसिन बिग्रिएपछि दुवै सेवा बन्द भएको छ, सप्लायर्सले अग्रिम ३० प्रतिशत भुक्तानी दिएपछि मात्रै बनाउने भनेको छ। बिरामी निजीमा गएर महँगो शुल्क तिर्न बाध्य छन्, यो मर्का कसले बुझ्ने ?'

मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसीले उपकरण बिग्रिएको विषय स्वास्थ्यमन्त्रीलाई जानकारी गराएको र अस्पतालको पनि ध्यानाकर्षण गराइएको बताए।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको ३९औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक) प्रकाशन मिति: २०८२/०८/०७

सूचना

मिति **२०८२ साल मंसिर ४ गते** बसेको यस बैंकको संचालक समितिको ४७९औं बैठकले निर्णय गरे अनुसार यस बैंकको **३९औं वार्षिक साधारण सभा** निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारी र सहभागिताका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थानः

सभा हुने मिति : २०८२ साल मंसिर २९ गते (१५ डिसेम्बर २०२५), सोमबार ।
सभा सुरू हुने समय : बिहान १०:०० बजे ।
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाण्डौ ।

सभा ठीक समयमा सुचारू रूपले संचालन गर्नको लागि शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ८:०० बजे देखि खुला राखिने छ ।

छलफलका विषयहरू :

क. सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/८२ को वार्षिक वित्तीय विवरण (आषाढ मसान्त २०८२ मा समाप्त भएको वर्षको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण लगायत वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू) उपर छलफल गरी पारित गर्ने ।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको १९ प्रतिशत (प्रति शेयर उन्नाइस रूपैयाँ मात्र) नगद लाभांश (लाभांश कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।
४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षण समिति तथा संचालक समितिको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख. विशेष प्रस्ताव :

१. सञ्चालकको भत्ता तथा सुविधामा वृद्धि गर्न बैंकको नियमावलीको नियम ३१ (१) (ख) मा संशोधन स्वीकृत गर्ने ।
२. नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै फेरबदल गर्न सुझाव भएमा सो अनुसार आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत प्रदान गर्ने ।

ग. विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१. साधारण सभा प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेज मिति २०८२ मंसिर १६ गते (तदनुसार २ डिसेम्वर २०२५) का दिन बन्द रहने छ । शेयर दाखिल खारेज बन्द हुने अघिल्लो दिनको अभिलेखमा बैंकको शेयरधनीको रूपमा रहनु भएका शेयरधनीले मात्र साधारण सभामा भागलिन मतदान गर्न र नगद लाभांश प्राप्त गर्न सक्नु हुनेछ ।

२. सभामा उपस्थित हुने शेयरधनीहरूले प्रवेश-पत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण (DEMAT) खाताको हितग्राही खाता नम्बर (BOID Number) खुलेको विवरण (Statement) वा अभौतिकीकरण नभएको भए आफ्नो कुनै एक सक्कल शेयरधनी प्रमाण-पत्र साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गर्दछौं ।

३. शेयरधनी महानुभावहरूले आफ्नो राय, सुझाव, जिज्ञासा तथा प्रश्न केहि भएमा मिति २०८२ मंसिर २४ गते भित्र बैंकको इमेल AGM.SCBN@SC.COM मा इमेल गरि वा बैंकको टेलिफोन नं. ०१ ५९७०५०० वा ०१ ५९७०५३८ मा फोन गरि शेयर विभागलाई वा कम्पनी सचिवलाई सम्पर्क गरि टिपाउन सक्नु हुनेछ । शेयरधनी महानुभावहरूले टिपाउनु भएका राय सुझाव, जिज्ञासा तथा प्रश्नहरू संकलन गरी सोको जवाफ साधारण सभाको क्रममा दिने व्यवस्था मिलाइएको छ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि-पत्र (प्रोक्सी फारम) भरी बैंकको शेयर विभाग, नयाँ बानेश्वर, काठमाण्डौमा सभा शुरू हुनुभन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु पर्नेछ । प्रोक्सी फारम बैंकको website मार्फत प्राप्त गर्न सक्नु हुनेछ ।

५. प्रतिनिधि नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई शेयरधनी उपस्थिति पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिइसकेको भए पनि त्यस्तो प्रोक्सी स्वतः बदर हुनेछ ।

६. एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन सक्नुहुनेछ ।

७. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुभएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि-पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भनी छुट्टै पत्र लेखी सभा सुरू हुनु भन्दा ४८ घण्टा अगावै बैंकको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर स्थित शेयर विभागमा दर्ता गरेको अवस्थामा अन्य सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरू बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सो बमोजिम नगरी एकै शेयरधनीले एकभन्दा बढी व्यक्तिहरूलाई प्रतिनिधि-पत्र (प्रोक्सी) नियुक्त गरेको पाइएमा त्यस्ता सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरू बदर हुनेछ ।

८. नाबालक वा मानसिक रूपले अशक्त शेयरधनीहरूको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भइरहेका महानुभावहरूले सभामा भाग लिन सक्नु हुनेछ । शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको वा शेयरधनी दर्ता किताबमा दस्तखत भएका व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

९. आफनो नाममा रहेको शेयर संख्या भन्दा बढी शेयर संख्या उल्लेख गरी प्रतिनिधि-पत्र (प्रोक्सी) दिएमा तथा प्रतिनिधि पत्र (प्रोक्सी) मा शेयरधनीको हस्ताक्षर यस बैंकको शेयरधनी रेकर्ड अनुसार नमिलेको अवस्थामा त्यस्तो सबै प्रतिनिधि पत्र (प्रोक्सी) हरू स्वतः बदर हुनेछन् ।

१०. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभा स्थलमा आउँदा झोला, ब्याग जस्ता बस्तुहरू नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

द्रष्टव्य :

१. बैंकको **संक्षिप्त वार्षिक आर्थिक विवरण यसै सुचना साथ प्रकाशित गरिएको व्यहोरा** जानकारी गराउँदछौं । बैंकको वार्षिक प्रतिवेदन बैंकको शेयर विभाग वा साधारण सभा स्थलबाट शेयरधनी महानुभावहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाईने छ । साथै साधारणसभासँग सम्बन्धित वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र छलफलका विषयहरू यस बैंकको वेबसाइट https://www.sc.com/np/investor_relations/en/ मा पनि राखिने हुँदा त्यहाँबाट समेत हेर्न तथा प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

२. **हितग्राही खातामा बैंक खाता अद्यावधिक नगराएका शेयरधनीहरु तथा हालसम्म पनि आफ्नो शेयर प्रमाणपत्रहरु अभौतिकीकरण (DEMAT) नगराउनु भएका शेयरधनी महानुभावहरुले अफ्नो शेयर प्रमाणपत्र अभौतिकीकरण गराई सो सँगसँगै हितग्राही खातामा बैंक खाता समेत अद्यावधिक गराउनु हुन अनुरोध गर्दछौं ।**

सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त स्वरुप (कम्पनी ऐन २०६३ को दफा ८४(४) को व्यवस्था बमोजिम प्रकाशित)

आदरणीय शेयरधनी महानुभावहरू,

सञ्चालक समितिको तर्फबाट, म हर्षका साथ प्रतिवेदन पेश गर्न चाहान्छु कि स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले आर्थिक वर्ष २०८१/८२ मा पनि उत्कृष्ट प्रदर्शन गरेको छ । यस बर्ष हाम्रो कार्य सम्पादनले हाम्रो रणनीति बमोजिम कार्य भएको छ भन्ने प्रमाणित गर्दछ ।

जोखिम व्यवस्थापनप्रतिको हाम्रो अनुशासित दृष्टिकोणले हामीलाई चुनौतीहरूको प्रभावकारीरूपमा सामना गर्न सक्षम बनाएको छ भने हाम्रो कार्यसम्पादनमा नाफा र लचिलोपन कायम राख्न् मद्दत गरेको छ । त्यसैले बाह्य चुनौतीहरूको कारणले आम्दानीमा परेको प्रभावको बावजुद पनि हामीले ऋण असुलिका प्रयासहरूमा बढी ध्यान केन्द्रित गरेर हाम्रो नाफा बचाउन सक्षम भयौं ।

विभिन्न चुनौतीहरूको बीचमा, हामीले रू. तीन अर्ब कर पछिको खुद मुनाफा हाँसिल गर्न सक्षम भएका छौं । हामीले कृषि, नवीकरणीय उर्जा, साना र मझौला उद्यमहरू लगायत अन्य क्षेत्रहरूमा हाम्रो कर्जा विस्तार गरेका छौं, जसले हामीलाई सरकारको प्राथमिकताहरूसँग तादात्म्यता राख्दछ । बैंकले कर्जा पोर्टफोलियोको गुणस्तर कायम राख्ने र दक्षता मार्फत लागत अनुकूलन गर्नेमा ध्यान केन्द्रित गरेको कारणले हामीलाई हाम्रो पूँजी स्थिति बलियो बनाउन र शेयरधनीहरूलाई दिगो प्रतिफल सुनिश्चित गर्न सहयोग पुगेको छ ।

बैंकको वित्तीय कार्य सम्पादनका मुख्य झलकहरू निम्न तालिकामा प्रस्तुत गरिएको छ :

वित्तीय विवरणहरू	आ.ब. २०८०/८१	आ.ब. २०८१/८२
खुद मुनाफा (ने.रू.)	३.३	३.०
ग्राहकहरुमा प्रवाहित कुल कर्जा (ने.रू.)	८९.७	८५.५
ग्राहकहरुको कुल निक्षेप (ने.रू.)	११४.८	१२७.४
इक्विटीमा प्रतिफल (%)	१६.१	१४.३
प्रति शेयर नेटवर्थ (ने.रू.)	२१७.६	२१५.८
प्रति शेयर आम्दानी (ने.रू.)	३४.७	३०.०
लाभांश (%)	२५.५	१९.०

हामी देशको एक मात्र अन्तर्राष्ट्रिय बैंकको रूपमा हाम्रो भूमिकालाई पुष्टि गर्दै व्यापारलाई सहज बनाउने सेवाहरु प्रदान गर्न सक्रिय रूपमा संलग्न छौं । हामी स्वस्थ र जोखिम भारित सम्पत्ति मैत्री पोर्टफोलियो मार्फत हाम्रो वासलातको अनुकूलनलाई प्राथमिकता दिन जारी राख्दछौं, विशेष गरी कृषि र स्वच्छ ऊर्जाका क्षेत्रहरूमा तोकिएको क्षेत्र लगानी अन्तर्गत नियामकीय लक्ष्यहरु प्राप्त गर्न सहयोग गर्ने उत्पादनशील क्षेत्रहरुतर्फ पूँजी विनियोजनलाई निर्देशित गर्दै आएका छौं ।

नेपालको अर्थतन्त्र ऐतिहासिक रूपमा जुझारू रहेको छ । नेपालमा विप्रेषण प्रवाह बलियो रहेको छ, चालू खाता र भुक्तानी सन्तुलनमा अभूतपूर्व स्तरको अधिशेष र बढ्दो विदेशी मद्रा सञ्चिति सहितको स्वस्थ बाह्य स्थिति छ, जसले गर्दा बाह्य क्षेत्र सुदृढ बनेको छ । हामीले राष्ट्रको उद्देश्य प्राप्त गर्न र वित्तीय क्षेत्रलाई सुदृढ पार्न र वित्तीय अपराध विरूद्ध लड्न गरिएका निरन्तर प्रयासहरूमा योगदान पुऱ्याउन सधैं नेपाल सरकारसँग सहकार्य गर्ने आकांक्षा राखेका छौं । हाम्रा ग्राहकहरूलाई उनीहरुको निरन्तर निष्ठाका लागि, हाम्रा कर्मचारीहरूलाई उनीहरुको समर्पण, प्रतिबद्धता र चुनौतीपूर्ण समयहरूमा जुझारूपनका लागि र हाम्रा मूल्यवान शेयरधनीहरूलाई वहाँहरुको समर्थन, प्रतिक्रिया र प्रोत्साहनका लागि सञ्चालक समिति धन्यवाद दिन चाहन्छ ।

Consolidated Statement of Profit or Loss For the year ended 32 Ashadh 2082

Particulars	Note	Current Year	Previous Year
Interest income	4.29	8,311,018,433	11,059,118,576
Interest expense	4.30	3,848,768,879	5,925,829,810
Net interest income		**4,462,249,554**	**5,133,288,767**
Fee and commission income	4.31	1,844,889,791	1,647,804,577
Fee and commission expense	4.32	482,555,372	232,017,802
Net fee and commission income		**1,362,334,419**	**1,415,786,775**
Net interest, fee and commission income		**5,824,583,973**	**6,549,075,541**
Net trading income	4.33	721,046,156	679,697,130
Other operating income	4.34	29,079,637	2,202,421
Total operating income		**6,574,709,766**	**7,230,975,093**
Impairment charge/(reversal) for loans and other losses	4.35	(335,296,649)	216,113,502
Net operating income		**6,910,006,415**	**7,014,861,591**
Operating expense			
Personnel expenses	4.36	1,550,284,693	1,597,872,519
Other operating expenses	4.37	534,290,314	553,195,381
Depreciation & Amortisation	4.38	138,674,519	149,756,860
Operating Profit		**4,686,756,890**	**4,714,036,830**
Non operating income	4.39	9,869,152	6,959,127
Non operating expense	4.40	165,739,882	26,388,103
Profit before income tax		**4,530,886,160**	**4,694,607,855**
Income tax expense	4.41	1,518,322,811	1,419,339,446
Current Tax		1,501,878,339	1,419,426,426
Deferred Tax		16,444,472	(86,981)
Profit for the period		**3,012,563,349**	**3,275,268,409**
Profit attributable to:			
Equity holders of the Bank		3,012,563,349	3,275,268,409
Non-controlling interest			
Profit for the period		**3,012,563,349**	**3,275,268,409**
Earnings per share			
Basic earnings per share		30.00	34.73
Diluted earnings per share		30.00	34.73

Consolidated Statement of Financial Position As on 32 Ashadh 2082

Particulars	Note	Current Year	Previous Year
Assets			
Cash and cash equivalent	4.1	43,661,578,299	28,499,220,367
Due from Nepal Rastra Bank	4.2	4,429,936,824	3,750,850,621
Placement with Bank and Financial Institutions	4.3	3,651,996,950	3,091,556
Derivative financial instruments	4.4	5,452,410	701,731
Other trading assets	4.5		
Loan and advances to B/FIs	4.6	14,813,832,277	7,487,457,877
Loans and advances to customers	4.7	72,893,086,343	81,142,516,618
Investment securities	4.8	13,578,328,256	17,833,700,327
Current tax assets	4.9	354,858,747	281,078,804
Investment in subsidiaries	4.10		
Investment in associates	4.11		
Investment property	4.12		
Property and equipment	4.13	378,216,717	465,520,946
Goodwill and Intangible assets	4.14		
Deferred tax assets	4.15	106,553,720	93,664,731
Other assets	4.16	2,005,562,697	1,631,267,746
Total Assets		**155,879,403,240**	**141,189,071,323**
Liabilities			
Due to Bank and Financial Institutions	4.17	2,068,769,064	2,341,882,863
Due to Nepal Rastra Bank	4.18		
Derivative financial instruments	4.19	15,828,882	4,299,741
Deposits from customers	4.20	125,338,847,480	112,483,886,727
Borrowing	4.21	700,000,000	
Current Tax Liabilities	4.9		
Provisions	4.22		
Deferred tax liabilities	4.15		
Other liabilities	4.23	3,559,996,604	3,316,240,410
Debt securities issued	4.24	2,524,615,890	2,523,938,630
Subordinated Liabilities	4.25		
Total liabilities		**134,208,057,921**	**120,670,248,372**
Equity			
Share capital	4.26	10,042,368,398	9,429,453,895
Share premium			
Retained earnings		1,996,365,160	2,461,563,258
Reserves	4.27	9,632,611,762	8,627,805,799
Total equity attributable to equity holders		**21,671,345,319**	**20,518,822,952**
Non-controlling interest			
Total equity		**21,671,345,319**	**20,518,822,952**
Total liabilities and equity		**155,879,403,240**	**141,189,071,323**
Contingent liabilities and commitment	4.28	129,356,342,538	114,782,014,832
Net assets value per share		**215.80**	**217.60**


Consolidated Statement of Other Comprehensive Income For the year ended 32 Ashadh 2082

Particulars	Current Year	Previous Year
Profit for the year	**3,012,563,349**	**3,275,268,409**
Other comprehensive income, net of income tax		
a) Items that will not be reclassified to profit or loss		
Gain/(losses) from investments in equity instruments measured at fair value	44,197,972	(267,323,366)
Gains/(losses) on revaluation		
Actuarial gains/(losses) on defined benefit plans	(141,976,174)	(10,225,275)
Income tax relating to above items	29,333,461	83,264,592
Net other comprehensive income that will not be reclassified to profit or loss	**(68,444,741)**	**(194,284,049)**
b) Items that are or may be reclassified to profit or loss		
Gains/(Losses) on cash flow hedge		
Exchange gains/(losses) (arising from translating financial assets of foreign operation)		
Income tax relating to above items		
Reclassify to profit or loss		
Net other comprehensive income that are or may be reclassified to profit or loss		
c) Share of other comprehensive income of associate accounted as per equity method		
Other comprehensive income for the period, net of income tax	**(68,444,741)**	**(194,284,049)**
Total comprehensive income for the year	**2,944,118,608**	**3,080,984,360**
Total comprehensive income attributable to:		
Equity holders of the Bank	2,944,118,608	3,080,984,360
Non-controlling interest		
Total comprehensive income for the period	**2,944,118,608**	**3,080,984,360**

Consolidated Statement of Cash Flows For the year ended 32 Ashadh 2082

Particulars	Current Year	Previous Year
CASH FLOW FROM OPERATING ACTIVITIES		
Interest received	8,383,817,425	11,587,146,196
Fees and other income received	1,593,329,563	1,686,287,950
Divided received		
Receipts from other operating activities	587,734,234	686,633,376
Interest paid	(3,926,338,864)	(6,399,509,613)
Commission and fees paid	(181,307,929)	(191,729,918)
Cash payment to employees	(1,355,782,824)	(1,530,296,537)
Other expense paid	(540,153,199)	(541,379,044)
Operating cash flows before changes in operating assets and liabilities	**4,561,298,405**	**5,297,152,410**
(Increase)/Decrease in operating assets	**(3,304,374,994)**	**12,220,788,594**
Due from Nepal Rastra Bank	(679,086,203)	281,293,806
Placement with bank and financial institutions	(3,648,905,394)	6,937,273,620
Other trading assets	(4,750,679)	7,480,286
Loan and advances to bank and financial institutions	(7,385,164,400)	9,467,999,353
Loans and advances to customers	8,626,398,221	(3,678,936,905)
Other assets	(212,866,539)	(794,321,567)
Increase/(Decrease) in operating liabilities	**13,227,548,463**	**(9,748,297,595)**
Due to bank and financial institutions	(273,113,799)	(2,650,412,476)
Due to Nepal Rastra Bank		
Deposit from customers	12,854,960,753	(5,017,090,693)
Borrowings	700,000,000	(2,630,600,000)
Other liabilities	(54,298,492)	549,805,573
Net cash flow from operating activities before tax paid	**14,484,471,874**	**7,769,643,408**
Income taxes paid	(1,575,658,282)	(2,461,257,152)
Net cash flow from operating activities	**12,908,813,593**	**5,308,386,256**
CASH FLOW FROM INVESTING ACTIVITIES		
Purchase of investment securities		
Receipts from sale of investment securities	4,299,570,043	8,261,104,550
Purchase of property and equipment	(51,370,290)	(46,783,497)
Receipt from the sale of property and equipment	815,555	
Purchase of intangible assets		
Receipt from the sale of intangible assets		
Purchase of investment properties		
Receipt from the sale of investment properties		
Interest received		
Dividend received	1,466,819	2,933,637
Net cash used in investing activities	**4,250,482,126**	**8,217,254,690**
CASH FLOW FROM FINANCING ACTIVITIES		
Receipt from issue of debt securities		
Repayment of debt securities		
Receipt from issue of subordinated liabilities		
Repayment of subordinated liabilities		
Receipt from issue of shares		
Dividends paid	(1,771,772,204)	(1,769,757,812)
Interest paid	(246,522,740)	(217,129,644)
Other receipt/payment		
Net cash from financing activities	**(2,018,294,944)**	**(1,986,887,456)**
Net increase (decrease) in cash and cash equivalents	**15,141,000,775**	**11,538,753,490**
Cash and cash equivalents at Shrawan 1	28,499,220,367	16,961,548,093
Effect of exchange rate fluctuations on cash and cash equivalents held	21,357,158	(1,081,216)
Cash and cash equivalents at Ashadh end	**43,661,578,299**	**28,499,220,367**

आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन



सहकारीका ठुला बचतकर्ताका कारण रोकियो एक लाखसम्मको बचत फिर्ता गर्ने योजना

एक लाख रुपैयाँभन्दा धेरै बचत डुबाएका पीडितले अवरोध गरेपछि सरकारी योजना बिचमै स्थगित

● **डा. खगराज शर्मा**, अध्यक्ष
सहकारी नियमन प्राधिकरण



बचतकर्ताको पाँच लाखसम्मका बचत रकम रकम फिर्ता गर्ने ऐनमै व्यवस्था छ। हालका लागि त्यति नसकिने देखियो। त्यसो हुँदा पहिलो चरणमा समस्याग्रस्त घोषणा भएकाहरूका एक लाखसम्म डुबाएको बचतकर्ताको रकम फिर्ता गरेर काम सुरु गरौं भन्ने भयो। त्यसका लागि तथ्यांक संकलन भयो। अर्थ मन्त्रालयले एक अर्ब ८३ करोड दिने भन्यो।



टेकराज थामी/नयाँ पत्रिका

सहकारीमा एक लाख रुपैयाँसम्म बचत डुबाएका बचतकर्तालाई रकम फिर्ता गर्ने सरकारको योजना बचतकर्ताकै अवरोधपछि स्थगित भएको छ। एक लाख रुपैयाँभन्दा धेरै बचत डुबाएका पीडितहरूले अवरोध गरेपछि सरकारको योजना बिचमै स्थगित भएको हो।

सरकारले राष्ट्रिय सहकारी नियमन प्राधिकरणमार्फत पहिलो चरणमा समस्याग्रस्त घोषणा भएका सहकारीको एक लाख रुपैयाँसम्मका बचतकर्ताको रकम फिर्ता गर्ने तयारी गरेको थियो। यसका लागि प्राधिकरणले सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको समन्वयमा पीडितको तथ्यांक संकलन गरेको थियो। सोही आधारमा अर्थ मन्त्रालयले पछि शोधभर्ना हुने सर्तमा एक अर्ब ८३ करोड रुपैयाँ 'सिडमनी'का रूपमा प्राधिकरणको कोषमा हालिदिने भनेको थियो।

तर, एक लाख रुपैयाँभन्दा धेरै बचत डुबाएका पीडितले विरोध गरेपछि सम्पूर्ण प्रक्रिया स्थगित गरिएको छ। प्राधिकरणका अध्यक्ष डा. खगराज शर्माले एक लाख रुपैयाँसम्म बचत डुबाएका बचतकर्तालाई रकम फिर्ता गर्ने सरकारको तयारी हालका लागि स्थगित भएको बताए। 'बचतकर्ताको पाँच लाख रुपैयाँसम्मका बचत रकम रकम फिर्ता गर्ने ऐनमै व्यवस्था छ। हालका लागि त्यति नसकिने देखियो। त्यसो हुँदा पहिलो चरणमा समस्याग्रस्त घोषणा भएकाहरूका एक लाख रुपैयाँसम्म डुबाएको बचतकर्ताको रकम फिर्ता गरेर काम सुरु गरौं भन्ने भयो। त्यसका लागि तथ्यांक संकलन भयो। अर्थ मन्त्रालयले एक अर्ब ८३ करोड रुपैयाँ दिने भन्यो। तर, पीडित साथीहरूले विरोध गरेपछि हालका लागि यो योजना स्थगित गरिएको छ,' उनले भने।

प्राधिकरणका अनुसार संघमा समस्याग्रस्त घोषणा भएका सहकारीका मात्रै एक लाख रुपैयाँसम्मका ३४ हजार बचतकर्ता छन्। उनीहरूको मात्रै रकम फिर्ता गर्न सकिए समस्याग्रस्त घोषणा भएका ५४.१७ प्रतिशत बचतकर्ताको समस्या समाधान हुने थियो। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कात्तिक मसान्तसम्मको तथ्यांकअनुसार समस्याग्रस्त घोषणा भएका २३ सहकारीमा पीडित बचतकर्ता मात्रै ६२ हजार ७६० (यमुना आइडल सहकारी थपिएपछि) पुगेको छ। उनीहरूको सहकारीले ३९ अर्ब ९३ करोड ५६ लाख ६६ हजार ७१० रुपैयाँ बचत रकम डुबाएको छ।

तर, एक लाख रुपैयाँभन्दा धेरै बचत डुबाएका पीडितले अवरोध गरेपछि समस्याग्रस्त घोषणा भएका ३४ हजार पीडितको बचत फिर्ता योजना स्थगित हुन पुगेको छ। व्यवस्थापन समितिका अध्यक्ष श्रीमणकुमार गौतमले एक लाख रुपैयाँसम्मका बचतकर्ताको रकम फिर्ता गर्न सकिएको भए संघमा समस्याग्रस्त घोषणा भएका आधाभन्दा धेरै बचतकर्ताको समस्या समाधान हुने बताए। 'सरकारले चालू आर्थिक वर्षको बजेटमै सहकारीपीडितको रकम फिर्ता गर्न 'सिडमनी'का रूपमा बजेट विनियोजन गर्ने भनेको छ। सोहीअनुसार हामीले योजना बनायौं। पहिलो चरणमा समस्याग्रस्त घोषणा भएका र त्यसमा पनि एक लाखसम्म बचत रहेकाहरूको रकम फिर्ता गर्ने निर्णय भयो। अर्थ मन्त्रालयले बजेट पनि दिने भन्यो। तर, पछि यो योजना बिचमै रोकियो भन्ने सुनें। यो गलत भयो,' उनले भने।

प्राधिकरणका अनुसार सहकारी तथा वित्तीय समस्या समाधान राष्ट्रिय अभियान महासंघको विरोधपछि रकम फिर्ता गर्ने योजना स्थगित हुन पुगेको हो। एक लाखसम्मका बचतकर्तालाई मात्रै बचत फिर्ता गरे आन्दोलन गर्ने भनेपछि योजना रोकिन पुगेको नियमन प्राधिकरणका अध्यक्ष डा. शर्माले बताए। 'बचत रकम प्राधिकरणमार्फत वितरण गर्ने योजनाअनुसार प्रस्ताव अघि बढ्यो। तर, महासंघ विरोधमा उत्रियो। एक लाख रुपैयाँसम्मका बचतकर्तालाई मात्रै रकम फिर्ता गर्ने हो भने आन्दोलन गर्नेसम्मको चेतावनीपछि योजना स्थगित हुन पुग्यो,' उनले भने।

महासंघको भने यस विषयमा फरक धारणा छ। सहकारीबाट पीडित हुने एक लाखसम्मका भन्दा पनि त्यसभन्दा धेरै बचत डुबाउने बढी पीडित भएको महासंघको दाबी छ। महासंघका अध्यक्ष कुशलभ केसीले एक लाख रुपैयाँसम्म डुबाउनेहरूको बढीमा डेड वर्षसम्मको कमाइ डुबेको, तर एक लाखभन्दा धेरै रकम डुबाउनेले जीवनभरको कमाइ डुबाएको बताए। त्यसो हुँदा रकम वितरण गर्ने योजनाका विरोध गरेको उनको भनाइ छ।

'हिसाब गर्दा एक लाखसम्म बचत डुबाउनहरूको कमाइ बढीमा डेढ वर्षको जति हुन आउँछ। जसमा मकै पोल्ने, ज्यामी काम गर्नेजस्ता बढी छन्। तर, जसले एक लाखदेखि एक करोडसम्मको बचत डुबाएका छन्, उनीहरूको त्यो जीवनभरको कमाइ हो नि। मकै पोल्ने र ज्यामी काम गर्नेहरूले कामै गरेर जीवन धानिरहेका छन्। उनीहरूलाई अप्ठ्यारो छैन। तर, जसले जीवनभरको कमाइ डुबाए, उनीहरूको उठीवास लागेको छ। त्यसो हुँदा पीडा उनीहरूलाई धेरै छ। त्यसो हुँदा रकम बाँड्ने नै हो भने सबैलाई बाँडौं। कसैलाई बाँड्ने र कसैलाई नबाँड्ने गर्दा भन् विभेद हुन्छ। यो न्यायोचित हुन्न भनेर हामीले रोकेका हौं,' उनले भने।

सहकारी नियमन प्राधिकरण गठनपछि पनि बचतकर्ताले डुबेको पैसा पाएनन्

सरकारले १४ पुस ०८१ मा जारी गरेको अध्यादेशमा प्राधिकरण गठनपछि सहकारीपीडितको बचत रकम फिर्ता हुने भनेको थियो। त्यसलगत्तै ७ माघ ०८१ को मन्त्रिपरिषद् बैठकले सहकारी नियमन प्राधिकरण गठन गरेको थियो। १५ माघमा ललितपुरको पुलचोकस्थित साबिकको राष्ट्रिय सहकारी विकास बोर्डमा प्राधिकरणको कार्यालय स्थापना गरियो। प्राधिकरणको पहिलो जिम्मेवारी सहकारीका बचतकर्ताको डुबेको रकम फिर्ता गर्नु थियो। तर, हालसम्म पनि प्राधिकरणले कुनै पीडितको रकम फिर्ता गर्न सकेको छैन।

तत्कालीन सांसद सूर्य थापा नेतृत्वको संसदीय छानबिन विशेष समितिले ३० भदौ ०८१ मा तीन महिनाभित्र सहकारी प्राधिकरण गठन गरेर पाँच लाख रुपैयाँसम्मका साना बचतकर्ताको रकम तत्काल फिर्ताका लागि आन्तरिक ऋण प्रवाह गर्न सरकारलाई निर्देशन दिएको थियो। यसका लागि सरकारको जमानीमा आन्तरिक ऋणपत्र जारी गर्ने र नवगठित 'राष्ट्रिय सहकारी नियमन प्राधिकरण'मा बचत फिर्ता गर्ने भनिएको थियो।

पाँच लाख रुपैयाँसम्मका बचतकर्ताको रकम भुक्तानी गर्ने सम्बन्धमा अध्यादेशको दफा १०८ को उपदफा १ मा भनिएको छ, 'समस्याग्रस्त घोषणा भएका सहकारी संस्थाको सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँसम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नुपर्नेछ।' त्यस्तै, पाँच लाख रुपैयाँभन्दा धेरै बचतकर्ताको रकम फिर्ता गर्ने सन्दर्भमा भने सहकारीको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो बिक्री गरी प्राप्त भएको रकले फिर्ता गर्ने भनिएको छ।

'सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँभन्दा बढी बचतको हकमा सम्बन्धित संस्थाले एकैपटक भुक्तानी गर्ने अवस्था नभएमा मापदण्ड बनाई सदस्यको बचत रकम आनुपातिक रूपमा भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ। बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि सहकारी संस्था वा दफा १०५ बमोजिमको व्यवस्थापन समितिले त्यस्तो संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्न सक्नेछ,' अध्यादेशको दफा १०८ को उपदफा २ र ३ मा भनिएको छ। मुलुकभरका ३५७ सहकारीका १४ लाख बचतकर्ता संकटमा छन्। उनीहरूको दुई खर्ब ७५ अर्ब रकम अपचलन भएको राष्ट्रिय अभियान महासंघका केन्द्रीय समितिको दाबी छ।

निर्वाचनमा युवालाई धेरैभन्दा धेरै अवसर दिन्छौं : प्रचण्ड

नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले निर्वाचनमा धेरैभन्दा धेरै युवालाई अवसर दिने बताएका छन्। पार्टी कार्यालय पेरिसडाँडामा शनिबार आयोजित 'जेन-जीसँग नेकपा' कार्यक्रममा उनले जेन-जी आन्दोलनपछि थप ऊर्जा प्राप्त भएको बताए। जेन-जीका विचार, एजेन्डा र शक्तिलाई एकसाथ अघि बढाएर विजयी गराउनुपर्ने उनको भनाइ छ।

युवाहरूलाई वैचारिक, राजनीतिक, भावनात्मक रूपमा नयाँ नेपालको नयाँ नेतृत्वका रूपमा तयार पार्ने उनले बताए। जेनजी पुस्ताले सुशासनका लागि लिएको पहलकदमीले देशलाई नयाँ चेतनातर्फ अघि बढ्न उत्प्रेरित र बाध्य पारेको उनको दाबी छ। उनले युवालाई पार्टी र आगामी निर्वाचनमा स्थान दिँदै जाने पनि बताए।

'अब तपाईंहरूलाई जिम्मेवारी सुम्पिने हो, यो संकल्प हामीले गर्नुपर्छ र नयाँ नेपालको सपना हामीले देख्नुपर्छ,' उनले भने, 'जेन-जी युवाहरूले उठाएका माग सही छन्। आन्दोलनको उद्देश्य सही छ। हामी पार्टी र निर्वाचनमा युवालाई धेरैभन्दा धेरै अवसर दिनेछौं।'



प्रचण्डले वैचारिक, सांस्कृतिक रूपमा युवा पुस्तालाई जिम्मेवारी सुम्पिँदै जाने बताए। सरकार र संसद्बाट विगतमा सुशासन, सामाजिक न्याय र सुशासनको पक्षमा लडाइँ लडेको भन्दै उनले जेन-जीका माग र भावना पनि त्यही भएको दाबी गरे। जेन-जी आन्दोलनले नयाँ परिस्थिति निर्माण गरेको पनि उनले बताए। जेन-जीको माग र आफूहरूको माग समाज भए पनि विगतमा पर्याप्त काम गर्न नसकेकोमा आत्मसमीक्षा गर्दै अगाडि बढ्ने उनको भनाइ थियो।

'जेन-जी र हाम्रा मागमा देखिएका समानता र विगतमा हामीबाट भएका गल्ती कमजोरी स्वीकार गर्ने, आत्मसमीक्षा गर्ने र युवाहरूको भावनाअनुसार आफैंलाई बदल्ने र नयाँ ढंगले नेपाल निर्माण गर्ने संकल्प गर्ने परिस्थिति बनेको छ। झन्डै एक हजार जेनजी पुस्ताका युवाहरूलाई पार्टीमा स्वागत गर्दैगर्दा विगतलाई स्मरण गर्नैतिर मेरो मन गयो। १६ वर्ष पुगेपछि म पार्टीमा कसरी जोडिएँ ? २७ वर्षको उमेरमा युवक संघको अध्यक्ष कसरी भएँ ? ३५ वर्ष पुगेपछि पार्टीको प्रमुख नेता कसरी भएँ ? युवाहरूलाई नै लिएर मैले जनयुद्धको तयारी कसरी गरैं ? जनयुद्ध र जनआन्दोलन मिलेर नेपालमा कसरी संविधान सभा र लोकतान्त्रिक गणतन्त्र आयो ? यो देशका महिला, दलित, आदिवासी, जनजाति, थारु, मुस्लिम, मधेसीलगायत सबै उत्पीडित वर्ग, समुदायले समावेशिता कसरी प्राप्त गरिराखे ?' प्रचण्डले भने।

नेकपाले आगामी २१ फागुनको निर्वाचनका लागि निर्वाचन अयोगमा दल दर्ता गरिसकेको छ। तत्कालीन माओवादी, एकीकृत समाजवादीलगायत १० वाम मिलेर गत १९ कात्तिकमा नेपाली कम्युनिस्ट पार्टी गठन भएको थियो। नेकपाको चुनाव चिह्न पाँचकुने तारा राखिएको छ। नेकपाले आयोगले निर्वाचन प्रयोजनका लागि दल दर्ताको आह्वान गरेको पहिलो दिन नै १ मंसिरमा दर्ता गरेको नेकपा नेता राजेन्द्र पाण्डेले जानकारी दिए।

फरार भएका कैदी नै कारागारको चौकीदार

नयाँ पत्रिका

कपिलवस्तुको तौलिहवास्थित कारागारमा गत २३-२४ भदौको जेन-जी आन्दोलनमा फरार भएका कैदीलाई नै चौकीदार नियुक्त गरेको खुलेको छ। तौलिहवा कारागार प्रशासनका अनुसार जेल प्रशासनले जबर्जस्ती करणी कसुरका सद्दाम हुसेन मुसलमानलाई चौकीदारमा नियुक्त गरेको हो। उनी २४ भदौमा कारागारबाट फरार भएका थिए। कारागार प्रशासनको चेतावनीपछि उनी कारागार फिर्ता भएका थिए। फरार हुनुअघि उनी नै चौकीदार थिए।

तौलिहवा कारागारका जेलर दलबहादुर बस्नेतले घटना सम्बन्धमा बुझेर मात्रै जानकारी दिन सकिने बताए। 'सद्दाम हुसेन २४ भदौको जेन-जी आन्दोलनका क्रममा फरार भएका थिए। पछि उनी आफैं फर्किए। त्यसअघि उनी चौकीदार थिए। अहिले उनी कैदमै छन्। तर, उनी हाल पनि चौकीदार रहे-नरहेको बुझेर मात्रै भन्न सक्छु,' उनले भने। कारागार प्रशासनका अनुसार उनी ब्लक 'बी'को चौकीदार हुन्। नियमअनुसार कारागारबाट फरार भएका कैदीलाई चौकीदार नियुक्त गर्न मिल्दैन। हुसेनअघि कारागारमा दामोदर थारू चौधरी चौकीदार थिए। जबर्जस्ती करणी कसुरका उनकै चलखेलपछि हुसेनलाई फरारपछि पनि पुनः चौकीदार नियुक्त गरिएको हो। हुसेनले चौधरीकै निर्देशनअनुसार अहिले काम गर्दै आएका छन्। कानुनअनुसार कारागारको आन्तरिक प्रशासनमा एक कैदी एकपटक मात्रै चौकीदार हुन पाउँछ। जसको करार अवधि वर्ष दिन तोकिएको छ। दोस्रोपटक आफू चौकीदार हुन नसक्ने भएपछि चौधरीले हुसेनलाई पुनः चौकीदारमा नियुक्त गर्न लगाएको प्रशासनको दाबी छ। कारागारमा २४ भदौअघि ४५० कैदीबन्दी थिए, त्यसमध्ये १२८ कैदीबन्दी अझै जेल फर्केका छैनन्।

कूल पुजा सम्बन्धि सूचना

यस समितिले प्रत्येक २-२ वर्षमा गर्ने गरेको सापकोटा वन्धुहरुको कुलपुजा यहि मिति २०८२/८/९ गते मंगलवार विवाह पंचमीको दिन कुलदेवी मन्दिर जगडोल काठमाण्डौमा गरिने भएकोले सवै सापकोटा वन्धुहरुलाई उपर्स्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

सापकोटा कल्याण केन्द्र
जगडोल विन्ध्यवासिनि मन्दिर संचालन तथा व्यवस्थापन समिति
जगडोल, काठमाडौं, सम्पर्क:५८४१३३००५०/५८५११४८१७७

Consolidated Statement of changes in Equity For the year ended 32 Ashadh 2082

Particulars	Attributable to equity holders of the Bank											
	Share Capital	Share premium	General reserve	Exchange equalisation reserve	Regulatory reserve	Fair value reserve	Revaluation Reserve	Retained earning	Other reserve	Total	Non-controlling interest	Total equity
Balance at Shrawan 1, 2080	9,429,453,895		5,928,258,625	542,010,057	836,790,226	351,142,780		2,710,555,600	344,479,629	20,142,690,811		20,142,690,811
Adjustment/Restatement								(913,255,980)		(913,255,980)		(913,255,980)
Adjusted/Restated balance at Shrawan 1, 2080	**9,429,453,895**		**5,928,258,625**	**542,010,057**	**836,790,226**	**351,142,780**		**1,797,299,620**	**344,479,629**	**19,229,434,831**		**19,229,434,831**
Comprehensive income for the year												
Profit for the year								**3,275,268,409**		**3,275,268,409**		**3,275,268,409**
Other comprehensive income, net of tax												
Gain/(losses) from investments in equity instruments measured at fair value						(187,126,357)				(187,126,357)		(187,126,357)
Gains/(losses) on revaluation												
Actuarial gains/(losses) on defined benefit plans									(7,157,693)	(7,157,693)		(7,157,693)
Gains/(losses) on cash flow hedge												
Exchange gains/(losses) (arising from translating financial assets of foreign operation)												
Total comprehensive income for the year						**(187,126,357)**		**3,275,268,409**	**(7,157,693)**	**3,080,984,360**		**3,080,984,360**
Transfer to reserve during the year			**655,053,682**					**(1,167,806,366)**	**512,752,684**			
Transfer from reserve during the year					**(313,744,535)**			**348,397,835**	**(34,653,300)**			
Transactions with owners, directly recognised in equity												
Share issued												
Share based payments												
Dividends to equity holders												
Bonus shares issued												
Cash dividend paid								(1,791,596,240)		(1,791,596,240)		(1,791,596,240)
Others												
Total contributions by and distributions								**(1,791,596,240)**		**(1,791,596,240)**		**(1,791,596,240)**
Balance at Ashadh end 2081	**9,429,453,895**		**6,583,312,307**	**542,010,057**	**523,045,691**	**164,016,423**		**2,461,563,258**	**815,421,321**	**20,518,822,952**		**20,518,822,952**
Balance at 1 Shrawan 2081	9,429,453,895		6,583,312,307	542,010,057	523,045,691	164,016,423		2,461,563,258	815,421,321	20,518,822,952		20,518,822,952
Adjustment/Restatement												
Adjusted/Restated balance at 1 Shrawan 2081	**9,429,453,895**		**6,583,312,307**	**542,010,057**	**523,045,691**	**164,016,423**		**2,461,563,258**	**815,421,321**	**20,518,822,952**		**20,518,822,952**
Comprehensive income for the year												
Profit for the year								**3,012,563,349**		**3,012,563,349**		**3,012,563,349**
Other comprehensive income, net of tax												
Gain/(losses) from investments in equity instruments measured at fair value						30,938,580				30,938,580		30,938,580
Gains/(losses) on revaluation												
Actuarial gains/(losses) on defined benefit plans									(99,383,322)	(99,383,322)		(99,383,322)
Gains/(losses) on cash flow hedge												
Exchange gains/(losses) (arising from translating financial assets of foreign operation)												
Total comprehensive income for the year						**30,938,580**		**3,012,563,349**	**(99,383,322)**	**2,944,118,608**		**2,944,118,608**
Transfer to reserve during the year			**602,512,670**	**5,339,289**				**(1,127,574,876)**	**519,722,917**			
Transfer from reserve during the year					**(21,571,488)**			**54,324,172**	**(32,752,684)**			
Transactions with owners, directly recognised in equity												
Share issued												
Share based payments												
Dividends to equity holders												
Bonus shares issued	612,914,503							(612,914,503)				
Cash dividend paid								(1,791,596,240)		(1,791,596,240)		(1,791,596,240)
Others												
Total contributions by and distributions	**612,914,503**							(2,404,510,743)		(1,791,596,240)		(1,791,596,240)
Balance at Ashadh end 2082	**10,042,368,398**		**7,185,824,977**	**547,349,347**	**501,474,203**	**194,955,004**		**1,996,365,160**	**1,203,008,231**	**21,671,345,319**		**21,671,345,319**

गम्भीर संकटको पूर्वसंकेत

दलले आफ्ना शान्तिपूर्ण गतिविधि गर्न पाउने अधिकारलाई संकुचित गर्ने गैरसंवैधानिक कार्यले आगामी निर्वाचन शंकाको घेरामा परेको छ



● डा. दिपेश घिमिरे

अग्रलेख

आगामी २१ फागुनका लागि आमनिर्वाचनको मिति तोकिएको छ। तर, देशमा राजनीतिक अस्थिरता र अविश्वास पुनः बढ्न थालेको छ। लोकतान्त्रिक अभ्यासको मेरुदण्डका रूपमा लिइने स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि राजनीतिक दलहरूले स्वतन्त्र रूपमा गतिविधि सञ्चालन गर्न पाउनु लोकतन्त्रको आधारभूत पूर्वसर्त हो। अझ नेपालको संविधानले बहुलवादलाई आफ्नो मूल मर्मका रूपमा स्विकारेको छ। जसको अर्थ फरक विचार, आस्था, दृष्टिकोण, उमेर, जात, धर्म, लिंग, क्षेत्र आदिलाई समान रूपमा लिइन्छ भन्ने हो। यस्ता विविधताका आधारमा कुनै पनि भेदभाव गर्न पाइँदैन। साथै, नेपालले बहुदलीय व्यवस्था अवलम्बन गरेको छ। यसको अर्थ जसरी जेन-जी पुस्ता पार्टी खोलेर राजनीति गर्न स्वतन्त्र छन्, त्यसैगरी वृद्धवृद्धा पनि वृद्ध दल खोलेर राजनीति गर्न स्वतन्त्र छन्। यस्तो अवस्थामा हरेक दलले आफ्नो राजनीतिक गतिविधि गर्न पाउने अधिकारलाई संकुचित गर्नु गैरसंवैधानिक कार्य हो। तर, हालका केही घटनाक्रमले लोकतन्त्रको यो आधारभूत पूर्वसर्तसमेत कमजोर बन्दै गइरहेको त होइन भन्ने आशंका उब्जाइदिएको छ। बाराको सिमरामा ३ र ४ मंसिरमा जेन-जी समूहद्वारा राजनीतिक दलका गतिविधिविरुद्ध गरिएको आन्दोलनले गम्भीर स्थितिको संकेत गर्छ। राजनीतिक कार्यक्रममा रोक लागाउने प्रयासले आगामी निर्वाचन शंकाको घेरामा परेको छ।

लोकतन्त्रमा निर्वाचन भनेको केवल सत्ता हस्तान्तरणका लागि हुने प्रतिस्पर्धा मात्र होइन। यो त आमनागरिकले आफ्नो भविष्य, आशा, आकांक्षा र चाहना अभिव्यक्त गर्ने संसारकै सबैभन्दा महत्त्वपूर्ण अवसर पनि हो। तर, नेपालमा अहिले देखिएको राजनीतिक वातावरणले आउँदै गरेको २१ फागुनको निर्वाचन अवसरभन्दा पनि बढी जोखिम, तनाव, अवरोध र अस्थिरताका संकेत देखाउँछ। राजनीतिक गतिविधि स्वतन्त्र रूपमा सञ्चालन हुन नसक्नु, आन्दोलनका नाममा धम्की र अवरोध सिर्जना हुनु तथा राजनीतिक दलका गतिविधि सञ्चालनमा समस्या देखा पर्नुले देशको लोकतन्त्रको आसन्न संकटलाई संकेत गर्छ।


यही ३ र ४ मंसिरमा बाराको सिमरामा भएको जेन-जीको प्रदर्शन र दंगा एक स्थानीय घटना मात्र होइन, यसले राजनीतिक दलहरूको कार्यक्रम सञ्चालनमा अवरोध गर्ने, प्रचारप्रसार रोक्ने तथा नागरिकमा डरत्रास फैलाउने प्रवृत्तिको संकेत गर्छ। राजनीतिक दललाई नागरिकबिच जान नदिनु, कार्यक्रम गर्नबाट रोक्नु तथा शान्तिपूर्ण रूपमा भेला हुन नदिनुले निर्वाचन प्रक्रियामै अविश्वास पैदा गर्छ। यस्तो वातावरणले स्वतन्त्र राजनीतिक प्रतिस्पर्धालाई रोक्छ र लोकतन्त्रलाई कमजोर बनाउँछ। परिणामतः निर्वाचनको वैधतामाथि नै प्रश्न उठ्छ।

२३ र २४ भदौका आन्दोलनकारी जेन-जीले आफ्नो असन्तुष्टि जनाउनु एक हदसम्म स्वाभाविकै हो, तर त्यसलाई निर्वाचन नै अवरोध गर्ने गरी प्रयोग गरिनु भनेको लोकतान्त्रिक मूल्य तथा मान्यताको गम्भीर उल्लंघन हो। निर्वाचनको वातावरण बिगार्ने यस किसिमका कार्य र प्रवृत्तिले दीर्घकालीन रूपमा राज्य संरचनालाई नै कमजोर बनाउँछ।

यतिखेर सबैभन्दा चिन्ताको विषय मूलतः एमालेका केही शीर्ष नेताका सार्वजनिक अभिव्यक्ति हुन्। कसैको अवरोध भएमा तत्काल प्रतिकार गर्नु भन्नेजस्ता गैरजिम्मेवार अभिव्यक्तिले थप डरलाग्दो आगतको संकेत गर्छ। राजनीतिक प्रतिस्पर्धा विचार र नीतिको हुन्छ, आक्रमण वा प्रत्याक्रमणमा होइन भन्ने जिम्मेवार दलका नेताले नबुझेका होइनन्। नेतृत्वको उक्साहटपूर्ण भाषण र वक्तव्यबाजीले समाजमा विभाजन ल्याउँछ, कार्यकर्तालाई हिंसामा धकेल्छ, जेन-जी आन्दोलनका कारण ट्रयाकबाहिर गएको राजनीतिलाई सही ट्रयाकमा फर्किन अवरोध सिर्जना गर्छ।

जिम्मेवार दलका शीर्ष नेताले दिने हरेक अभिव्यक्ति लोकतन्त्रमा नीति निर्देशन नै हो। त्यसैले शीर्ष नेताका अभिव्यक्तिमा संयम, कानुनी शासनप्रतिको सम्मान र जिम्मेवारी झल्किनुपर्छ। तर, अहिलेको अवस्थामा त्यसको अभाव देखिन्छ। यसले देशलाई थप गलत दिशातर्फ धकेल्ने संकेत गर्छ।

यसरी हेर्दा यतिवेला जेन-जी आन्दोलनकारी र राजनीतिक दल दुवै आफ्नो दायित्व, जिम्मेवारी र भूमिकाबाट विमुख हुन पुगेका देखिन्छन्। जेन-जी आन्दोलनकारीले आफ्नै सिफारिसमा सरकार बनेको यथार्थ बिर्सिएजस्तै देखिन्छ। सरकारमा हुँदा आफूले समाधान गर्नुपर्ने मुद्दालाई सडकमा ल्याएर आन्दोलन गर्नु र निर्वाचनको माहोल बिगार्न खोज्नु आफैंमा विरोधाभासपूर्ण व्यवहार हो। यसैगरी, प्रतिकारको भाषा बोल्ने नेताहरूले पनि विगतमा शान्ति सुरक्षा सुनिश्चित गर्न नसकेर सरकार गुमाउनुपरेको घटना बिर्सिएजस्तो देखिन्छ। राजनीतिक नेतृत्व र जेन-जी आन्दोलनकारी दुवैले आफ्नो जिम्मेवारी, दायित्व, तथा भूमिकाबाट विमुख भई गैरजिम्मेवार ढंगले देशलाई अनावश्यक तनावतर्फ धकेलिरहेको देखिनु चिन्ताको विषय हो।



यस्तो अवस्थामा पनि राज्य संयन्त्र निष्क्रिय देखिन्छ, जसले शान्ति सुरक्षामा जोखिम बढाएको छ। सरकारको मुख्य दायित्व भनेको सुरक्षित र स्वतन्त्र वातावरण तयार गरी २१ फागुनका लागि तोकिएको निर्वाचन सम्पन्न गर्नु रहेको छ। तर, अहिले राज्य संयन्त्र आफ्नो जिम्मेवारी पूरा गर्नबाट च्युत भइरहेजस्तो प्रतीत हुन्छ। राज्य संयन्त्र स्वयं अविश्वास, असुरक्षा र अनिश्चितताले ग्रस्तझैं देखिन्छ। २४ भदौको विध्वंसात्मक घटनापछि सुरक्षा निकाय, मूलतः नेपाल प्रहरीको मनोबल उठ्न सकेको छैन। अहिलेकै अवस्थामा नेपाल प्रहरीले शान्ति सुरक्षाका लागि आवश्यक हस्तक्षेप र व्यवस्थापन प्रभावकारी ढंगबाट गर्न सक्ने अवस्था देखिँदैन। अर्कातर्फ राजनीतिक तनाव बढ्नेबित्तिकै राज्य संयन्त्रहरू मौन रहने वा कमजोर देखिने प्रवृत्ति लोकतान्त्रिक शासन व्यवस्थाका लागि ठुलो खतराको संकेत हो।

> नेतृत्वको उक्साहटपूर्ण भाषण र वक्तव्यबाजीले समाजमा विभाजन ल्याउँछ, कार्यकर्तालाई हिंसामा धकेल्छ, जेन-जी आन्दोलनका कारण ट्रयाकबाहिर गएको राजनीतिलाई सही ट्रयाकमा फर्काउने कार्यमा अवरोध सिर्जना गर्छ

यस अवस्थामा हाल नागरिकलाई नागरिकसँग भिडाउने खतरनाक खेलको रिहर्सल त भइरहेको होइन भन्ने आशंकासमेत सिर्जना भएको छ। इतिहास हेर्ने हो भने फासीवादी शासन यस्तै विभाजनबाटै सुरु भएका देखिन्छन्। आफ्नै देश वा समाजभित्रै शत्रु सिर्जना गर्दै सामान्य नागरिकलाई राजनीतिक हतियार बनाएर एक-अर्कामा भिड्न र लड्न अग्रसर गराउने प्रवृत्ति फासीवादी प्रवृत्तिको संकेत हो। भिडलाई भावनात्मक रूपमा उक्साउँदै एक-आपसमा लड्न र भिड्न उत्प्रेरित गर्ने राजनीतिक पद्धतिले कालान्तरमा फासीवादी प्रवृत्तिलाई प्रवर्द्धन गर्छ। यस्तो प्रवृत्तिले सामाजिक सद्भाव मात्र बिगार्दैन, बरु राज्यलाई दीर्घकालमा विभाजित गर्दै कमजोर बनाउँछ। नेपालमा हाल देखिएको भाषिक आक्रामकता, समाजभित्रै शत्रु सिर्जना गर्ने प्रवृत्ति, उक्साहट तथा द्वेषपूर्ण राजनीतिक शैली फासीवादी प्रवृत्तिका प्रारम्भिक लक्षणसँग मिल्दाजुल्दा देखिन्छन्। यो लोकतन्त्र तथा समग्र देशकै लागि डरलाग्दो छ।

यस किसिमका गतिविधि निरन्तर बढ्दै गए भने निर्वाचनको वातावरण नै जोखिममा पुग्छ। स्वतन्त्र र निष्पक्ष निर्वाचन असम्भव हुन्छ। धम्की, दबाब तथा हिंसाको जोखिम अझ बढेर जान्छ। यदि निर्वाचन भइहाल्यो भने पनि मतदातामा भय सिर्जना भएर मतदान प्रतिशत घट्छ र निर्वाचनको नतिजाको वैधतामै प्रश्न उठ्छ। समग्रमा यसले देश पुनः अस्थिरता र द्वन्द्वको डरलाग्दो दुश्चक्रमा फस्न सक्छ।

राजनीतिक तथा निर्वाचनमा हुन सक्ने अवरोधले मूलतः देशका पाँचवटा क्षेत्रलाई प्रत्यक्ष रूपमा गम्भीर असर पार्छ। पहिलो- राजनीतिक स्थिरतामा असर पार्छ। बारम्बारको अव्यवस्था र हिंसाले अस्थिरता निम्त्याउँछ। दोस्रो- लगानी, पर्यटन, व्यापारलगायत सम्पूर्ण आर्थिक गतिविधिमा नकारात्मक असर पुऱ्याउँछ। तेस्रो- सामाजिक सद्भाव बिथोलिन्छ। एकपटक बिग्रेको सद्भाव पुनर्स्थापित गर्न वर्षौं लाग्न सक्छ। चौथो- राज्यका संस्थाले जनविश्वास गुमाउँछन्। पाँचौं- लोकतन्त्र कमजोर भई औपचारिकतामा मात्र सीमित हुँदा देश झनै गम्भीर संवैधानिक संकटमा फस्न पुग्छ।

अब के गर्ने त ? : नेपाल अहिले अत्यन्तै संवेदनशील मोडमा पुगेको छ। अवरोध, अस्थिरता, उक्साहटपूर्ण अभिव्यक्ति, नागरिक नागरिक भिडन्त र कमजोर राज्य संयन्त्रले देशलाई फासीवादी प्रवृत्तितर्फ धकेल्न सक्ने सम्भावना बढाइरहेका छन्। इतिहास हेर्ने हो भने फासीवाद कहिल्यै एकैदिन आएको छैन। सधैं यस्तै विभाजन, आक्रोश, अवरोध र गैरजिम्मेवार नेतृत्वबाटै सुरु भएको छ। यसबाट देशलाई जोगाउने हो भने इतिहासबाट पाठ सिक्दै नेपालले त्यो गल्ती कुनै पनि हातलमा दोहोऱ्याउनु हुँदैन। त्यसैले, राजनीतिक दलले संयमित र जिम्मेवार बन्नुपर्छ। नेतृत्वले विवेकपूर्ण भाषा प्रयोग गर्नुपर्छ। आन्दोलनकारीले अधिकारसँगै कर्तव्य पनि सम्झिनुपर्छ र राज्यले शान्ति सुरक्षालाई सबल बनाउनुपर्छ।

अहिलेको अवस्थालाई समाधान गर्ने सन्दर्भमा राज्य, राजनीतिक दल, जेन-जी आन्दोलनकारी तथा नागरिक सबैको सामूहिक जिम्मेवारी रहेको छ। यसका लागि राज्यले स्पष्ट रूपमा व्यवहारबाटै अवरोध र हिंसा अस्वीकार्य छ भन्ने सन्देश दिनुपर्छ। यस्ता घटनाको निष्पक्ष छानबिन गरी दोषीउपर कानुनी कारबाही गरिनुपर्छ। सुरक्षा संयन्त्रलाई तटस्थ, चुस्त र उत्तरदायी बनाइने कुरामा आमनागरिकलाई भरोसा दिलाउनुपर्छ। राजनीतिक दल र आन्दोलनकारीबिच उच्चस्तरीय संवाद आवश्यक छ। अझ नेताहरूले संयमित, विचारपरक र गैरउक्साहटपूर्ण भाषा प्रयोग गर्नुपर्छ। नागरिक समाज र मिडियाले निगरानी, तथ्यमा आधारित सूचना र सचेतना विस्तार गर्नुपर्छ।

आगामी २१ फागुनमा हुने निर्वाचन केवल सरकार बनाउने प्रक्रिया मात्र होइन, बरु आगामी दिनमा देशमा कस्तो राजनीतिक संस्कृति विकास गर्ने भन्ने निर्धारण गर्ने निर्णायक मोड पनि हो। लोकतान्त्रिक मूल्य, बहुलवाद, सहअस्तित्व र कानुनी शासनप्रतिको प्रतिबद्धता निर्वाचनबाटै मापन हुनेछ। सबै पक्षले आफ्ना भूमिका इमानदार रूपमा निभाउन सकेमा आसन्न निर्वाचन लोकतन्त्रलाई अझ सुदृढ बनाउने ऐतिहासिक अवसर बन्न सक्छ। अन्यथा, देश अस्थिरता र विभाजनको अनन्त अन्धकारतर्फ धकेलिन सक्छ। त्यसैले, सबैले विवेक, संयम र लोकतान्त्रिक मूल्यको बाटो रोजून्, यसैबाट देशको भविष्य सुरक्षित हुन्छ।

(घिमिरे त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक हुन्)

---

३ प्रश्न



नेपाली राष्ट्रिय टोलीका पूर्वकप्तान **पवन अग्रवाल**लाई

■ एनपिएल २ सम्म आइपुग्दा नेपाली क्रिकेट कहाँ पुग्यो ?

समग्रमा हेर्दा नेपाली क्रिकेटको विकास भइरहेकै छ। तर, यसलाई 'फर्म्याटवाइज' हेर्नुपर्छ। टी-२० मा हामीले राम्रै गरिरहेका छौं। यसअघि नै विश्वकप खेलिसक्यौं र अब पनि खेल्दै छौं। 'गेम'हरू पनि भइरहेका छन्। एनपिएलको दोस्रो सिजनसम्म आइपुग्दा यसले एकातिर देशमा समग्र क्रिकेटको 'क्रेज' बढाएको छ भने अर्कातिर 'रेभेन्यु जेनरेट'मा पनि सघाएको छ। यसलाई अत्यन्त सकारात्मक मान्न सकिन्छ। तर, वान डे र टेस्ट फर्म्याटलाई हेर्ने हो भने हामीले अझै धेरै गर्न बाँकी नै छ। समग्रमा हेर्दा हामी अहिलेसम्म ३०-४० प्रतिशतको अवस्थामा छौं भन्दा हुन्छ।

■ प्याराफिट र फ्लड लाइटपछि क्रिकेट पूर्वाधारमा केही सुधार भएको हो ?

त्रिवि मैदानलाई हेर्दा यसमा धेरै सुधार भएको छ। प्याराफिट निर्माण र फ्लड लाइट जडानपछि धेरै राम्रो भएको छ। तर, एउटा मैदानमा मात्र सुधार भएर केही हुँदैन। समग्र क्रिकेट विकासका लागि अन्यत्र पनि सानाठुला स्टेडियम आवश्यक हुन्छन्। यसतर्फचाहिँ गर्न धेरै नै बाँकी छ। खेलाडीहरूले अभ्यास गर्ने मैदानको समेत अभाव छ। त्यसैले, त्रिवि मैदानलाई हेरेर हाम्रो क्रिकेट पूर्वाधारमा धेरै सुधार भयो भनेर बस्न सकिने अवस्था छैन।

■ नेपाली क्रिकेटका आगामी दिन कस्ता होलान् ?

टी-२० फर्म्याटमा हामी ठिकै छौं। आगामी दिनमा पनि राम्रै गर्यौंला। यसको क्रेज पनि बढी नै छ। गेमहरू पनि भइरहेकै छन्। दर्शकका लागि पनि यो र माइलो फर्म्याट बनेको छ। वान डे फर्म्याटमा हामी अझै स्ट्रगल गर्दै छौं। यो फर्म्याटमा हामीले धेरै नै गर्न बाँकी छ। टेस्ट त हामीबाट अझै धेरै टाढा छ। एउटा मात्र 'डायमेन्सन'बाट हेरेर हुँदैन, समग्र क्रिकेटको 'सस्टेनेबल' विकासतर्फ ध्यान दिनुपर्छ।

प्रेरक प्रसंग

इन्जिनियरको अनुमान

भारत रत्नबाट सम्मानित इन्जिनियर विश्वेश्वरैया आफ्नो विषयको गम्भीर ज्ञानका कारण समस्त भारतभर चर्चित छन्। उनै विश्वेश्वरैया त्यस समय रेलमार्फत कतैको यात्रामा थिए। उनी रेलको जुन डिब्बामा यात्रा गर्दै थिए, सो डिब्बामा केही अंग्रेज अधिकारी पनि थिए।

रेल आफ्नै गतिमा चलिरहेको थियो। अचानक विश्वेश्वरैया आफ्नो स्थानबाट हतारहतार उठे र आकस्मिक रूपमा रेल रोक्न प्रयोग गरिने जन्जिर ताने। ती अंग्रेज अधिकारीले उनलाई त्यसो गर्नबाट रोक्न खोजे। तर, उनले जन्जिर तानेरै छाडे। केहीबेरमै रेल रोकियो। रेल रोकिनासाथ रेलका सुरक्षा अधिकारीसहित कर्मचारीको टोली आएर उनीसित यसरी रेल रोक्नुको कारण सोधे।



रेल अधिकारीको प्रश्नपछि गम्भीरतापूर्वक विश्वेश्वरैयाले भने- केही अगाडि रेलको लिकमा समस्या आएको छ। यही गतिमा रेल चलाउँदा पल्टिने सम्भावनासमेत रहन्छ। त्यसैले, अब केही अगाडिसम्म बिस्तारै सावधानीपूर्वक रेल चलाउनु आवश्यक छ। यही सूचना तपाईंहरूलाई दिन मैले यो जन्जिर तानेको हुँ।

त्यहाँ उपस्थित कसैलाई पनि उनको भनाइमाथि विश्वास भएन। ज्योतिषको जस्तो विश्वेश्वरैयाको भविष्यवाणीमाथि कसैले पनि विश्वास गरेनन्। तर, केहीअघि पुग्दानपुग्दै रेलको लिक साँच्चै बिग्रेको पाइयो। यो देख्दा रेलका सबै अधिकारी र यात्रु अवाक् बने। उनीहरू सबैले विश्वेश्वरैयालाई धन्यवाद दिँदै यो जान्न चाहे कि उनले रेलको लिकमा समस्या आएको कसरी अनुमान गरेका थिए ?

विश्वेश्वरैयाले भने- जब रेल आफ्नै गतिमा दौडिरहेको थियो, त्यतिखेर म ध्यानपूर्वक यसको पांग्रा र लिकको घर्षणबाट निस्कने आवाज सुनिरहेको थिएँ। त्यो आवाज सामान्य थिएन। रेलको लिकमा समस्या हुँदा निस्कने आवाज थियो त्यो। मैले त्यसैका आधारमा जुन अनुमान गरेको थिएँ, आखिर त्यो सत्य साबित भइछाड्यो। यो मेरो अहिलेसम्मको अनुभवको अनुमान हो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

किन चाहियो 'भोलेन्टियर्स फोर्स' ?

यहाँ अमेरिका, अस्ट्रेलिया या क्यानडाबाट बोलाउँदा पनी नगई देशको मायाले ओतप्रोत भई, मात्र तीन लिटर पेट्रोल, एकछाक मासुभात र दिनको ५०० रुपैयाँमै देशलाई समृद्ध बनाउँछु भन्ने होनाहर युवाको जमातलाई यसरी 'गुन्डासुन्डा' भनेर बदनाम गर्न पाइन्छ ?

● ओझा सरकार

सरकारको सुरक्षा संयन्त्र त्यति कमजोर र फितलो रहेछ ? हिजोसम्म प्रधानमन्त्रीको पदीय दायित्व सम्हाल्नुभएका व्यक्तिले आफ्नो सुरक्षाका लागि छुट्टै सुरक्षा फोर्स गठन गरेर के जनाउ दिने प्रयास गर्नुभएको हो ? के अबको राजनीति यस्तै गरी जाने हो ? तपाईंको शासनकालमा सुरक्षा संयन्त्र बलियो तर अहिले कसरी कमजोर ठान्नुभयो ?

● हरेराम नेपाल

हाम्रो देशमा जे होस् मासुभात, दारु र पेट्रोल फ्रीमा लिने मान्छेको कमी छैन। त्यही भएर एमालेमा भ्रातृ संगठनको कमी छैन। अखिल, युथ फोर्स, भोलिन्टियर फोर्स के-के हो के-के ! देश बिगारेकै यिनैले हो।

● महेशकुमार साह

ओलीको अहं हो यो फोर्स। आफूलाई म बलियो छु भन्ने देखाउने र विरोधीलाई तर्साउने काम हो यो।

● केशव घिमिरे

एमालेले यस्तो जत्था बनाउनु मूर्खतापूर्ण कार्य हो। यसले देशलाई अराजकतातिर लैजान्छ। हिजो राजा कतै जाँदा वा देशभित्र भ्रमण गर्दा यिनीहरूको टाउको दुख्ने गर्थ्यो। त्यही पालाको पैंचो तिरेका हुन् जनताले।

● गणेश पराजुली

देशकै पुलिस फोर्स, सशस्त्र प्रहरी फोर्स त कता हराए, नागै बनाएर दौडाए। जनताले चाहे भने यस्तो फोर्सलाई पनि नलखेट्ने कुरै भएन।

● शिखर खड्का

सत्ताको सबै चाबी हुँदा त भाग्नुपऱ्यो भने यस्तो फोर्स के काम ? एमालेले सधैं अस्थिरता मच्चाएर रोटी सेक्न खोज्छ, त्यही भएर सबै गुमाउनुपर्छ। यस्तो आत्महत्याको बाटो कसैले पनि नरोजे हुन्छ।

● नवीन पुन

(नयाँ पत्रिका फेसबुक पेजबाट)

भाजपा-नीतीश टकरावको अन्तर्य

१ मंसिरको नयाँ पत्रिकामा सीमा चिस्तीको बिहारमा भाजपा-नितिशबिचको भित्री टकरावबारे लेखिएको लेख पढियो। यसो त आवश्यकताअनुसार दुनियाँभरमा प्रकृतिले उचित नेता पैदा गर्छ। जसको बीज मन्त्र– 'यदायदा हि धर्मस्य ग्लानिर्भवति भारत' नै हो। तर, यो कुरा भारतमा अलि बढी नै प्रस्ट देखिएको छ। जब चाणक्य पैदा भए, तब सिकन्दर पराजित भए। जब पृथ्वीराज चौहानका साथै जयचन्द पनि पैदा भए, तब भारतले हार खायो। यसरी जब प्रकृतिले भारतलाई सबक सिकाईदियो, तब गान्धी पैदा भए र तुरुन्तै प्रकृतिले उनलाई लग्यो। त्यसपश्चात् जरुरत नेहरूको थियो। पटेलले स्वेच्छा वा बलपूर्वक एकता गरे पनि त्यस्तो एकता चिरकालिक भएन। नेहरूले भारतको आत्मा सहिष्णुतालाई बचाउँदै त्यस एकतालाई मजबुत पारे।

अब भारतका लागि त्यो 'फेज' बितिसक्यो। मोदीलाई प्रकृतिले अगाडि सारिसकेको छ। अबको फेजमा भारत फर्कनेछैन। आरएसएसले पनि आफ्ना नीतिलाई मोदीअनुसार नरम पारेको छ। योगी त केवल सन्तुलन मिलाउने भूमिकामा मात्र छन्। नितिशको यो आखिरी पडाव हो। भाजपाले जसरी युपीमा वसपासँग मिलेर अखिलेशको रथ रोक्न सफल भयो, त्यस्तै विहारमा नीतीशसँग मिलेर तेजस्वीको रथ रोकिसक्यो। यसपछि विहारमा भाजपाको रथ रोक्ने सामर्थ्य कसैमा हुनेछैन।

● डा. शिवशंकर यादव, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

कठिन समयमा ट्रम्पको नयाँ युक्रेन नीति

मार्ग परिवर्तन गरिएन भने अमेरिकाले युरोपको मुटुमा एक आक्रामक निरंकुशको हातबाट पराजयको सामना गर्न सक्छ।



देश/विदेश

● फरिद जकारिया

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ युक्रेन नीति ल्याएका छन्, जुन उनले यसअघि नै ल्याएको नीतिसँग हुबहु मिल्छ। फेरि पनि किभबाट रुसी राष्ट्रपति भ्लादिमिर पुटिन सन्तुष्ट पार्ने खालको छुटको आशा गरिएको छ। ट्रम्पलाई लागेको होला, रुस-युक्रेनबिच जस्तो भए पनि एउटा सम्झौता गराइदिए नोबेल शान्ति पुरस्कार त पक्का हुनेछ।

पछिल्लो नीति युक्रेनले युद्धक्षेत्रमा कठिनाइ भोगिरहेको क्षणमा आएको छ। पूर्वी युक्रेनको औद्योगिक तथा रेल सञ्जालको केन्द्र पोकरोभस्क लगभग रुसको हातमा जाँदै छ। पोकरोभस्कमाथि रुसले कब्जा जमायो भने यो दुई वर्षभन्दा यताको मस्कोको सबैभन्दा ठुलो सफलता हुनेछ। यो सहर तीन वर्षदेखि चलिरहेको युद्धमा युक्रेनी फौजको लजिस्टिक वितरणको सबैभन्दा महत्त्वपूर्णमध्ये एक केन्द्र रहँदै आएको छ। सहर गुम्ने जोखिमबिच युक्रेनले आफ्नो आपूर्ति सञ्जाल केही परिवर्तन गरिरहेको छ। तर पनि पोकरोभस्कको पतनले दोनेत्स्क क्षेत्रको सम्पूर्ण रक्षात्मक रेखालाई खतरामा पार्न सक्छ।

युद्धक्षेत्रमा मस्कोको पछिल्लो प्रगति खासमा यसको रणनीतिक क्षमताभन्दा पनि राजनीतिक इच्छाशक्ति र जुनसुकै हदमा गएर टिकिरहने नीतिले निम्त्याएको हो। 'इन्स्टिच्युट फर द स्टडी अफ वार'का अनुसार रुसी तथ्यांकले यो वर्षको जनवरीदेखि सेप्टेम्बरसम्म प्रतिमहिना लगभग २९ हजार मानिस सेनामा प्रवेश गरेको देखाउँछ। जबकि, यही अवधिमा प्रतिमहिना करिब ३५ हजार रुसी सैनिक मारिएको युक्रेनी अनुमान छ। अर्को शब्दमा भन्दा रुसले नयाँ भर्ती भएकाभन्दा धेरै सेना युद्धमैदानमा गुमाइरहेको छ। यसका बाबजुद, बढ्दो आकर्षक तलब प्याकेजमार्फत रुसले युद्ध अभियानलाई निरन्तरता दिन सक्ने जनशक्ति आपूर्ति गर्ने प्रयास भने जारी राखेको छ।

उता युक्रेनले भने रुसजसरी सैन्य भर्ती गर्न सकिरहेको छैन। सन् २०२५ को पहिलो सात महिनामा झन्डै एक लाख १० हजारभन्दा बढी सैनिक ड्युटीबाट भागेको तथ्यांकले देखाउँछ। केही बटालियनमा १० भन्दा कम लड्न सक्ने पैदल सेनाले काम चलाउनुपरेको तिनका कमान्डरहरू बताउँछन्। युक्रेनीमा युद्धलाई लिएर एक खालको थकान उत्पन्न भएको छ, जुन युद्ध लड्न खतरनाक अवस्था हो। जनशक्तिको कमीका कारण जति सेवामा छन्, तिनले धेरै समय मैदानमा खटिनुपर्ने अवस्था छ। धेरै युक्रेनी सैनिक युद्धमोर्चामा १०० देखि २०० दिन बिताउन बाध्य छन्।

जनशक्ति भर्तीमा समस्या भोगिरहेको युक्रेनलाई घट्दो बाह्य समर्थनले झन् कठिनाइ सिर्जना गरिरहेको छ। पछिल्लो समय संयुक्त राज्य अमेरिकाले ठुलो मात्रामा सैन्य सहायता लगभग रोकेजस्तो देखिन्छ। जे-जति सैन्य आपूर्ति पुनः सुरु भएका छन्, ती मुख्यतया युरोपेली वा अन्य साझेदारले गरेका भुक्तानीपछि मात्र सुरु भएको हो। र, भण्डार चिन्ताहरूको कारणले अमेरिकाले लामो दूरीको मिसाइल, प्याट्रियट ब्याट्रीहरू र सटिक मार हान्न सक्ने रकेटहरू अहिले रोकिएका छन्।

युरोपले युक्रेनीलाई कोषको अभाव हुन नदिने वाचा गरेको थियो, जुन व्यवहारमा उतारिएको छैन। यसअघि पनि युरोपेली संघले सन् २०२३ मा एक वर्षभित्रै १० लाख सैन्य गोला पठाउने वाचा गरेको थियो, जुन पूरा भएन। गोलाबारुद आपूर्ति युद्धभूमिको आवश्यकताभन्दा निकै पछि छ।



फोटो : एएफपी/गेट्टी इमेजेज

युक्रेनले रुसभित्रै प्रहार गर्न सक्ने लामो दूरीको प्रणाली माग्रिहेको छ। ती प्रणालीले मात्र रुसको युद्ध अर्थतन्त्रको आधार रहेको तेल पूर्वाधारमा प्रहार गर्न सकिने उसले बताएको छ। वासिंटनले युक्रेनलाई त्यस्ता आक्रमणलाई साँच्चै परिणामकारी बनाउने केही हतियारमा मात्र पहुँच दिएको छ। युक्रेनलाई युद्ध चलाउन आवश्यक पैसाको पनि अभाव देखिँदै छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२६ को अन्त्यसम्ममा प्रमुख युद्ध अन्त्य भएमा युक्रेनलाई सन् २०२७ सम्ममा कम्तीमा ६५ अर्ब डलर बाह्य वित्तपोषणकै लागि आवश्यक पर्ने बताएको छ। यो लगभग असम्भव परिदृश्य हो। इकोनोमिस्टका अनुसार यस वर्ष मात्र युद्धले युक्रेनमाथि लगभग १०० अर्बको बोझ बढाएको छ, जुन देशको कुल गार्हस्थ उत्पादनको लगभग आधा हो।

उता, युरोपेली संघ भने युक्रेनलाई आवश्यक सहयोग प्रदान गर्ने कुरामा विभाजित छ। कानुनी झमेला र मस्कोबाट सम्भावित प्रतिशोध सामना गर्नुपर्ने डरका कारण बेल्जियमले युरोपेली संघमा जम्मा रहेको रुसी सार्वभौम सम्पत्ति प्रयोगमा रोक लगाएको छ। ट्रम्पको टिम पुटिनले मागजति थप भूमि दिलाउन युक्रेनमाथि दबाब दिने विचार गरिरहेको देखिन्छ।

युक्रेनीहरू आफ्नो भूमि त्याग्न तयार छैनन्। देशको संविधानले जनमतसंग्रहविना जमिनमा फेरबदल गर्न रोक लगाएको छ। फेरि रुस यी सहुलियत पाएर चुप लाग्ला भन्न सकिँदैन। युक्रेनमाथि थप नियन्त्रण राखेर बेलारुसजस्तो क्लायन्ट राज्यमा परिणत गर्न सक्दैन भन्ने कुनै ग्यारेन्टी छैन। मार्ग परिवर्तन गरिएन भने अमेरिकाले युरोपको मुटुमा एक आक्रामक निरंकुशको हातबाट पराजयको सामना गर्न सक्छ। जबकि ८० वर्षदेखि अमेरिकाले सो क्षेत्रलाई आफ्नो राष्ट्रिय हितका लागि महत्त्वपूर्ण बताउँदै आएको क्षेत्र हो। ट्रम्पले ख्याल गर्नुपर्छ कि नोबेल शान्ति पुरस्कार आत्मसमर्पणका लागि नभएर शान्तिका लागि प्रदान गरिन्छ।

जकारिया भारतीय मूलका अमेरिकी पत्रकार, राजनीतिक टिप्पणीकार तथा लेखक हुन्। द वासिंटन पोस्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मृत्युदण्डका लागि हसिनालाई सुपुर्दगी गर्दैन भारत

हसिनाको शरणकै कारण विगत एक वर्षदेखि दक्षिण एसियाका दुई छिमेकी देश भारत र बंगलादेशबिचको सम्बन्ध तिक्त बनेको छ

बंगलादेशकी पूर्वप्रधानमन्त्री सेख हसिनालाई इन्टरनेसनल क्राइम ट्रिब्युनलले मानवताविरुद्धको अपराधका लागि दोषी ठहर गर्दै मृत्युदण्डको सजाय सुनायो । तथापि, हसिना अहिले बंगलादेशमा नभएकाले सजाय कार्यान्वयन हुने सम्भावना छैन । हसिना सत्ताच्युत भएदेखि नै भारतको शरणमा छिन् । उनी बसेको स्थानसमेत खुलाइएको छैन । ७८ वर्षीया नेतृ हसिनाविरुद्ध गत वर्ष भएको आमविद्रोहमा सहभागी प्रदर्शनकारीमाथि घातक कारबाहीको निर्देशन दिएको आरोपमा महिनौंदेखि मुद्दा चलिरहेको थियो । त्यसै मुद्दाको अन्तिम फैसला गर्ने क्रममा उनलाई मृत्युदण्डको सजाय सुनाइएको हो ।

उसो त बंगलादेशले विगत १५ महिनादेखि बारम्बार भारतसँग हसिनालाई सुम्पिन अनुरोध गर्दै आएको छ, जसलाई भारतले बेवास्ता गर्दै आएको छ । हसिनाको शरणकै कारण विगत एक वर्षदेखि यी दुई दक्षिण एसियाली छिमेकीबिचको सम्बन्ध तिक्त बनेको छ । अहिले हसिनालाई औपचारिक रूपमा मृत्युदण्डको सजाय सुनाइएपछि दुई देशबिचको तनाव थप बढ्न सक्ने अनुमान गरिएको छ । हुन त भारत हसिनाको बहिर्गमनपछिको ढाकासँग बिग्रिएको सम्बन्ध सुधार गर्न उत्सुक त देखिन्छ । तर, अधिकांश भूराजनीतिक विश्लेषक सम्बन्ध सुधार्नकै लागि भारतले पूर्वप्रधानमन्त्रीलाई मृत्युदण्डको सजाय भोग्न बंगलादेश पठाउने सम्भावना नरहेको बताउँछन् । 'नयाँदिल्लीले कसरी एकजना मृत्युदण्ड पाएको व्यक्तिलाई सजाय भोग्न पठाउला र ?' ढाकाका लागि पूर्वभारतीय उच्चायुक्त पिनाकरञ्जन चक्रवर्तीले भने ।

बंगलादेशको इतिहासमा सबैभन्दा लामो समय प्रधानमन्त्री रहेकी हसिना सन् १९७१ मा देशलाई पाकिस्तानबाट स्वतन्त्र गर्ने युद्धको नेतृत्व गर्ने सेख मुजिबुर रहमानकी जेठी छोरी हुन् । उनी पहिलोपटक सन् १९९६ मा प्रधानमन्त्री बनेकी थिइन् । सन् २००१ को चुनावमा पराजित भएपछि केही वर्ष सत्ताबाहिर रहेकी हसिना सन् २००९ मा फेरि बहुमतका साथ सत्तामा फर्किइन् । यसपटक भने उनी लगातार १५ वर्षसम्म पदमा रहिन् । यस अवधिमा उनको सरकारले निरंकुश दिशा लिएको धेरैको आरोप छ ।

हसिनाको पछिल्लो १५ वर्षे शासनमा सत्ताको आलोचना गरेकै आधारमा मानिस बेपत्ता पर्न थालेका थिए । बेपत्ता हुनेको संख्या हजारौँ पुगेको रेकर्डहरूले देखाउँछ । केही आलोचक गैरन्यायिक रूपमा मारिए । यातनाका घटना सामान्य हुन थालेका थिए । विरोधीहरू मुद्दा नचलाई जेलमा पर्ने क्रम पनि बढेको थियो । तर, यसबिच उनको सरकार उच्च आर्थिक वृद्धिको रेकर्डलाई देखाएर आफ्ना सबै गल्ती ढाकछोप गर्ने प्रयासमा तल्लीन देखिन्थ्यो । तथापि, आर्थिक वृद्धिको फल पनि सीमित व्यक्तिको पोल्टामा मात्र गइरहेको थियो, जसमध्ये धेरै हसिनाको सरकारनजिक रहेका व्यापारी थिए ।

देशमा बढेको आतंक र असमानताले असन्तुष्टि चुलिँदै थियो । बंगलादेश स्वतन्त्र संग्रामका सहभागीका सन्तानलाई सरकारी जागिरमा कोटा बढाउने विषयविरुद्ध जुलाई २०२४ देखि विद्यार्थी सडकमा उत्रिए । छिटपुट प्रदर्शनकारीमाथि कठोर दमन भएपछि सत्ताविरोधी भावना बाहिरिन थाल्यो । देशभर विद्यार्थी र तिनको समर्थनमा प्रदर्शन बढ्न थाल्यो । सरकार झन् दमनमा उत्रियो । संयुक्त राष्ट्रसंघको अनुमानअनुसार त्यति बेला विद्यार्थी प्रदर्शनकारीविरुद्ध सरकारी दमनमा झन्डै एक हजार ४०० जना मारिएका थिए ।

दमनका बाबजुद विद्रोह नियन्त्रणमा नआएपछि सेनाले हसिनाको साथ छाड्यो । त्यसपछि मात्र हसिनाले सत्ता छाडेर लामो समयदेखिको मित्रशक्ति भारतको शरण लिइन् । अगस्ट ५, २०२४ मा हसिना नयाँदिल्ली भागेपछि बंगलादेशमा अन्तरिम सरकार बन्यो । सरकारको नेतृत्व नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले गरिरहेका छन् । युनुसको सरकार भारतसँगको तनावबिच पाकिस्तानसँग नजिकिएको छ । यसले दुई देशको सम्बन्ध झन् चिसिएको छ ।

हसिनाविरुद्धको फैसलापछि मंगलबार फेरि अर्कोपटक बंगलादेशको विदेश मन्त्रालयले नयाँदिल्लीसँग हसिना सुपुर्दगी गर्न माग राख्यो । मन्त्रालयले भारतसँग भएको सुपुर्दगी सन्धिलाई उद्धृत गर्दै हसिनाको बंगलादेश फिर्ता सुनिश्चित गर्नु नयाँदिल्लीको 'बाध्यकारी जिम्मेवारी' भएकोसमेत बताएको छ । उसले अगाडि भनेको छ, 'भारतले हसिनालाई अझै शरण दिइराख्नु अत्यन्तै अमित्रतापूर्ण कार्य र न्यायको अवहेलना हुनेछ ।' यद्यपि, भारतका राजनीतिक विश्लेषकले सुपुर्दगी सन्धिमा अपराध 'राजनीतिक चरित्रको' भएको अवस्थामा अपवाद मान्न सकिने व्यवस्था रहेको उल्लेख गरेका छन् । 'भारतले हसिनाको मुद्दालाई बंगलादेशको सत्तारुढ शक्तिहरूको राजनीतिक प्रतिशोध मानेको छ,' नयाँदिल्लीमा रहेको जवाहरलाल नेहरू विश्वविद्यालयका दक्षिण एसियाली अध्ययनका प्राध्यापक सञ्जय भारद्वाजले भने ।





● युवराज शर्मा

भारतका स्वतन्त्र पत्रकार शर्मा मानव अधिकार, समाज र प्रविधिलगायत विषयमा लेख्छन् ।

> भारतले हसिनालाई बंगलादेश पठाउने सम्भावना पहिला पनि थिएन । अझ अहिले मृत्युदण्डको सजाय सुनाइएपछि त्यो सम्भावना झन् क्षीण भएको छ । भारतसामु अहिले आफ्ना मित्रको जीवनरक्षाका लागि अडिगसाथ उभिन्छ भनेर देखाउने नैतिक चुनौती पनि थपिएको छ ।

हसिनाविरुद्धको फैसलामा भारतको 'नोट'

हसिनाविरुद्धको फैसलापछि भारतको विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गरेर आफ्नो अडान स्पष्ट पार्ने प्रयास गरेको थियो । मन्त्रालयले विज्ञप्तिमार्फत हसिनाविरुद्धको फैसलालाई 'मनन गरेको' र बंगलादेशका 'सबै सरोकारवालासँग सधैं रचनात्मक रूपमा संलग्न रहनेछ' भनेको छ । 'भारत बंगलादेशी जनताको सर्वोत्तम हितप्रति प्रतिबद्ध छ, जसमा शान्ति, लोकतन्त्र, समावेशीकरण र स्थिरता समावेश छ,' विज्ञप्तिमा भनिएको छ ।

हसिनाको नेतृत्वमा भारत-बंगलादेशबिच आर्थिक, सुरक्षा र राजनीतिक जुन गठबन्धन थियो, त्यो अहिले अविश्वासमा बदलिएको कसैबाट लुकेको छैन । 'हसिना भारतका लागि सधैं उत्तम विकल्प थिइन्,' जिन्दल ग्लोबल युनिभर्सिटीमा दक्षिण एसियाली अध्ययनमा विज्ञ प्राध्यापक श्रीराधा दत्तले भने । नयाँदिल्ली अझै पनि कुनै समयमा बंगलादेशमा अबामी लिगलाई फेरि सत्तामा फर्कियोस् भन्ने चाहन्छ । तथापि, अहिलेको अवस्थामा बंगलादेशमा हसिना फेरि फर्किने सम्भावना कम रहेको दत्ता बताउँछन् । यस्तोमा भारतले ढाकाका अन्य राजनीतिक शक्तिसँग पनि सम्बन्ध निर्माण गर्नु आवश्यक रहेको उनको ठम्याइ छ ।

लामो छ भारतसँग हसिनाको नाता


सन् १९७१ को रक्तपातपूर्ण युद्धमा हसिनाका बुबा सेख मुजिबुर रहमान भारतको सहयोगमा पूर्वी पाकिस्तानलाई बंगलादेशका रूपमा स्वतन्त्र देश बनाउन सफल भएका थिए । भारतले त्यतिबेला पाकिस्तानलाई टुक्र्याएर आफ्नो पूर्वी सिमानामा एक मित्रवत् देश खडा गरी एक प्रमुख रणनीतिक र सुरक्षा दुःस्वप्न समाधान गरेको थियो । सन् १९७५ को सैन्य कुपछि रहमानको सत्ता मात्र गएन, सेनाले रहमान र उनको परिवारका अधिकांश सदस्यको हत्या गऱ्यो । त्यतिबेला जर्मनीमा भएका कारण हसिना र उनकी कान्छी बहिनी रेहाना मात्र बाँचेका थिए । त्यहाँबाट फर्किएर उनीहरूले भारतकै शरण लिएका थिए । ६ वर्ष भारतको शरण लिएर स्थिति केही साम्य भएपछि मात्र हसिना आफ्नो बुबाको पार्टी अबामी लिगको नेतृत्व गर्न बंगलादेश फर्किएकी थिइन् । त्यसै पार्टीकी नेतृका रूपमा उनले सन् १९९६ मा पहिलो कार्यकाल र सन् २००९ मा दोस्रो कार्यकाल देशको शासन गरिन् । यस्तोमा मित्र हसिनालाई भारतले बंगलादेश पठाउने सम्भावना नै छैन । अझ अहिले मृत्युदण्डको सजाय दिइएपछि त्यो सम्भावना झन् क्षीण भएको छ । हसिनालाई मृत्युदण्ड दिइएपछि भारतसामु अहिले आफू आफ्ना मित्रको जीवनरक्षाका लागि अडिगसाथ उभिन्छ भनेर देखाउने नैतिक चुनौती पनि थपिएको छ ।

वासिंटन डिसीमा बसेर दक्षिण एसियाको राजनीतिमाथि नजर लगाउने विश्लेषक माइकल कुगेलम्यान पनि हसिनाको उपस्थिति नयाँदिल्ली र ढाकाबिचको 'द्विपक्षीय सम्बन्धमा काँडा बनिरहने' मान्छन् । यसका बाबजुद 'भारतलाई यो समय आफ्ना सहयोगीप्रति बफादार रहने र आफ्नो प्रतिज्ञामा अडिग रहेको देखाउने समय भएको' उनको ठम्याइ छ । कुगेलम्यान भने अहिलेकै अवस्था हेरेर हसिनाको राजनीतिक विरासत र उनको अबामी लिगको भविष्यलाई पूर्ण रूपमा मेटाउन नसकिने मान्छन् । विशेषतः दक्षिण एसियाली दलको वंश-परम्परा हेर्दा अबामी लिग केही समय लागे पनि फेरि बंगलादेशको राजनीतिमा फर्किने मान्छन् कुगेलम्यान ।

अलजजिराबाट

कर्मचारीको सेवानिवृत्त उमेर बढाउनुपर्ने बाध्यतामा युरोपेली देश

अर्थतन्त्रमाथि राजनीति हाबी भएका कारण युरोपका अधिकांश देशमा पेन्सन सुधार कार्यक्रम असफल भइरहेको छ



● जाभियर डायज जिमिनेज

जिमिनेज आइइएसई बिजनेस स्कुलका प्राध्यापक हुन् ।



● जुलियन डायज साभेद्रा

साभेद्रा युनिभर्सिटी अफ ग्रानडाका सहप्राध्यापक हुन् ।

> फ्रान्समा सरकारले पेन्सन सुधारलाई जोड दिएको छ, यसले कर्मचारीको अवकाशको उमेर दुई वर्षले बढाएर ६४ वर्ष गर्ने प्रस्ताव गरेको छ । डेनमार्कले औसत आयुअनुसार प्रत्येक पाँच वर्षमा अवकाशको उमेर समायोजन गर्छ । उसले यसै वर्षको सुरुमा हालको ६७ वर्षबाट २०४० सम्ममा ७० वर्ष पुऱ्याउने स्वीकृति दिएको छ ।

आफ्नो राजनीतिक भविष्य अन्योलताबाट गुज्रिरहेका वेला यसै वर्षको अक्टोबरको सुरुमा फ्रान्सेली प्रधानमन्त्री सेबास्टियन लेकोर्नुले २०२७ सम्म (राष्ट्रपति निर्वाचन मिति) अलोकप्रिय पेन्सन सुधार स्थगित गर्ने वाचा गरे । प्रधानमन्त्रीको घोषणापछि समाजवादी सांसदहरूले विजयोत्सव मनाए । अर्कोतर्फ फ्रान्सेली व्यापार समुदाय दुःखी बन्यो । बजेट चिन्ता उद्धृत गर्दै एस एन्ड पीले फ्रान्सको क्रेडिट रेटिङ घटायो ।

फ्रान्सले कम्तीमा दुई वर्षअघिदेखि अपरिहार्य सुधार सुरु गरिरहेको छ । धेरै युरोपेली देशले आफ्नै पेन्सन संकटको सामना गरिरहेका छन् । दिगो, समतामूलक र राजनीतिक रूपमा व्यावहारिक हुने पेन्सन सुधार कसरी डिजाइन गर्ने भन्ने कुरा मनन गर्न लायक छ ।

युरोपमा पेन्सन सुधारको बहसको एउटा उल्लेखनीय विशेषता भनेको यसको मूल समस्या कति राम्ररी बुझिएको र व्यापक रूपमा दस्ताबेज गरिएको छ भन्ने हो । युरोपको जनसंख्या वृद्ध छ । जन्मदर घट्दै गइरहेको छ । औसत आयु अहिलेसम्मकै उच्च छ । सार्वजनिक प्रणाली कोष जुटाउन योगदान दिने मानिसको संख्या कम छ, जसले गर्दा धेरै मानिसले लामो समयसम्म पैसा कमाउन सक्नेछन् । साथै, प्राविधिक अवरोधले कुल गार्हस्थ उत्पादनमा श्रम आयको हिस्सा घटाउँदै छ ।

युरोपका धेरैजसो पे-एज-यु-गो प्रणाली (मूल्य निर्धारण मोडेल, जहाँ ग्राहकले सेवाका लागि एक निश्चित शुल्कको सट्टा वास्तविक प्रयोगका आधारमा भुक्तानी गर्छन्) जनसंख्या पूर्ण रूपमा फरक हुँदा डिजाइन गरिएको हुनाले त्यसलाई वर्तमान वास्तविकता प्रतिबिम्बित गर्न समायोजन गर्नुपर्छ । हामी शिक्षाजस्ता अन्य क्षेत्रमा समायोजनलाई स्वीकार गर्छौं । हामी विद्यालयका प्रशासन एकाइ पुनः कायम गर्छौं र हाम्रा वरपर सानो संख्यामा बालबालिका प्रतिबिम्बित गर्न नयाँ स्कुल निर्माणलाई काँटछाँट गर्छौं । तर, सेवानिवृत्त उमेर समायोजन गर्ने कुनै पनि कुरा लिएर पेरिस, म्याड्रिड वा ब्रसेल्सका सडकमा हजारौँ उग्र प्रदर्शनकारी भरिएका हुन्छन् ।

फ्रान्समा सरकारले पेन्सन सुधारलाई जोड दिएको छ, यसले कर्मचारीको अवकाशको उमेर दुई वर्षले बढाएर ६४ वर्ष गर्ने प्रस्ताव गरेको छ । डेनमार्कले औसत आयुअनुसार प्रत्येक पाँच वर्षमा अवकाशको उमेर समायोजन गर्छ । उसले यसै वर्षको वर्षको सुरुमा हालको ६७ वर्षबाट २०४० सम्ममा ७० वर्ष पुऱ्याउने स्वीकृति दिएको छ ।

राजनीतिले अर्थतन्त्रमाथि हाबी गरेका कारण पेन्सन सुधार असफल भइरहेको छ । जनसांख्यिकीय संक्रमण अनुमान गर्न सकिन्छ, त्यसको लागत मापनयोग्य छ । त्यसको परिणामलाई सम्बोधन गर्न आवश्यक नीतिगत उपकरण यसअघि नै अस्थित्वमा छन् । तर, चुनावी प्रोत्साहन र सार्वजनिक अविश्वासँग ठोक्किएपछि सुधारहरू पतन हुन्छन् ।



यी समस्याबाट कसरी अगाडि बढ्ने ? अवकाश उमेरजस्ता एउटा मात्र विषयलाई हेर्नुको सट्टा हामी बहुआयामिक दृष्टिकोण प्रस्ताव गर्छौं, जसले खर्च र योगदानलाई सम्बोधन गर्छ र सुधारबाट सुरुमा प्रभावित भएकालाई क्षतिपूर्ति दिन्छ । स्पेनले हाम्रो केस स्टडीको रूपमा काम गऱ्यो, तर पाठ धेरै युरोपेली देशका लागि सत्य हो, जसमध्ये फ्रान्स पनि हो ।

स्वचालित समायोजन

समाधानको एक भाग भनेको नयाँ स्वचालित समायोजन संयन्त्र वा परिवर्तनशील आर्थिक र जनसांख्यिकीय वास्तविकताअनुसार पेन्सन अनुकूलन गर्ने नियम समावेश गर्नु हो । यी संयन्त्रले पेन्सन प्रणालीलाई अझ विश्वसनीय बनाउँछन् र राजनीतिक कठिनाइले भरिएका सुधारको शृंखलामा तिनीहरूको निर्भरता कम गर्छन् ।

हामी कम पेन्सनको मार खेपिरहेका कामदार र सेवानिवृत्तलाई क्षतिपूर्ति दिने प्रस्ताव पनि गर्छौं । यो सरकारबाट घरपरिवारमा तरल सम्पत्तिको एकपटकको हस्तान्तरणमार्फत गरिनेछ ।

यस नीतिको नकारात्मक पक्ष सरकारहरूले भुक्तानीका लागि कोष जुटाउनु पर्नेछ, (सम्भवतः नयाँ सार्वजनिक ऋण जारी गरेर) । तर, हामीले धेरैपटक देखेका छौं, गुमाउनेलाई क्षतिपूर्ति दिने कुनै प्रयासविना नै अगाडि बढाइएका सुधार प्रायः उल्टा हुन्छन् । सेवानिवृत्तिमा नजर राख्ने वृद्ध मतदाता र तिनीहरूको संख्या हरेक दिन बढ्दै गइरहेको छ । उनीहरूले आफ्नो घाटाबापत क्षतिपूर्ति पाउनेछन् भन्ने कुरा नबुझेसम्म उनीहरूको लाभ कटौती गर्ने कुनै पनि प्रयासलाई रोक्नेछन् ।

पेन्सन सुधारलाई कसरी व्यावहारिक बनाउने ?

१. एक दिगो तत्त्वबाट सुरुवात गर्नुहोस्, जसले प्रारम्भिक पेन्सनको मात्रालाई सेवानिवृत्त हुने कामदारको समूहको औसत आयुसँग समायोजन गर्छ । व्यवहारमा यसको अर्थ कम उमेरमा सेवानिवृत्त हुने मानिसले कम पेन्सन पाउनेछन्, किनभने उनीहरूले धेरै वर्षसम्म भुक्तानी पाउने सम्भावना हुन्छ । यसले कामदारलाई आफ्नो काम गर्ने जीवन विस्तार गर्न प्रोत्साहन गर्छ ।

२. प्रणालीको वित्तीय दिगोपनको सुनिश्चित गर्न पेन्सन अधिकार वा पेन्सन अद्यावधिक गर्ने स्वचालित समायोजन नियम लागू गर्नुपर्छ । हाल, धेरै प्रणालीले उपभोक्ता मूल्य सूचकांक प्रयोग गरेर पेन्सन अद्यावधिक गर्छन् । यो दिगो छैन, किनकि यसले पेन्सन प्रतिस्थापन दर, सेवानिवृत्तिपूर्व तलब र पेन्सन आयको अनुपात घटाउँछ । यो विशेषगरी कम वा शून्य श्रम उत्पादन वृद्धिको वातावरणमा सत्य हो (जस्तै- स्पेनमा छ)।

३. पछिल्लो २५ वर्ष वा त्योभन्दा कम समयको सेवा अवधि मापन गर्नुको सट्टा अवकाश प्राप्त कामदारको सम्पूर्ण कार्य जीवनकालमा गरिएको योगदान मुल्यकांकन गरेर पेन्सन गणना गर्नुहोस् । काम गरेको सुरुवाती वर्षलाई बेवास्ता गर्नाले उच्च कमाउनेलाई फाइदा हुन्छ र समग्र प्रणालीलाई कमजोर बनाउँछ ।

४. पेरोल कर योगदानमा सीमा हटाउनुहोस् । तर, अधिकतम पेन्सन कायम राख्नुहोस्, ताकि धेरै कमाउनेले उच्च पेन्सन प्राप्त नगरी प्रणालीमा बढी भुक्तानी गर्न सकून् ।

५. यी सुधारबाट वञ्चित कामदार र सेवानिवृत्तका लागि एकपटकको क्षतिपूर्ति प्रस्ताव गर्नुहोस् । यी क्षतिपूर्तिलाई सार्वजनिक ऋणबाट वित्तपोषण गर्न सकिन्छ । यो संक्रमणकालीन घटकले निष्पक्ष संक्रमणलाई सहज बनाउँछ र सामाजिक अस्वीकृतिलाई रोक्छ, जसले प्रायः पेन्सन सुधारहरू असफल बनाउँछ ।

संयुक्त रूपमा यी उपायले भविष्यमा हुने पेन्सन खर्च घटाउने पेन्सन प्रणालीको वित्तीय दिगोपनमा सुधार मात्र गर्दैनन्, बरु निजी बचतलाई पनि प्रोत्साहन गर्छन् र लामो समयसम्म काम गर्ने जीवनलाई प्रवर्द्धन गर्छन् । पेन्सन सुधार पहिले नै घोषणा गरिएमा संक्रमणको लागत कम हुन सक्छ, किनकि घरपरिवारसँग आफ्नो उपभोग, बचत र अवकाश विकल्प समायोजन गर्न बढी स्वतन्त्रता हुन्छ । यसको अर्थ यो होइन कि पेन्सन सुधारले विवाद सिर्जना गर्दैन । यी उपाय अपनाइएमा सरकारले तिनीहरूलाई स्पष्ट रूपमा व्याख्या गर्नुपर्नेछ र सार्वजनिक धक्काको पूर्वानुमान गर्नुपर्नेछ । उनीहरूले यो पनि स्पष्ट पार्नुपर्नेछ कि सुधार भएन भने बृहत् करवृद्धि अपरिहार्य हुनेछ ।

तर, यसको विकल्प झनै खराब छ । हाम्रो गणनाअनुसार, स्पेनले हालको प्रणालीलाई अनिश्चित कालसम्म टिकाउन पर्याप्त राजस्व जुटाउन आफ्नो औसत मूल्य अभिवृद्धि कर नौ प्रतिशतले बढाउनुपर्नेछ (१६ प्रतिशतबाट २५ प्रतिशतसम्म) । पेन्सनसम्बन्धी अलोकप्रिय निर्णयमा ढिलाइ गरेर राजनीतिज्ञले भविष्यमा अझ बढी अलोकप्रिय करवृद्धिका लागि आफूलाई तयार पारिरहेका छन् ।

द कन्भर्सेसनबाट

इतिहासमा आज



सन् २००९ : फिलिपिन्सको इतिहासमै डरलाग्दो नरसंहार भयो । २३ नोभेम्बरमा दक्षिणी फिलिपिन्समा मतदाता नामावलीमा नाम दर्ता गर्न गएका ३४ पत्रकारसहित ५७ जनालाई बन्दुकधारीको एउटा समूहले गोली हानेर हत्या गऱ्यो । उनीहरूको शवसमेत पुरिएको अवस्थामा फेला परेको थियो ।

सन् १८९० : नेदरल्यान्डका राजा विलियम तृतीयको मृत्युपछि उनका कुनै छोरा नहुँदा कानुन संशोधन गरी छोरीले पनि सत्ता सम्हाल्ने व्यवस्था लागू गरियो । परिवर्तित स्थितिमा राजकुमारी विल्हेलमिना राजगद्दीमा बसिन् ।

सन् १९०९ : हवाईजहाजका आविष्कारक राइट दाजुभाइले हवाईजहाज बनाउने करोडौँ डलरको कर्पोरेसन गठन गरे ।

सन् १९१० : स्विडेनका जोहन अल्फ्रेड एन्डरलाई मृत्युदण्ड दिइएको थियो । एकजनाको हत्या अभियोग लागेका एन्डर मृत्युदण्ड पाउने स्विडेनका अन्तिम नागरिक हुन् । सन् १९२१ मा स्विडेनले मृत्युदण्डको व्यवस्था अन्त्य गऱ्यो ।

सन् १९७१ : संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्मा ताइवानले गर्दै आएको चीनको प्रतिनिधित्वलाई बेइजिङस्थित चिनियाँ कम्युनिस्ट पार्टीले प्रतिनिधित्व गर्न थाल्यो ।

सन् १९७६ : श्वासप्रश्वासको उपकरणविना फ्रान्सेली पुरुष ज्याक्स मेयोल १०० मिटरको उचाइबाट समुद्रमा हाम फाले । हाम फाल्दा उनी ४९ वर्षका थिए । उनले यसअघि १०५ मिटर उचाइबाट समुद्रमा हाम फालेको आफ्नै रेकर्ड तोडेका थिए ।

सन् २००० : लाइबेरियाले पहिलो महिला राष्ट्रपति पायो । एलेन जोनसन सिरलिफ २३ नोभेम्बरमा लाइबेरियाको राष्ट्रपति बनिन् । उनलाई सन् २०११ मा नोबेल शान्ति पुरस्कार दिइएको थियो ।

सन् २०११ : अरब क्रान्तिका क्रममा ११ महिना विरोध प्रदर्शन सामना गरेपछि अन्ततः यमनी राष्ट्रपति अली अब्दुल्लाह सालेहले आफूलाई कुनै मुद्दा नचलाउने सर्तमा उपराष्ट्रपतिलाई शक्ति हस्तान्तरण गर्ने सहमति जनाए ।

इजरायली कारागारमा ९४ प्यालेस्टिनी कैदीको मृत्यु

गाजा सिटी/ इजरायली मानव अधिकार समूहले दुई वर्षभन्दा कम समयमा इजरायली हिरासतमा कम्तीमा ९४ प्यालेस्टिनी कैदीबन्दीको मृत्यु भएको जनाएको छ । फिजिसियन्स फर ह्युमन राइट्स इजरायल (पिएचआरआई) को नयाँ प्रतिवेदनले 'व्यवस्थित हत्या र ढाकछोप'को अभ्यासको आरोप लगाएको छ । प्रतिवेदनले ७ अक्टोबर २०२३ देखि अगस्टको ३० सम्मको अवधिलाई समेट्छ, जतिबेला हमासले इजरायलमा आफ्नो घातक आक्रमण सुरु गऱ्यो र गाजामा पछिल्लो द्वन्द्वलाई निम्त्यायो । यसले पछिल्लो दश वर्षको अवधिमा इजरायली हिरासतमा ३० भन्दा कम प्यालेस्टिनीको मृत्यु भएकोसमेत जनाएको छ ।इजरायल कारागार सेवा (आइपिएस) ले भनेको छ कि यो 'कानुनअनुसार र आधिकारिक निरीक्षण निकायको निरीक्षणमा सञ्चालन हुन्छ ।' यसले बाहिरी निकायबाट प्राप्त भएका तथ्यांक वा आरोपमा टिप्पणी नगरेको बताएको छ । 'सबै कैदीलाई कानुनी प्रक्रियाअनुसार राखिन्छ र चिकित्सा हेरचाह, सरसफाइ र पर्याप्त जीवनयापनको पहुँचसहितको उनीहरूको अधिकार व्यावसायिक रूपमा प्रशिक्षित कर्मचारीद्वारा कायम राखिन्छन्,' आइपिएसले थप्यो ।

पिएचआरआईले आफ्नो प्रतिवेदन आधिकारिक रेकर्ड र तथ्यांकलाई फोरेन्सिक रिपोर्ट, अन्य मानवअधिकार समूहबाट प्राप्त जानकारी र विशिष्ट व्यक्ति पत्ता लगाउने प्रयासका साथै बन्दी, उनीहरूका परिवार र वकिलहरूको प्रमाणसँग जोडेर तयार पारिएको बताएको छ । मृत्यु भएकामध्ये ५२ जना सैन्य कारागारमा थिए भने ४२ जनाको मृत्यु आइपिएसद्वारा सञ्चालित नागरिक जेलमा भएको बताएका छन् ।

हेटौंडा बजारको सडक २५ मिटर विस्तार गरिँदै

मकवानपुरमा **पोष्टराज अधिकारी**

हेटौंडा बजार क्षेत्रको २५ मिटर सडक विस्तारको विषय वेलावेला चर्चामा आउने र सेलाउने गरेको छ। तर, पछिल्लोपटक ऊर्जा, भौतिक पूर्वाधार र सहकारी विकासमन्त्री कुलमान घिसिङले सडक निर्माणअघि बढाउन निर्देशन दिएपछि फेरि चर्चामा आएको छ।

मन्त्री घिसिङले शुक्रबार हेटौंडामा गरेको छलफलपछि लामो समयदेखि रोकिएको सडक विस्तार प्रक्रियामा नयाँ मोड आएको छ। मन्त्री घिसिङ, मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक विजय जैसीलगायतले हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामासहित वडाध्यक्ष र केही स्थानीयसँग छलफल गरेका थिए।

बिहीबार मन्त्री घिसिङले सडक निर्माण अघि बढाउन निर्देशन दिँदै बजेट अभाव नहुने प्रतिबद्धता जनाएपछि डिभिजन सडक कार्यालय सूचना निकाल्न तयार भएको थियो। हेटौंडाको मुख्य व्यापारिक क्षेत्र भएर जाने महेन्द्र राजमार्ग र त्रिभुवन राजपथ विस्तार विवाद, राजनीतिक स्वार्थ, स्थानीयको प्रतिरोध र अदालती प्रक्रियामा अल्झिँदै आएको छ।

सडक सीमा खाली गर्ने सूचना कुनै आकस्मिक निर्णय भने नभएको कार्यालयका सूचना अधिकारी यादव सुवेदीले बताए। उनका अनुसार सडक विस्तारको विषय पुरानै भए पनि विभागीय मन्त्रीको स्पष्ट निर्देशनपछि कार्यालय अघि बढेको हो। 'बजेट अभाव नहुने मन्त्रीको आश्वासनले कार्यालयले ढुक्क भएर सूचना जारी गरेको हो,' उनले भने।

कार्यालयले सार्वजनिक गरेको सूचना जारी गर्दै १५ दिनभित्र हेटौंडाको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म तथा बुद्धचोकदेखि सामरी पुलसम्म सडकको केन्द्रबाट दायाँ-बायाँ २५-२५ गज (करिब २२.८६ मिटर)भित्र पर्ने सम्पूर्ण स्थायी तथा अस्थायी संरचना तोकिएको समयभित्र हटाउन भनिएको छ। समयभित्र नहटाए सडक कार्यालयले स्वयं भत्काएर लागत सम्बन्धित व्यक्तिबाट असुल्ने चेतावनीसमेत दिएको छ।



हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता सबिन न्यौपानेका अनुसार मन्त्री घिसिङले जनप्रतिनिधिहरूसँगको छलफलका क्रममा 'कति बजेट लाग्छ, लेखेर पठाउनुस्, रोकावट नहोस्' भन्दै सडक विस्तार तुरुन्त अघि बढाउन निर्देशन दिएका थिए। उपमहानगरको नगरसभाले पनि पहिले नै सडक विस्तारमा पूर्ण सहयोग गर्ने निर्णय गरिसकेको उनले बताए। 'नगरसभाको अडान यथावत् छ,' प्रवक्ता न्यौपानेले भने, 'स्थानीय सरकारको एकीकृत धारणा संघीय निकायको कामलाई सहज बनाएको छ।'

यसअघि सडक विस्तार वर्षौंदेखि अदालतमा परेको रिटका कारण पनि अवरुद्ध हुँदै आएको थियो। घरधनीहरूले लालपुर्जा भएको जग्गा मुआब्जाविना छाड्न नसकिने बताउँदै रिट दायर गर्ने गरेका थिए। तर, यसपटक सडक डिभिजनसँग सर्वोच्च अदालतको ०७८ को फैसला प्रमुख आधार बनेको सडक डिभिजनका प्रमुख गुरुप्रसाद अधिकारी बताउँछन्। उनका अनुसार अदालतले २५ गजभित्रका संरचनाका लागि मुआब्जा दिन राज्य बाध्य नहुने आशयको फैसला गरिसकेको छ। 'अदालतले नै २५ गजभित्र मुआब्जा नदिनुपर्ने स्पष्ट पारेको छ,' अधिकारीले भने, 'त्यसैले अहिले २५ गजसम्म सीमांकन खाली गराउने अभियान अघि बढाएको हो।'

२५ गजभन्दा बाहिर थप जग्गा आवश्यक परे प्रचलित कानुनअनुसार स्वामित्व ग्रहण र मुआब्जाको प्रक्रिया अघि बढाइने उनको भनाइ छ। सडक डिभिजनले प्रारम्भिक चरणमा २५ गज (४५ मिटर) सडक विस्तार गर्ने तयारी गरेको छ। आवश्यकताअनुसार बाँकी पाँच मिटर स्वामित्व ग्रहणका लागि सरकारले अलग प्रक्रिया अघि बढाउनेछ। 'यो पहिलेदेखि नै गर्नुपर्ने काम हो। सर्वोच्च अदालतको फैसला कार्यान्वयनकै रूपमा यसपटक अभियान सुरु गरिएको हो। यसपटक टुंगोमा पुऱ्याइने लक्ष्यमै अघि बढेका छौं,' उनले भने।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-०७७७७
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगाको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	**ऋणी फर्म : फेदी बजार एग्रीकल्चर फार्म, प्रोप्राइटर तथा जमानतकर्ता : साधना तण्डुकार** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालयमा, त्रिपुरेश्वर, काठमाण्डौं, नेपालमा प्राइभेट फर्म दर्ता.नं. ४७३२/०७२/०८०, दर्ता मिति: २०८०/०१/०४, ठेगाना: जिल्ला काठमाडौं, तारकेश्वर न.पा. वडा नं. ३
२	**१) ऋणी फर्म: रिता एण्ड आयुष खाजा घर, प्रोप्राईटर तथा जमानीकर्ता : रिता के.सी** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय गण्डकी प्रदेश, कास्कीमा प्रा.फ.नं.घ.उ.वि.: १३४८८/लघु५२६/०७४/०७५, दर्ता मिति: २०७४/१०/१८, ठेगाना: जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. ५
	२) ऋणी: गंगा बहादुर के.सी. स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२, हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ५, बाबु : ठेक बहादुर खत्री क्षेत्री, बाजे : ऋषीराम
३	**ऋणी फर्म : रंजन राईस एण्ड फलोर सेलर मिल, प्रोप्राईटर तथा जमानीकर्ता: बशिष्ठ राय यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.नं. ४८०७/२६७, दर्ता मिति २०७३/०२/२७, ठेगाना: जिल्ला रौतहट, लक्ष्मीनिया दो. गा.वि.स. वडा नं. २
४	**ऋणी फर्म : मन्जीत किराना पसल, प्रोप्राईटर तथा जमानीकर्ता: रामईश्वर राय यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं.: ७१७६/८७६/७८/५७ मौलापुर, दर्ता मिति २०७६/०१/१२, ठेगाना: जिल्ला रौतहट, मर्यादपुर गा.वि.स. वडा नं. ८ (हाल: मौलापुर न.पा. वडा नं. २)
५	**ऋणी फर्म : ज्योति ग्याल्ला भण्डार तथा किराना पसल, प्रोप्राईटर तथा जमानीकर्ता: अमृत लाल चौधरी** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट गौरमा, प्रा.फ.र.नं.: ८८४९/१३३२, दर्ता मिति २०७६/१०/१४, ठेगाना: जिल्ला रौतहट, लक्ष्मीनिया गा.वि.स. वडा नं. ४ (हाल फतुवा विजयपुर न.पा. वडा नं. ८)
६	**ऋणी: सम्झना घमला** स्थायी ठेगाना : संखुवासभा जिल्ला, खांदवारी गा.वि.स. वडा नं. १३, हालको ठेगाना : संखुवासभा जिल्ला, खांदवारी न.पा. वडा नं. २ बाबु : देव बहादुर सुनार, ससुरा : विन्देश्वर विश्वकर्मा, पति : मोलिन विश्वकर्मा
७	**ऋणी फर्म : पुष्पा कस्मेटिक एण्ड सु-सेन्टर, प्रोप्राईटर तथा जमानीकर्ता : गंगाराम थारु** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गुलरीया बर्दियामा, प्रा.फ.दर्ता.नं. ५१८/१०६३६/०७७/०७८, दर्ता मिति : २०७७/१०/१९, ठेगाना : जिल्ला बर्दिया, बाँसगढी न.पा. वडा नं. ९
८	**ऋणी: केशरी प्रसाद डल्लाकोटी** स्थायी ठेगाना : धादिङ जिल्ला, जोगीमारा गा.वि.स वडा नं. १, हालको ठेगाना : धादिङ जिल्ला, बेनिघाट रोराङ गा.पा वडा नं. १० बाबु : खेमराज डल्लाकोटी, बाजे : लिला नाथ डल्लाकोटी
९	**ऋणी: कृष्ण कडेल** ठेगाना : धादिङ जिल्ला, बेनीघाट रोराङ गा.पा. वडा नं. ७, बाबु : गोपाल प्रसाद कडेल, बाजे : भवनाथ कडेल
१०	**ऋणी: सोम बहादुर आचार्य** स्थायी ठेगाना : धादिङ जिल्ला, जोगीमारा गा.वि.स वडा नं. ८, हालको ठेगाना : धादिङ जिल्ला, बेनिघाट रोराङ गा.पा. वडा नं. ९ बाबु : खड्ग बहादुर आचार्य, बाजे : बलबहादुर आचार्य
११	**ऋणी: होमकुमार सुवेदी** स्थायी ठेगाना : धादिङ जिल्ला, बेनीघाट गा.वि.स. वडा नं. ७, हालको ठेगाना : धादिङ जिल्ला, बेनीघाट रोराङ गा.पा. वडा नं. ७ बाबु : गुणबहादुर सुवेदी, बाजे : चुडामणी सुवेदी
१२	**ऋणी: संतोष थपलिया** स्थायी ठेगाना : धादिङ जिल्ला, धुषा गा.वि.स. वडा नं. १, हालको ठेगाना : धादिङ जिल्ला, बेनीघाट रोराङ गा.पा. वडा नं. ७ बाबु : एकराज थपलिया, बाजे : पुण्डरी प्रसाद थपलिया
१३	**ऋणी: नवराज रुपाखेती** स्थायी ठेगाना : धादिङ जिल्ला, गोगनपानी गा.वि.स. वडा नं. ७, हालको ठेगाना : धादिङ जिल्ला, थाक्रे गा.पा. वडा नं. ११ बाबु : अनन्त ऋषी रुपाखेति, बाजे : लुमडि प्रसाद रुपाखेति
१४	**ऋणी: सिताराम कार्की** स्थायी ठेगाना : धादिङ जिल्ला, भुमेस्थान गा.वि.स वडा नं. ६, हालको ठेगाना : धादिङ जिल्ला, थाक्रे गा.पा. वडा नं. २ बाबु : बलराम कार्की, बाजे : खड्ग बहादुर कार्की
१५	**ऋणी: भुवन लाल श्रेष्ठ** स्थायी ठेगाना : धादिङ जिल्ला, कल्लेरी गा.वि.स. वडा नं. २, हालको ठेगाना : धादिङ जिल्ला, गल्छी गा.पा. वडा नं. १ बाबु : गोकुल दास श्रेष्ठ, बाजे : डिल्लीमान श्रेष्ठ
१६	**१. ऋणी फर्म: सम्राट बहुउद्देश्य कृषि फर्म, प्रोप्राईटर तथा जमानीकर्ता - दिपक कुमार राई** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय उदयपुरमा, उद्योग दर्ता नं. ३९७/०७७/०७८, ठेगाना: जिल्ला उदयपुर, कटारी न.पा. वडा नं. ५
	२. ऋणी: पार्वती राई स्थायी ठेगाना : उदयपुर जिल्ला, कटारी गा.वि.स. वडा नं. ८, हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा वडा नं. ५ बाबु : पृथी व. राई, ससुरा : काशीराम राई, पति : दिपक कुमार राई
	३. ऋणी: दिपक कुमार राई स्थायी ठेगाना : उदयपुर जिल्ला, रिस्कू गा.पं. वडा नं. ८, हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा वडा नं. ५ बाबु : काशीराम राई, बाजे : डिल्ली सेर राई
१७	**ऋणी: शिवराज थापा** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १ बाबु : ऐन बहादुर थापा, बाजे : देवी बहादुर
१८	**ऋणी फर्म: गोपाल कृज्ज कृषी फर्म, प्रोप्राईटर तथा जमानीकर्ता - अरविन्द कुमार यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय मोरङ विराटनगरमा प्रा.फ.नं.घ.मो १२८९२/०७३/०७४, ठेगाना: जिल्ला मोरङ, विराटनगर उ.प.न.पा वडा नं. ५
१९	**ऋणी : सेख सजाम महमद** ठेगाना : रौतहट जिल्ला, गम्हरिया पर्सा गा.वि.स. वडा ३, बाबु : ओसी महमद, बाजे : सेख महमदीन
२०	**ऋणी फर्म : आरती ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता: जयकिशोर ठाकुर** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ९३२०/१७०, दर्ता मिति २०७७/०६/०५, ठेगाना: जिल्ला रौतहट, सरमुजवा गा.वि.स. वडा नं. ८ (हाल बौधीमाई न.पा. वडा नं. ८)
२१	**ऋणी फर्म : श्री विश्वकर्मा राज फरनिचर उद्योग, प्रोप्राईटर तथा जमानीकर्ता: सुरेन्द्र ठाकुर** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट (नेपाल)मा प्रा.फ.नं. ७५५४/५२१/८५/१५ (ईशनाथ), दर्ता मिति २०७६/१०/१४, ठेगाना: जिल्ला रौतहट, जटहरा गा.वि.स. वडा नं. ५ (हाल ईशनाथ न.पा. वडा नं. ८)
२२	**१) ऋणी फर्म : ओसैद सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता: ओसैद खाँ** दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३८०९०/०७५/७६, दर्ता मिति २०७५/११/२८, ठेगाना: जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं. ३१
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी : ओसैद खाँ** स्थायी ठेगाना : पर्सा जिल्ला, बेलवा गा.वि.स. वडा नं. २, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३१, बाबु : सरफुल्लाह खाँ, बाजे : हदायत खाँ
	जमानीकर्ता: रहिमुन खातुन, स्थायी ठेगाना : पर्सा जिल्ला, बेलवा गा.वि.स. वडा नं. २, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३१, बाबु : एमानुल्लाह वेग, ससुरा : सरफुल्लाह खाँ, पति : ओसैद खाँ
२३	**ऋणी फर्म : दिव्या रेडिमेड बस्त्रालय, प्रोप्राईटर तथा जमानीकर्ता: विगनेश पासवान** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ९०८१/१५५८, स्थानिय, दर्ता मिति २०७६/१२/०३, ठेगाना: जिल्ला रौतहट, सखुअवा गा.वि.स. वडा नं. ५ (हाल माधवनारायण न.पा. वडा नं. ३)
२४	**ऋणी फर्म : जयसवाल विज भण्डार, प्रोप्राईटर तथा जमानीकर्ता: उमा शंकर साह कलवार** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फा.र.नं.११४३३/१०१, दर्ता मिति २०७८/०४/११, ठेगाना: जिल्ला रौतहट, बौधिमाई न.पा. वडा नं. ५
२५	**ऋणी फर्म : कविराज स: मिल, सञ्चालक तथा जमानीकर्ता: विजय कुमार सहनी** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा उद्योग दर्ता नं.: ७७४२/४१/१५८/२, दर्ता मिति २०७७/०४/१६, ठेगाना: जिल्ला रौतहट, गोडही गुठी गा. वि.स. वडा नं. ८ (हाल गरुडा न.पा. वडा नं. २)
२६	**ऋणी फर्म : आदिल किराना पसल, प्रोप्राईटर तथा जमानीकर्ता: सजिरा सेखिन** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.नं. ९४९८/३४८, दर्ता मिति २०७७/०६/१८, ठेगाना: जिल्ला रौतहट, बसविट्टी गा.वि.स. वडा नं. १ (हाल गरुडा न.पा. वडा नं. ८)
२७	**ऋणी फर्म : आर. आर. ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता: तेतरी देवी** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ११४५९/१२८, दर्ता मिति २०७८/०४/१३, ठेगाना: जिल्ला रौतहट, परोहा न.पा. वडा नं. ४
२८	**ऋणी फर्म : लक्की रेडीमेड पसल, प्रोप्राईटर तथा जमानीकर्ता: उषा कुमारी** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ९४३०/२८०, दर्ता मिति २०७७/०६/१३, ठेगाना: जिल्ला रौतहट, देवाही गोनाही न.पा. वडा नं. ८
२९	**ऋणी : कृष्ण प्रसाद कुर्मी** स्थायी ठेगाना : रौतहट जिल्ला, जेठरहीया गा.पं. वडा नं. ७, हालको ठेगाना : रौतहट जिल्ला, यमुनामाई गा.पा. वडा नं. १ बाबु : राम देव राउत, बाजे : जदुनन्दन भगत
३०	**ऋणी : सिकिल देव मुखिया** ठेगाना : रौतहट जिल्ला, विसुनपुर्वामानपुर गा.वि.स वडा नं. २, बाबु : बुझावन मुखिया, बाजे : दलखोरी मुखिया
३१	**ऋणी फर्म : शान्ति राईस मिल, सञ्चालक तथा जमानीकर्ता: हरिनारायण साह** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फा.र.नं. : ७८८८/१८७/१९०/२४ (गरुडा), दर्ता मिति २०७७/०६/१४, ठेगाना: जिल्ला रौतहट, गरुडा न.पा. वडा नं. २

नोट: ऋणी तथा जमानीकर्ता/प्रोपाइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/प्रोपाइटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

Chishankhugadhi Rural Municipality
Office of the Rural Municipal Executive
Serna, Okhaldhunga

NOTICE OF TECHNICAL BID APPROVAL

First date of publication: 7th Mangsir, 2082 (23rd Nov., 2025)

This is to notify to all the bidders who have submitted E-bids for the contract as per notice dated 11th of Bhadra, 2082 in Naya Patrika as per following details. Of all the received bids, the technical bid of following bidder succeeded qualification criterions and found to be substantially responsive. Hence, in accordance with the clause 27 (2) & (3) of PPA 2063 for the purpose of Clause 47 of same act, any bidder who disagrees with the decision, can give application for review within seven days starting from the date of publication of this notice. Thus, It is to inform all the concerned firms hereby that the financial bid will be opened at 11:00 office hours on 14th of Mangsir, 2082 at the same office.

Contract No. Description of works	Substantially Responsive Successful Bidder's in Technical Bid Evaluation:
Construction of Administrative Building. (RE-CRM/NCB/WORKS/09/081/082)	Chandrajyoti/P&DK/Sirjanshil JV, Mahadevstan Marg-35, Koteshwor.

Chief Administrative Officer

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

प्रकाशित मिति: २०८२/०८/०७

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८२/०८३ अन्तर्गत तपसिल बमोजिमका कार्यको लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

ठेक्का न.	कामको विवरण	फर्म/ कम्पनी	कबोल रकम
12/DSMC/ 2082/083	Construction of RCC Framed School Building of Tribhuwan Secondary School Ward No. 03 DSMC	श्री पी एन एस/ सी डी बी जे. भी. धनगढी, कैलाली	रु. १,२९,७४,८१५/७५ मु. अ. क. बाहेक
23/DSMC/ 2082/083	धनगढी उप-महानगरपालिकामा सिप तथा रोजगार मेला २०८२ संचालनका लागि आधारभूत संरचना सहित अस्थायी डोम निर्माण गरी ४० दिनसम्म भाडामा उपलब्ध गराउने सम्बन्धी कार्य	श्री पिंकी टेन्ट हाउस एण्ड क्याटरिंग सेन्टर धनगढी, कैलाली	रु. ३९,५१,०००/०० मु. अ. क. बाहेक

प्रमुख प्रशासकीय अधिकृत

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय

सामाजिक विकास कार्यालय
सल्यान, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति : २०८२/०८/०७

यस कार्यालयबाट मिति २०८२।०६।३० गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार देहायका बोलपत्र नं. को सम्बन्धमा रीतपूर्वक दर्ता भएका बोलपत्रदाताहरू मध्ये मूल्याङ्कन समितिको निर्णयानुसार तपसिलमा उल्लिखित बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिकालागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

बोलपत्र नं.	निर्माण कार्यको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक रु. (मु.अ.कर बाहेक)
SDO/SLY/W/ NCB/01/2082/083	Construction School Building of Shree Primary School Bangadhkupinde-10, Thapachaur, Salyan	Shiva Shakti PrijamNirmanSewa, Kohalpur-08, Banke	2700901.98
SDO/SLY/W/ NCB/02/2082/083	Construction School Building of Shree Siddheshwori Secondary School Bangadhkupinde-12, Nigalchula, Salyan	Laxmi Construction, Sharada-05, Salyan	3783071.85
SDO/SLY/W/ NCB/03/2082/083	Construction School Building of Shree Saraswati Secondary School Triveni-05, Simka, Salyan	Bhandari Construction, Sharada-15, Salyan	2722259.12
SDO/SLY/W/ NCB/04/2082/083	Construction School Building of Shree JanakalyanPrimary School Darma-01, Syalagaun, Salyan	Shree Krishna Builders, Gadhawa-05,Dang	2716974.79
SDO/SLY/W/ NCB/05/2082/083	Construction School Building of Shree Laxmi Basic School Chhatreshwari-01, Jalekharka, Salyan	PokhrelNirmanSewa, Simta-01, Surkhet	2995782.15

कार्यालय प्रमुख

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार ७ मंसिर ०८२

■ नेप्से पुनर्संरचनासम्बन्धी आधा दर्जन समितिका सुझाव अर्थको दराजमा

अध्ययन गर्न फेरि बनाइयो समिति



कहिले-कहिले बने समिति ?

- **मुद्रा तथा पुँजी बजारमा देखिएका प्रवृत्तिहरूको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीको स्रोत व्यवस्थापन समितिको प्रतिवेदन, २०७५**
- **नेप्से र सिडिएससीको वर्तमान संरचनाको अन्तर्राष्ट्रिय अभ्याससमेतको अध्ययन गरी प्रतिवेदन पेस गर्न गठित कार्यदलको प्रतिवेदन, २०७६**
- **पुँजी बजार र मुद्रा बजारसम्बन्धी अध्ययन प्रतिवेदन, २०७७**
- **नेप्सेको पुनर्संरचनासम्बन्धी अध्ययन प्रतिवेदन, २०८०**
- **नेप्से पुनर्संरचना अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने सम्बन्धमा नेप्सेले तयार गरेको प्रस्ताव, २०८०**
- **धितोपत्र बजार सञ्चालनका लागि एकभन्दा बढी संगठित संस्थालाई अनुमति दिन उपयुक्त हुने-नहुने सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन, २०८१**
- **नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्संरचनासम्बन्धी सुझाव समिति, २०८२ गठन गर्ने**

निर्णय गर्न छाडेर सुझाव समिति बनाउनु भुलभुलैया मात्रै हो



● **प्राडा रेवतबहादुर कार्की**, पूर्वमहाप्रबन्धक
नेपाल स्टक एक्सचेन्ज (नेप्से)

विगतमा पटक-पटक गरिएका अध्ययन र प्राप्त सुझाव प्रतिवेदनलाई दराजमै थन्क्याएर फेरि अर्को सुझाव समिति गठन गर्नु भुलभुलैया मात्रै हो । दुई दशकअघिदेखि नै पुनर्संरचनाको कुरा उठेको हो, दुई दशकअघि मेरो कार्यकालमा केही थालनी पनि भएको हो, हामीले पनि सुझाव दिएका हौं, पटक-पटक समिति बनेर सुझाव मागियो, तर त्यसअनुसार काम नै भएन । कार्यान्वयन नै नगर्ने हो भने समिति गठन गरेर राज्यकोषमा व्ययभार किन बढाउनु ? प्राप्त सुझाव कार्यान्वयन नगरी अर्को समिति गठन गर्नु देखावटी काम मात्रै हो । नेप्से पुनर्संरचना गर्छन्जस्तो लाग्दैन ।

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले आफ्नो बहुमत सेयर रहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) पुनर्संरचनाका लागि सुझाव समिति गठन गर्ने, तर तिनले दिएका सुझाव कार्यान्वयन नगर्ने प्रवृत्तिलाई दोहोऱ्याएको छ । नेप्से पुनर्संरचनाका सम्बन्धमा आधा दर्जन सुझाव सरकारको दराजमा थन्किएका छन् । तर, प्राप्त सुझावलाई कार्यान्वयन गर्न छाडेर राज्यकोषमा व्ययभार थपिने गरी सरकारले पुनः नयाँ सुझाव समिति गठन गरेको छ ।

२ मंसिरमा बसेको मन्त्रिपरिषद् बैठकले 'नेप्सेको पुनर्संरचना गर्न आवश्यक अध्ययन गरी सुझाव पेस गर्न प्रकाशजंग थापाको संयोजकत्वमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्संरचनासम्बन्धी सुझाव समिति, २०८२ गठन गर्ने' निर्णय गरेको हो । विगतमा पटक-पटक गरिएका अध्ययन र प्राप्त सुझाव प्रतिवेदनलाई दराजमै थन्क्याएर फेरि अर्को सुझाव समिति गठन गर्नु भुलभुलैया मात्रै हुने नेप्सेकै पूर्वमहाप्रबन्धक प्राडा रेवतबहादुर कार्की बताउँछन् ।

'दुई दशकअघिदेखि नै पुनर्संरचनाको कुरा उठेको हो, हामीले पनि सुझाव दिएका हौं, पटक-पटक समिति बनेर सुझाव मागियो, तर त्यसअनुसार काम नै भएन,' उनले भने, 'कार्यान्वयन नै नगर्ने हो भने समिति गठन गरेर राज्यकोषमा व्ययभार किन बढाउनु ? प्राप्त सुझाव कार्यान्वयन नगरी अर्को समिति गठन गर्नु देखावटी काम मात्रै हो ।'

निर्णय गर्न छाडेर समिति बनाउनेतर्फ लाग्नु भनेकै पुनर्संरचनालाई अझ पर सार्नु भएको उनको तर्क छ । 'सरकारी सेयर विनिमेष गर्न वा रणनीतिक साझेदार भित्र्याउन किन पटक-पटक अध्ययन गरिरहनुपर्छ ?' प्रश्न गर्दै उनले भने, 'अध्ययनमै अलमलिनु भनेको नेप्से पुनर्संरचना गर्ने मनसाय छैन भन्नु हो ।' यो चुनावी सरकारले पनि नेप्से पुनर्संरचनालाई अघि बढाउनेमा आश्वस्त हुने अवस्था नरहेको उनले बताए ।

नेप्सेको कार्यक्षमता, प्रणाली र संरचनामाथि बारम्बार प्रश्न उठ्दै आएको छ । सरकारको ५८.६६ प्रतिशत सेयर स्वामित्व रहेको नेप्सेलाई आधुनिक, चुस्त र बलियो बनाउन पुनर्संरचना गर्नुपर्ने विज्ञहरूले बताउँदै आएका छन् । सरकारले पनि आफ्ना पछिल्ला हरेकजसो नीति-कार्यक्रम तथा बजेट भाषणमा नेप्से पुनर्संरचनालाई प्राथमिकता दिँदै आएको छ । तर, कार्यान्वयन भने गर्ने गरेको छैन । नेप्समा सरकारका अलाबा नेपाल राष्ट्र बैंकको ९.५ प्रतिशत, राष्ट्रिय वाणिज्य बैंकको ११.२३ प्रतिशत, कर्मचारी सञ्चय कोषको १० प्रतिशत, लक्ष्मी बैंकको ५ प्रतिशत, प्रभु बैंकको ५ प्रतिशत र अन्यको ०.६० प्रतिशत सेयर स्वामित्व रहेको छ ।

■ अर्थमा थन्किएका प्रतिवेदन र तिनका सुझाव

दुई दशकमा करिब एक दर्जन अर्थमन्त्री फेरिए, तर उनीहरूले नेप्से संरचनालाई घोषणामै सीमित राखे । अर्थ मन्त्रालयमा थन्किएका सुझावलाई कसैले पनि कार्यान्वयनमा ल्याएनन्, बरु थप अध्ययन भने गराइरहे । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठ संयोजक रहेको 'मुद्रा तथा पुँजी बजारमा देखिएका प्रवृत्तिहरूको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीको स्रोत व्यवस्थापन समितिको प्रतिवेदन, २०७५' ले नेप्से पुनर्संरचना गर्नुपर्ने सुझाव दियो । एक वर्षपछि बनेको 'नेप्से र सिडिएससीको वर्तमान संरचनाको अन्तर्राष्ट्रिय अभ्याससमेतको अध्ययन गरी प्रतिवेदन पेस गर्न गठित कार्यदलको प्रतिवेदन, २०७६' पनि अर्थ मन्त्रालयमै थन्किएको छ ।

संसद्को अर्थ समितिले सांसद रामकुमारी झाँक्रीको संयोजकत्वमा गठन गरेको पुँजी बजार र मुद्रा बजारसम्बन्धी अध्ययन उपसमितिले तयार गरेको अध्ययन प्रतिवेदनले नेप्सेमा विदेशी रणनीतिक साझेदार भित्र्याउनुपर्नेदेखि स्वामित्व परिवर्तन गर्नुपर्ने सुझाव दिएको छ । 'विदेशी रणनीतिक साझेदार भित्र्याउँदा सेवाको स्तरीयता र विश्वसनीयता बढेको छिमेकी देशहरूको अनुभवसमेतका आधारमा एउटा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त स्टक एक्सचेन्जलाई रणनीतिक साझेदारका रूपमा भित्र्याउने र नेप्सेको स्वामित्व पुनर्संरचना गर्ने' प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, नेप्सेको प्राविधिक, भौतिक, व्यवस्थापकीय, वित्तीय र मानव स्रोतको क्षमता विकास गर्ने, नेप्सेमा अटो सर्भिलियन्स सिस्टम जडान गरी कार्यान्वयनमा ल्याउने, पूर्वाधारयुक्त क्लियरिङ कम्पनीको व्यवस्था गर्ने, धितोपत्र कारोबारलाई पूर्ण रूपमा विद्युतीय प्रणालीमा आबद्ध गरी स्वचालित बनाउने, नेप्सेको वित्तीय कारोबार प्रणालीको अन्तर्राष्ट्रियस्तरका प्रणाली सुपरिवेक्षकबाट अन्तर्राष्ट्रिय मापदण्डअनुर सम्परीक्षण गर्नेलगायत सुझाव झाँक्री नेतृत्वको समितिले दिएको थियो ।

नेप्सेको पुनर्संरचनासम्बन्धी अध्ययन प्रतिवेदन, २०८० ले नेप्सेको चुक्ता पुँजी वृद्धि गर्ने, नेप्सेको सेयर सर्वसाधारणमा जारी गर्ने, सिडिएससीमा रहेको शतप्रतिशत लगानीलाई विनिवेश गरी ५१ प्रतिशतसम्म कायम गर्ने, नेप्सेको पुँजी तीन अर्ब बनाउने, विदेशी सिप, प्रविधि र आधुनिक व्यवस्थापकीय ज्ञान भएको उपयुक्त विदेशी संस्थालाई रणीतिक साझेदारका रूपमा भित्र्याउने, व्यवस्थापन करार सेवामा लिई संस्थालाई क्षमतावान् बनाउने, कुनै एक पक्षको प्रभुत्व नहुने गरी सेयर संरचना परिवर्तन गर्ने, नेप्सेको विस्तृ लेखा परीक्षण (ड्यु डेलिजेन्स अडिट) गराउनेलगायत सुझाव दिएको थियो । नेप्सेको पुँजी तीन अर्ब बनाउने, साबिकका सेयरधनीको स्वामित्व ३३.३३ प्रतिशत कायम गर्ने, स्वदेशी विदेशी संस्थागत लगानीकर्तालाई ३६.६७ प्रतिशत, विदेशीले स्टक एक्सचेन्जलाई १५ प्रतिशत तथा एउटा स्वदेशी संस्थागत लगानीकर्ता वा समूहलाई बढीमा ५ प्रतिशत सेयर प्रदान गर्ने तथा पुँजी संरचनाका आधारमा नेप्सेको पूर्ण संरचना गर्न प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्नेलगायत ।

पूर्वडेपुटी गभर्नर चिन्तामणि शिवाकोटी समिति संयोजकत्व रहेको समितिले नेप्सेलाई पुँजी, प्रविधि, प्रणाली, व्यवस्थापन, जनशक्ति आदिले सक्षम, सुदृढ र सबल बनाउनुपर्ने औंल्याएको छ । समितिले न्यूनतम चुक्ता पुँजी तीन अर्ब कायम गर्न, ३० प्रतिशत सेयर सर्वसाधारणलाई दिने गरी आइपिओ ल्याउन, स्वतन्त्र सञ्चालकहरूको बहुमत हुने व्यवस्था गर्न, नेप्सेको कारोबार प्रणाली र बैंक इन्टिग्रेसनसम्बन्धी कार्य शीघ्र सम्पन्न गर्न, अन्तर्राष्ट्रियस्तरमा मान्यताप्राप्त कारोबार प्रणाली स्थापना गर्न, योग्य र दक्ष जनशक्ति नियुक्ति गर्न, असल संस्थागत सुशासनको अभ्यास स्थापित गर्न, अन्तर्राष्ट्रिय बजारमा उपलब्ध कमर्सियल पेपर, ट्रेजरी नोट, डेरिभेटिभ्स, फ्युचर मार्केट, स्वाप, डिपोजिटरी रिसिप्ट, एक्सचेन्ज ट्रेडेड फन्ड, रियल इस्टेट इन्भेस्टमेन्ट ट्रस्ट, मोडगेज एन्ड मोडगेज ब्याक उपकरण, लेन्डिङ तथा बरोइङ, इन्ट्रा डे ट्रेडिङ, बैंक डिपोजिटर तथा इन्स्योरेन्स प्रोडक्टजस्ता नयाँ उपकरणहरूको उपलब्धताको संरचना स्थापन गरी कारोबार गर्नसमेत सुझाव दिएको थियो ।

शिवाकोटी समिति संयोजकत्व रहेको समितिले तयार पारेको 'धितोपत्र बजार सञ्चालनका लागि एकभन्दा बढी संगठित संस्थालाई अनुमति दिन उपयुक्त हुने-नहुने सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन, २०८१' ले नेप्सेको पुनर्संरचनालाई व्यंग्यसमेत गरेको छ ।

लामो समयदेखि पुनर्संरचनाको कुरा उठे पनि त्यसअनुसार काम नभएकोप्रति प्रतिवेदनले व्यंग्य गर्दै अबको १५ वर्षसम्म समेत नेप्सेको पुनर्संरचना नहुने औंल्याएको छ । 'नेप्सेको पुनर्संरचना गर्ने धारणालाई नराम्रो भन्न सकिएन । तर, नेप्सेको पुनर्संरचना गर्ने सोच राख्यो भने अबको १५ वर्षसम्म पनि पुनर्संरचनाको योजनाले सार्थकता पाउने कुरामा विश्वस्त बन्न सकिएन,' प्रतिवेदनमा उल्लेख छ ।

■ नागढुंगा सुरुङमार्ग

जापानिज कम्पनी हाज्मालाई ६ महिना म्याद थप्ने तयारी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालको पहिलो आधुनिक सुरुङमार्ग 'सिस्नेखोला-नागढुंगा'मा बाँकी काम सम्पन्न गर्न जापानिज निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनलाई ६ महिना म्याद थप गर्ने तयारी गरिएको छ ।

सुरुङमार्ग तयार भए तापनि परियोजनामा पहिरो नियन्त्रणलगायतका भौतिक निर्माणका काम भने बाँकी नै छन् । विशेष गरी सुरुङमार्गको पश्चिम प्रवेशद्वार जोड्ने सडकमा पहिरो नियन्त्रणको काम बाँकी छ । पश्चिम सडकको माथिल्लो साइटमा भिरालो पहाड छ, जहाँ पटक-पटक पहिरो जाने समस्या छ । त्यो काम सम्पन्न गर्न निर्माण कम्पनीलाई ६ महिना म्याद थप गर्न लागिएको हो । निर्माण कम्पनीले पहिरो नियन्त्रणको काम गर्न सडक विभागमा डिजाइन पेस गरिसकेको छ । विभागले त्यो स्वीकृति गरेपछि पहिरो नियन्त्रणको काम अघि बढ्नेछ ।

निर्माण कम्पनीलाई दिएको पछिल्लो म्याद गत २५ अक्टोबर अर्थात् ७ कात्तिकमै सकिएको छ । त्यसपछि म्याद थप नभए पनि कम्पनीले काम भने गरिरहेको छ ।

परियोजनाका सिनियर डिभिजनल इन्जिनियर सञ्जय पन्थले निर्माण कम्पनीलाई ६ महिना म्याद दिने सहमति भए पनि निर्णय हुन बाँकी रहेको बताए । 'पहिलो नियन्त्रणको डिजाइन फाइनल हुन बाँकी छ । डिजाइनले अन्तिम रूप पाएपछि म्याद थपबारे निर्णय हुनेछ,' उनले भने, 'कात्तिक ८ गतेबाट लागू हुने गरेर ६ महिना म्याद थप गर्ने प्रारम्भिक सहमति भएको छ ।'

निर्माण कम्पनीलाई यसअघि पनि तीनपटक म्याद थप गरिसकिएको थियो । सुरुङमार्ग निर्माणका लागि सडक विभाग र कम्पनीबिच सेप्टेम्बर २०१९ मा ठेक्का सम्झौता भएको थियो । ठेक्का रकम भन्डै साढे १३ अर्ब रुपैयाँ छ । त्यसको ४२ महिना अर्थात् अप्रिल २०२३ भित्र आयोजनाको निर्माण सम्पन्न गर्नुपर्ने पहिलो सम्झौता थियो । तर, बिचमा कोरोना महामारीलगायतका कारण पनि आयोजनाको निर्माणकार्य प्रभावित भयो । त्यसपछि कोरोनाका कारण ८६ दिनसहित गरेर दुईपटक म्याद थप गरेर अप्रिल २०२४ सम्म पुऱ्याइएको थियो । तर, त्यस अवधिमा पनि कम्पनीले सम्पन्न गर्न सकेन । त्यसपछि कम्पनीलाई १८ महिना म्याद थप गरेर २५ अक्टोबर २०२५ सम्म पुऱ्याइएको थियो, जुन म्याद गत ७ कात्तिकमा सकिएको थियो । अहिले थप ६ महिना म्याद थप गर्न लागिएको छ । यो अवधिमा भने परियोजना सम्पन्न हुने सडक विभागको अपेक्षा छ ।

सुरुङमार्ग सञ्चालन गर्न सडक विभागले विदेशी सर्भिस प्रोभाइडर कम्पनी ल्याउँदै छ । त्यसका लागि गत १६ कात्तिकमा ४५ दिने अन्तर्राष्ट्रिय टेन्डर आह्वान गरिएको छ । नेपालमा सडक विभागसहित अन्य कुनै पनि निकाय तथा कम्पनीसँग सुरुङमार्ग सञ्चालनको अनुभव छैन । त्यसैले पहिलो पाँच वर्षका लागि विदेशी कम्पनी ल्याउन लागिएको हो । यद्यपि, विदेशी कम्पनीले अनिवार्य रूपमा संयुक्त उपक्रममा नेपाली कम्पनी समावेश गर्नुपर्नेछ । अबको तीन महिनामा सेवाप्रदायक छनोट गर्ने र पश्चिमतर्फ पहिरो नियन्त्रणको काम सुरु गरेर सडक चौडा गर्ने तथा टोलबुथ बनाएर सुरुङमार्ग सञ्चालन गर्ने लक्ष्य छ । यसअघि २०२६ जनवरी १ तारिख (पुस १७) बाट सुरुङमार्ग सञ्चालन गर्न लक्ष्य राखिएको थियो । तर, अब त्यो मितिमा सुरुङमार्ग सञ्चालनमा नआउने पक्का भएको छ ।

कस्तो छ सुरुङमार्ग ?

परियोजनामा मुख्यतः दुई सुरुङमार्ग छन् । आयोजनामा मुख्य सुरुङको लम्बाइ दुई हजार ६ सय ८८ मिटर रहेको छ । यस्तै, सहायक (इभ्याकुएसन) सुरुङको कुल लम्बाइ दुई हजार पाँच सय ५७ मिटर रहेको छ । मुख्य सुरुङ नियमित रूपमा सञ्चालन गरिनेछ भने सहायक सुरुङ आपत्कालीन समयमा उद्धारका लागि सञ्चालन गरिनेछ । यहाँको लेनलाई अन्य सडकमा जसरी कालोपत्रे गरिएको छैन । सुरुङभित्रको सडकलाई 'कन्टिन्युअस्ली रिइन्फोर्स्ड कङ्क्रिट पेवमेन्ट' (सिआरसिपी) प्रविधिबाट क्रंकिट गरिएको छ । त्यसमा दुई तहमा '२० एमएम'का स्टिल राखेर ३० सेन्टिमिटरको मोटाइमा क्रंकिट गरिएको छ । नेपालमा यो प्रविधिबाट सडक लेन क्रंकिट गरेको पहिलोपटक हो ।

यो प्रविधिले सुरुङलाई स्थिर राख्न पनि सहयोग पुग्नेछ । यस्तै, सुरुङबाहिरको सडक लेनलाई भने 'रिइन्फोर्स्ड कङ्क्रिट पेवमेन्ट' (आरसिपी) प्रविधिमा क्रंकिट गरिएको छ । सुरुङभित्र र बाहिरको सडक जोडिने ठाउँमा भने 'जोइन्ट रिइन्फोर्स्ड कङ्क्रिट पेवमेन्ट' (जेआरसिपी) प्रविधिमा क्रंकिट गरिएको छ । यो प्रविधिबाट सडक क्रंकिट गर्दा ५० वर्षसम्म टिक्नेछ ।

सुरुङमार्गभित्र दुई लेन सडक छन् । यद्यपि, सुरुङमार्गभित्र सवारीसाधनले 'ओभरटेक' गर्न पाउनेछैनन् । वितपरीत लेनमा सवारीसाधन जान नदिनका लागि बिचमा डिभाइडरको सट्टा सडकलाई सामान्य 'खाल्डो'जस्तो बनाइएको छ । सुरुङमार्गभित्र अक्सिजन तथा एयर कुलरको व्यवस्था छ । साथै, अग्नि नियन्त्रणका लागि पनि आवश्यक व्यवस्था गरिएको छ । यस्तै, सुरुङमार्ग सञ्चालन गर्न नियमित रूपमा दुई मेगावाट विद्युत् आवश्यक पर्छ । यसका लागि नेपाल विद्युत् प्राधिकरण डेडिकेटेड फिडरमार्फत विद्युत् आपूर्ति गरिरहेको छ । यदि, कुनै कारणवश विद्युत् गएमा 'ब्याकअप'मा डिजेल प्लान्ट (जेनेरेटर) राखिएको छ ।



श्री महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालय रामगोपालपुर

महोत्तरी नेपाल

शिक्षकको आवश्यकता

प्रकाशित मिति : २०८२/०८/०७

उपर्युक्त विषय सम्बन्धमा यस श्री म.रा.मा.वि.रामगोपालपुरको शिक्षक छनौट समितिको मिति २०८२/०७/३० गतेको निर्णय अनुसार यस विद्यालयमा संचालित प्राविधिक धार तर्फको वाली विज्ञान विषयमा तपसिल अनुसारका पदहरूमा खुल्ला प्रतिस्पर्धाद्वारा नियुक्ति गर्न तल उल्लेखित शर्तहरू अनुसार योग्यता पुगेका नेपाली नागरिकहरूलाई दरखास्त दिन यो सूचना आह्वान गरिएको छ ।

तपसिल

क्र.सं.	विज्ञापन नं.	तह/श्रेणी	पद	संख्या	न्यूनतम योग्यता	कै.
१	०१/२०८२/०८३	नि.मा.शि.तृ. श्रेणी सरह	साहायक प्रशिक्षक	१	वाली विज्ञान विषयमा +२ वा सो सरह उत्तीर्ण	
२	०२/२०८२/०८३	मा.शि.तृ. श्रेणी सरह	प्रशिक्षक	२	वाली विज्ञान विषयमा स्नातक वा सो सरह उत्तीर्ण	
३	०३/२०८२/०८३	मा.शि.द्वी. श्रेणी सरह	प्रशिक्षक	२	वाली विज्ञान विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण	
४	०४/२०८२/०८३	मा.शि.द्वी. श्रेणी सरह	शिक्षक	१	भौतिक शास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण	
५	०५/२०८२/०८३	मा.शि.द्वी. श्रेणी सरह	शिक्षक	१	रसायन शास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण	

२. **उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
३. हस्त लिखित निवेदन ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
५. आफूले प्राप्त गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपी ।
६. **निवेदन दस्तुर :** विज्ञापन नं. ०१/२०८२/०८३ को लागि रु. १०००/- (एक हजार मात्र) र बाँकी वि.नं को लागि रु. १५००/- (एक हजार पाँच सय मात्र) ।
७. यस श्री म.रा.मा.वि. रामगोपालपुरको खाता रहेको सिद्धार्थ बैंक लि. रामगोपालपुरमा खाता नं ०२३१५१२७०२५ मा जम्मा गरेको रकमको सक्कल बैंक भाउचर ।
८. **निवेदन दिने मिति :** २०८२-०८-०३ गते देखि २०८२-०९-०३ गते सम्म ।
९. **निवेदन दिने स्थान र समय :** श्री म.रा.मा.वि. रामगोपालपुर, विद्यालय संचालन रहेको समय भित्र ।
१०. **परीक्षाको किसिम :** लिखित र मौखिक तथा आवश्यकता अनुसार प्रयोगात्मक ।
११. **सम्पर्क मिति :** २०८२-०९-०४ गते ।
१२. **परीक्षा हुने दिन :** सम्पर्क मितिको दिन निर्धारण गरिने छ ।
१३. **सेवा सुविधा :** प्रचलित नियमानुसार ।
१४. **नियुक्तिको प्रकार :** करार

बागमतीको बजेट खर्च ७.२७ प्रतिशत, आम्दानीको अवस्था पनि कमजोर

मकवानपुरमा **पोष्टराज अधिकारी**

बजेट खर्चको मामिलामा बागमती प्रदेश सरकार चालू आर्थिक वर्षको पहिलो चार महिनामा गत आवभन्दा कमजोर देखिएको छ । प्रदेश सरकारले चालू आव ०८२/८३ को पहिलो चार महिनामा कुल बजेटको ७.२७ प्रतिशत मात्रै खर्च गरेको छ ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार चालू आवको पहिलो चार महिनामा चार अर्ब ९० करोड ३५ लाख खर्च भएको छ । प्रदेश सरकारले चालू आवका लागि ६७ अर्ब ४७ करोड ७३ लाखको बजेट सार्वजनिक गरेको थियो ।

गत आर्थिक वर्ष ०८१/०८२ को यही अवधिमा प्रदेश सरकारले कुल बजेटको ७.९३ प्रतिशत बजेट खर्च गरेको थियो । गत आवमा पाँच अर्ब ११ करोड ६९ लाख खर्च गरेको प्रदेश सरकारले कुल ६४ अर्ब ५४ करोड चार लाखको बजेट ल्याएको थियो ।

मन्त्रालयका अनुसार चालू आवको यस अवधिमा चालूभन्दा पुँजीगततर्फको बजेट निकै कम खर्च भएको छ । चालूतर्फ २६ अर्ब चार करोड ३८ लाख विनियोजन गरिएकोमा १३.६८ प्रतिशत खर्च हुँदा पुँजीगततर्फ ४१ अर्ब ४३ करोड ३५ लाख विनियोजन भएकोमा ३.२४ प्रतिशत मात्रै खर्च भएको छ । यता अर्थ विविध शीर्षकमा चालू र पुँजीगत गरी १० अर्ब ६३ करोड ७३ लाख विनियोजन गरिएकोमा खर्च हुन सकेको छैन । प्रदेशका १४ मन्त्रालयका लागि बजेट विनियोजन भएको बागमती प्रदेशमा सबैभन्दा बढी श्रम रोजगार तथा यातायात मन्त्रालयले १६.६३ प्रतिशत र सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले १.१४ प्रतिशत बजेट खर्च गरेको छ ।

राजस्व संकलन पनि कमजोर

प्रदेश सरकारको पहिलो चौमासिकको आम्दानी पनि निकै कमजोर देखिएको छ । चालू आवमा संघीय सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट र आन्तरिक राजस्व संकलनबाट ६७ अर्ब ४७ करोड ७३ लाख आम्दानी गर्ने लक्ष्य राखेको प्रदेश सरकारले पहिलो चार महिनामा



लक्ष्यको जम्मा १७.१८ अर्थात् ११ अर्ब ५९ करोड ११ लाख ४१ हजार आम्दानी गरेको छ । प्रदेश सरकारले चालू आवमा गत आवको यही अवधिको भन्दा भन्डै लक्ष्यभन्दा दुई प्रतिशतले बढी आम्दानी गर्न सफल भएको छ । गत आवमा यसै अवधिमा प्रदेश सरकारले कुल लक्ष्यको १५.५० प्रतिशत अर्थात् १० अर्ब पाँच लाख रुपैयाँ आम्दानी गरेको थियो ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार प्रदेश सरकारले संघीय सरकारबाट प्राप्त हुने समानीकरण, ससर्त, विशेष र समपूरक शीर्षकबाट २३.३७ प्रतिशत अर्थात् तीन अर्ब ४६ करोड ३४ लाख ७१ हजार अनुदान प्राप्त भएको छ । प्रदेश सरकारले चालू आवमा संघीय सरकारबाट १४ अर्ब ८१ करोड ३० लाख अनुदान प्राप्त गर्ने अनुमान गरेको थियो ।

यस्तै, प्रदेश सरकारले राजस्व बाँडफाँटबाट चालू आवमा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार रुपैयाँ आम्दानी गर्ने अनुमान गरेकोमा ६ अर्ब ९३ करोड ६४ लाख ४६ हजार रुपैयाँ अर्थात् २२.४५ प्रतिशत प्राप्त भएको छ । प्रदेश सरकारको आन्तरिक स्रोतबाट चालू आवमा चार अर्ब ७७ करोड ७४ लाख २५ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा यस अवधिमा २३.०७ प्रतिशत अर्थात् एक अर्ब १३ करोड २२ लाख २८ हजार रुपैयाँ प्राप्त भएको छ । यसैगरी, प्रदेश सरकारले बेरुजु तथा गत वर्षको नगद मौज्दातबाट १६ अर्ब ९८ करोड ९४ लाख १३ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरेकोमा अहिलेसम्म ०.३५ प्रतिशत अर्थात् पाँच करोड ८९ लाख ९५ हजार रुपैयाँ मात्रै प्राप्त गरेको मन्त्रालयले जनाएको छ ।

मुग्लिन-पोखरा राजमार्गको विजयपुरमा चार घण्टा बाटो बन्द हुने

कास्की/ स्तरोन्नतिको काम हुँदै गरेको मुग्लिन-पोखरा राजमार्ग सुधार आयोजनाअन्तर्गतको पश्चिम खण्डमा ११ मंसिरसम्म दैनिक चार घण्टा बाटो पूर्ण-आंशिक बन्द हुने भएको छ । पोखरा- २६, विजयपुरस्थित खोलामा निर्माण हुँदै गरेको दुई लेनको पुलमा गर्डरहरू राख्ने कामका लागि ६ देखि ११ मंसिरसम्म बाटो बन्द हुने आयोजनाको पश्चिम खण्डका प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिए ।

उनका अनुसार शनिबारदेखि दैनिक बिहान दुई र दिउँसो दुई घण्टा पोखरादेखि विजयपुर हुँदै तालचोक जाने र सोही रुट हुँदै आउने सवारीसाधनलाई पूर्ण-आंशिक रूपमा बन्द हुन्छ । पोखरादेखि विजयपुर हुँदै तालचोक जाने र सोही रुट हुँदै आउने सवारीसाधनलाई सो समय वैकल्पिक बाटो प्रयोग गर्न आयोजनाले अनुरोध गरेको छ ।

Chishankhugadhi Rural Municipality

Office of the Rural Municipal Executive

Serna, Okhaldhunga

Invitation of Bids

First Date of Publication: 2082-08-07 (23rd Nov., 2025)

Chishankhugadhi Rural Municipality, Office of the Municipal Executive invites bids from eligible bidders for the following Works under SQ Procedures. For the further information please visit www.bolpatra.gov.np/egp or contact Chishankhugadhi Rural Municipality, Office of the Rural Municipal Executive.

Contract ID	Description of SQ	Estimated Amount (Without VAT)	Bid Security Amount (NRs.)	Bid Document fee NRs.	Last Date of bid Submission
CRM/SQ/VETGOODS/ 03/082/83	Supply and Delivery of Veterinary Medicine and Medical Items.	13,49,455.00	35,000.00	1,000.00	2082/08/23 B.S. (9th Dec., 2025) 12:00 noon
CRM/SQ/MED/ 04/082/83	Supply and Delivery of Medicine and Surgical Items.	24,34,286.92	65,000.00	1,000.00	

Chief Administrative Officer

सकियो गरिमा विकास बैंकको ‘गरिमा रोडरेस’



काठमाडौं/ गरिमा विकास बैंक लिमिटेडले आयोजना गरेको ‘गरिमा रोडरेस-०८२’ सकिएको छ। बैंकले आफ्नो १९औँ वार्षिकोत्सवको अवसरमा ‘स्वास्थ्यका लागि खेलकुद’ भन्ने नारासहित शनिबार ‘गरिमा रोडरेस’ आयोजना गरेको थियो।

कार्यक्रमको दोस्रो संस्करण खुला, कर्पोरेट र भेट्रान गरी तीन विधामा महिला र पुरुष गरी कुल ६ वटा प्रतियोगिता गराइएको बैंकले जनाएको छ। खुलातर्फको १० किमिको प्रतियोगिता बैंकको प्रस्तावित केन्द्रीय कार्यालय बालुवाटारबाट सुरु भई नारायणगोपालचोक, हात्तीगौंडा हुँदै बुढानीलकण्ठ- ३ को कार्यालय पुगी पुनः सोही मार्गबाट बालुवाटार आई समापन भएको थियो। त्यसैगरी, कर्पोरेट तथा भेट्रानतर्फको पाँच किमि दूरीको प्रतियोगिता बालुवाटारबाट नारायणगोपालचोक हुँदै न्युरो अस्पताल, बाँसबारीअगाडि पुगी पुनः सोही स्थान फर्किएको थियो।

प्रतियोगितामा प्रथम, दोस्रो, तेस्रो, चौथो र पाँचौं स्थान हासिल गर्नेहरूलाई खुलातर्फ क्रमशः ५०, ३५, २०, १५ र १० हजार नगद पुरस्कार, मेडल र प्रमाणपत्र प्रदान गरिएको बैंकले जनाएको छ। साथै, कर्पोरेट र भेट्रानतर्फ प्रथम, दोस्रो, तेस्रो, चौथो र पाँचौं स्थान हासिल गर्नेलाई क्रमशः ३०, २०, १४, १० र सात हजार नगद पुरस्कार, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा कुल एक हजारभन्दा बढी धावक सहभागी थिए। खुलातर्फ १० किमिको दौडमा ओलम्पियन धावक सन्तोषी श्रेष्ठ र पुरुषतर्फ नेपाल आर्मीका राजन रोकायाले प्रथम स्थान हासिल गरेका थिए। यस प्रतियोगितामा नेपाल आर्मीका धावकहरूले खुला विधामा पुरुषतर्फ सबै र महिलातर्फ चार पुरस्कार जित्न सफल भएको बैंकले जनाएको छ।

सिजीको दसैँ-तिहार योजनाको विजेता बने खनाल

काठमाडौं/ इलेक्ट्रोनिक्स ब्रान्ड सिजीले दसैँ-तिहारअन्तर्गत सञ्चालित योजनाको विजेता घोषणा गरेको छ। कम्पनीले साना घरेलु उपकरणको पाक्षिक लक्की ड्रको विजेता घोषणा गरेको छ। योजनामा सहभागी ग्राहकमध्येबाट बिर्तामोड, झापानिवासी केशव खनाल विजेता बनेका छन्। विजेता खनाललाई कम्पनीले ‘सिजी मेरिडिया सिग्नेचर सिरिज’को विशेष होम एप्लायन्सेस गिफ्ट प्याक उपहारस्वरूप प्रदान गरेको छ।



सिजी ब्रान्डले लामो समयदेखि नेपाली उपभोक्ताको दैनिक जीवनलाई सहज र सरल बनाउने उद्देश्यले उत्कृष्ट गुणस्तरका साना घरायसी उपकरणहरू उपलब्ध गराउँदै आएको छ। मिक्स्चर-ग्राइन्डर, जुसर, ब्लेन्डर, कुकर, इन्डक्सन चुलो, फ्यान, हिटर, भ्याकुम क्लिनर, इलेक्ट्रिक केतली, टोस्टर, ग्रिलर र कफी मेकरजस्ता उपकरणहरू सुपथ मूल्य, आकर्षक डिजाइन र दीर्घकालीन कार्यक्षमतासहित बजारमा उपलब्ध छन्।

चार दशकदेखि नेपाली उपभोक्ता इलेक्ट्रोनिक्स बजारमा अग्रणी भूमिका निर्वाह गर्दै आएको सिजी इलेक्ट्रोनिक्सले गुणस्तरीय उत्पादन, नवप्रवर्तन र उत्कृष्ट सेवामार्फत नेपाली परिवारको विश्वास जितेको छ। देशभर २० वटा आधुनिक सोरुम, ४० वटा सेवा केन्द्रमार्फत कम्पनीले बिक्रीपछिको सेवा सुनिश्चित गर्दै आएको छ।

विश्व बालदिवसमा गोल्यान ग्रुपको ‘किड्स प्ले–डेट’ कार्यक्रम

काठमाडौं/ विश्व बालदिवसका अवसरमा गोल्यान ग्रुपले जेन-जी सहिद परिवारका बालबालिकाका लागि ‘किड्स प्ले-डेट’ कार्यक्रम सम्पन्न गरेको छ। धुम्बाराहीस्थित उप्स नेपाल फनपार्कमा आयोजित कार्यक्रममा सहिद परिवारका बालबालिका र उनीहरूका अभिभावक सहभागी थिए।

गोल्यान ग्रुपले गत २४ असोजमा सहिद परिवारका बालबालिकाका लागि शैक्षिक वृत्ति योजना घोषणा गरेको थियो। योजनाअन्तर्गत हालसम्म २७ जना बालबालिकालाई १२ कक्षासम्मको शैक्षिक खर्च व्यहोर्ने अभिभावकसँग समझदारी भइसकेको छ। बिहीबारको कार्यक्रममा शैक्षिक वृत्ति योजनामा सामेल काठमाडौंमा रहेका सहिद परिवारका बालबालिका तथा अभिभावक सहभागी थिए। कार्यक्रममा गोल्यान ग्रुपका प्रबन्ध निर्देशक अक्षय गोल्यानले ‘नयाँ परिवार’का सदस्यबिच परिचय आदानप्रदान गर्ने उद्देश्यले जमघट आयोजना गरिएको बताए। ‘हाम्रो नयाँ परिवार साझा प्रतिबद्धता र उद्देश्यले एकताबद्ध भएको हो,’ उनले भने, ‘यस्तो परिवार, जहाँ प्रत्येक बालबालिकाको अधिकारको सम्मान, उनीहरूको कदर र संरक्षण गरिन्छ।’



गोल्यान ग्रुपले जेन-जी सहिद परिवारका बालबालिकाका लागि कक्षा १२ सम्म शैक्षिक वृत्ति प्रदान गर्ने घोषणा गरेको थियो। पहिलो चरणमा अभिभावकसँग समझदारीपत्रमा हस्ताक्षर भई दोस्रो चरणमा विद्यालय, अभिभावक र गोल्यान ग्रुपबिच त्रिपक्षीय सम्झौता गर्ने प्रक्रिया सुरु भएको छ।

एनआइसीले ल्यायो सेयर लोन योजना

काठमाडौं/ एनआइसी एसिया बैंकले शून्य प्रिमियम सुविधा भएको प्रतिस्पर्धी ब्याजदरमा सेयर धितो कर्जा योजना ल्याएको छ। बैंकले सेयर बजारलाई सम्बोधन गर्ने गरी प्रतिस्पर्धी ब्याजदरमा यो योजना ल्याएको जनाएको छ।

योजनाअन्तर्गत व्यक्तिगत लगानीकर्ताले अधिकतम २५ करोड र संस्थागत लगानीकर्ताले अधिकतम ५० करोडसम्म कर्जा रकम प्राप्त गर्न सक्नेछन्। प्रतिस्पर्धी ब्याजदर, छिटो र पारदर्शी सेवा तथा लचिलो भुक्तानी योजनासहितको सुविधायुक्त यस कर्जामार्फत ग्राहकलाई सहजै कर्जा प्रदान गर्ने रणनीति बैंकले लिएको छ। कर्जासम्बन्धी सल्लाह, सुझाव तथा गुनासो समाधान गर्न बैंकले कर्जा सहायता केन्द्रसमेत स्थापना गरेको जनाएको छ।

Shree Jhirpu Secondary School

Bhotekoshi RM-4 Hindi Sindhupalchok

INVITATION FOR E- Bid

(First Date of Publication: 2082/08/07 (23/11/2025)

Shree Jhirpu Secondary School invites electronic bids from eligible bidders for the construction of works mentioned below under and NCB procedures . Eligible Bidders may obtain further information through PPMO e-GP system **www.bolpatra.gov.np/egp** or may visit office of Shree Jhirpu Secondary School.

S.N	Project Name	Contract ID	Last Date of Bid Submission	Date of Bid Opening	Bid validity period	Bid Security Amount	Cost Estiate (Inc Vat & PS)	Bid Document Fee
1.	Construction works of Class Block (3-C-9) of Jhirpu Secondary School phase II	JSS/W/NCB/ 082/083-01	2082/09/08 (23/12/2025) 12:00 hrs.	2082/09/08 (23/12/2025) 13:00 hrs.	90 days	2,50,000.00	98,25,812.35	3,000.00

नेपाल लाइफका थप दुई उपशाखा सञ्चालनमा



कास्की/ नेपाल लाइफ इन्स्योरेन्सले आफ्ना थप दुई उपशाखा सञ्चालनमा ल्याएको छ। कम्पनीले पोखरा महानगरपालिका- १७ स्थित बिरौटा र तनहुँ जिल्लाको दुलेगौंडा बजारमा एक-एक गरी थप दुई उपशाखा सञ्चालनमा ल्याएको हो। बिरौटा उपशाखाको कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुली (सिइओ) र नेपाल बिमा प्राधिकरण गण्डकी प्रदेश प्रमुख शम्भुप्रसाद मिश्रले संयुक्त रूपमा उद्घाटन गरेका थिए। यसैगरी, दुलेगौंडा उपशाखाको कम्पनीका सिइओ पराजुलीले उद्घाटन गरेका थिए।

आफ्नो सेवा विस्तार गर्ने उद्देश्यसहित ग्रासरुटमा कम्पनीलाई विस्तार गर्ने नीतिअनुरूप उपशाखा थप गरिएको सिइओ पराजुलीले बताए। प्राधिकरणका गण्डकी प्रमुख मिश्रले बिमितलाई सहज एवं झन्झटरहित सेवा-सुविधा दिन आग्रह गरे। प्राधिकरणमा बिमा अभिकर्ताको कार्यशैली र विषयलाई लिएर प्रश्न उठेकाले अभिकर्ता छनोट गर्दा ध्यान दिन आग्रह गरेका थिए।

लुम्बिनी होटेल संघको अध्यक्षमा शर्मा



भैरहवा/ लुम्बिनी होटेल संघ नेपालको अध्यक्षमा लीलामणि शर्मा निर्वाचित भएका छन्। संघको सातौं साधारणसभा तथा १४औं अधिवेशनले शर्माको नेतृत्वमा १५ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध निर्वाचित गरेको छ। संघको वरिष्ठ उपाध्यक्षमा शेखर कार्की, उपाध्यक्षमा भूपेन्द्र गुरुङ, महासचिवमा टीकाकुमारी कट्टेल, सचिवमा एकराज कँडेल, कोषाध्यक्षमा दीपक पंगेनी र सहकोषाध्यक्षमा धीरज भण्डारी निर्वाचित भएका छन्।

त्यसैगरी, सदस्यहरूमा पद्मा काफ्ले न्यौपाने, प्रजुल कार्की क्षेत्री, दीपेन्द्रलाल बानियाँ, अशोककुमार गुप्ता, किशोर यादव, अनिलकुमार गुप्ता, रोशन शाक्य र जनकबहादुर सोमई मगर चयन भए। अधिवेशनको उद्घाटन सत्रमा बोल्दै लुम्बिनी प्रदेशका युवा तथा खेलकुदमन्त्री सन्तोषकुमार पाण्डे, प्रदेश सभा सदस्य चन्द्रकेश गुप्ता, नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले निजी क्षेत्र एकताबद्ध भएर पर्यटकीय विकासमा लाग्नुपर्ने धारणा राखे।

त्यसैगरी, सिद्धार्थ होटेल संघ नेपालका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ, लुम्बिनी सांस्कृतिक नगरपालिकाका निमित्त नगरप्रमुख कल्पना हरिजन, लुम्बिनी होटेल संघका निवर्तमान अध्यक्ष गोविन्द ज्ञवाली, महासचिव पुरुषोत्तम अर्याललगायतले पर्यटकबाटै प्रदेशको समृद्धि हासिल गर्न सकिनेमा जोड दिए। कार्यक्रममा स्व. पत्रकारद्वय चेतन पन्त र मनोरञ्जन शर्मालाई लुम्बिनीको प्रचारप्रसारमा अतुलनीय कार्य गरेको भन्दै मरणोपरान्त सम्मान गरिएको थियो।

फिस्टेल ड्रिमले आइपिओ ल्याउने

काठमाडौं/ आयु इन्टरटेनमेन्ट लिमिटेडले पोखरामा रहेको फिस्टेल ड्रिम पार्कको साधारण सेयर (आइपिओ) जारी गर्ने भएको छ। कम्पनीले जारी पुँजीको २० प्रतिशतका दरले प्रतिसेयर १०० रुपैयाँ अंकित मूल्यका ३० लाख कित्ता आइपिओ निष्कासन गर्ने भएको हो। यसका लागि कम्पनीले सेयर निष्कासन तथा बिक्री प्रबन्धकमा नेपाल लाइफ क्यापिटललाई नियुक्त गरेको छ। आइपिओ निष्कासनसम्बन्धी सम्झौतामा आयु इन्टरटेनमेन्टका अध्यक्ष कदम केसी तथा नेपाल लाइफ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत मनीष घिमिरेले हस्ताक्षर गरेका हुन्।

नेपालसहित दक्षिण एसियाबाट नयाँ सामाजिक सञ्जाल सार्वजनिक हुँदै

काठमाडौं/ भारतको आइटी कम्पनीको अगुवाइमा नेपाल, श्रीलंका र बंगलादेशसहित दक्षिण एसियाका देशहरूबाट ‘जेक्टोर’ नामक सामाजिक सञ्जाल एप सार्वजनिक हुन लागेको छ। आइटी कम्पनीका प्रतिनिधिहरूले शुक्रबार काठमाडौंमा पत्रकारहरूसँग अन्तर्क्रिया गर्दै ‘जेक्टोर’ नामक सामाजिक सञ्जाल एप सार्वजनिक गर्न नेपालसहितका देशहरूमा दर्ताको प्रक्रिया अगाडि बढेको जनाएका छन्।

प्राविधिक रूपमा सम्पूर्ण काम सकिएपछि भारतमा हाल उक्त एप परीक्षणका लागि प्रयोगमा समेत ल्याइसकिएको छ। नेपालसहित श्रीलंका र बंगलादेशमा ‘जेक्टोर’ नामक सामाजिक डिजिटल प्लाटफर्म एक महिनाभित्र ल्याउने तयारी छ। कम्पनीले ‘जेक्टोर’लाई व्यवहार ट्याकिङ नगर्ने तथा प्रयोगकर्ताकेन्द्रित सुरक्षा संरचनामा आधारित ‘स्वतन्त्रता डिजाइन गरिएको प्लाटफर्म’का रूपमा प्रस्तुत गरेको छ।

कम्पनीका अनुसार जिरो नलेज प्रविधिअन्तर्गत सबै व्यक्तिगत सन्देश, मिडिया तथा गतिविधि यति कडा इनक्रिप्टेड हुन्छन्, जसमा प्लाटफर्म स्वयंको पनि पहुँच पुग्दैन। मुख्य धारका कुनै सामाजिक सञ्जालले यस्तो प्रविधि नअपनाएको कम्पनीको दाबी छ। महिलाको फोटो-भिडियो डाउनलोड गर्न नपाइने, नग्नता वा हानिकारक सामग्री पहिचान गरी एआईले तुरुन्तै रोक्ने सुविधा समावेश गरिएको कम्पनीले जनाएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८२/०८/०७

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय गमगढी, मुगुबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले तपसिलमा उल्लेखित कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणी श्री **नरेन्द्र भाम**को हकमा मिति वि.सं. २०८०/११/२० गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, ऋणी श्री **खुम राज भाम**को हकमा मिति वि.सं. २०८१/०२/१७ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, र ऋणी **श्रीमती जुन लागी देवकोटा**को हकमा मिति २०८१/०७/२७ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना र मिति वि.सं. २०८१/१०/२५ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना त्यसैगरि तपसिलमा उल्लिखित सबै ऋणीहरुको हकमा वि.सं. २०८२/०२/२७ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात)दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय गमगढी, मुगुमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचलसम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: नरेन्द्र भाम	१. नाम	: लक्ष्मी सेजुवाल
बाबु	: राज बहादुर भाम	बाबु	: हरि प्रसाद सेजुवाल
बाजे	: कमर बहादुर भाम	ससुरा	: राज बहादुर भाम
ठेगाना	: छायाँनाथ रारा न.पा. -०४, मुगु	ठेगाना	: छायाँनाथ रारा न.पा. -०५, मुगु
ना.प्र.नं.	: ५८-०१-७३-०१८३८	हाल	: छायाँनाथ रारा न.पा. -०४, मुगु
जारी मिति	: २०७३/१२/०८	ना.प्र.नं.	: ५८-०१-७८-०१४०९
जि.प्र.का.	: मुगु	जारी मिति	: २०७८/०९/२६
		जि.प्र.का.	: मुगु

२.नाम	: राज बहादुर भाम	३. नाम	: जिरा भाम
बाबु	: कमर बहादुर भाम	बाबु	: जोरा सेजुवाल
बाजे	: शेर बहादुर भाम	ससुरा	: कमर बहादुर भाम
ठेगाना	: छायाँनाथ रारा न.पा. -०४, मुगु	ठेगाना	: छायाँनाथ रारा न.पा. -०४, मुगु
ना.प्र.नं.	: २३०२	ना.प्र.नं.	: ५८-०१-७४-०६०३५
जारी मिति	: २०४५/०३/०६	जारी मिति	: २०७४/०५/०१
जि.प्र.का.	: मुगु	जि.प्र.का.	: मुगु

माथि उल्लेखित सम्पूर्ण ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण

धितो सुरक्षण धनीको नाम:- राज बहादुर भाम

सि.नं	जिल्ला	न.पा./गा.वि.स	वडा नं/ नक्सा सिट	कि.नं.	क्षेत्रफल (व.मि.)	कैफियत
१.	मुगु	कार्कीवाडा	४/ङ	२६३	२१०.००	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
२.				२६५	२१०.००	
३.				२८१	१०५.००	
४.				२९७	३२५.००	
५.				३०१	१००.००	
६.				३०५	१७०.००	

२. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: खुम राज भाम	१. नाम	: कोशेली विष्ट
बाबु	: भिम प्रसाद भाम	बाबु	: गोर्ख्या विष्ट
बाजे	: गोरा भाम	ससुरा	: भिम प्रसाद भाम
ठेगाना	: छायाँनाथ रारा न.पा. -०५, मुगु	ठेगाना	: छायाँनाथ रारा न.पा. -०८, मुगु
ना.प्र.नं.	: ५८-०१-७४-०३०४४	हाल	: छायाँनाथ रारा न.पा. -०५, मुगु
जारी मिति	: २०७४/०२/१०	ना.प्र.नं.	: ५८-०१-७८-००६५८
जि.प्र.का.	: मुगु	जारी मिति	: २०७८/०५/३०
		जि.प्र.का.	: मुगु

२.नाम	: अम्मरपुरा कार्की	३. नाम	: सुर्ज लक्ष्मी भन्डारी
बाबु	: मेख बहादुर कार्की	बाबु	: कृष्ण बहादुर भन्डारी
ससुरा	: गोरा भाम	ससुरा	: भिम प्रसाद भाम
ठेगाना	: कार्कीवाडा गा.वि.स. -०७, मुगु	ठेगाना	: छायाँनाथ रारा न.पा. -०४, मुगु
हाल	: छायाँनाथ रारा न.पा. -०५, मुगु	हाल	: छायाँनाथ रारा न.पा. -०५, मुगु
ना.प्र.नं.	: १८७	ना.प्र.नं.	: ५८-०१-७४-०४९७९
जारी मिति	: २०४५/०१/१०	जारी मिति	: २०७४/०४/२४
जि.प्र.का.	: मुगु	जि.प्र.का.	: मुगु

माथि उल्लेखित सम्पूर्ण ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण

धितो सुरक्षण धनीको नाम:- अम्मरपुरा कार्की

सि.नं	जिल्ला	न.पा./गा.वि.स	वडा नं/ नक्सा सिट	कि.नं.	क्षेत्रफल (व.मि.)	कैफियत
१.	मुगु	कार्कीवाडा	६/६ख	१३६	११९३.७५	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

३. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: जुनलागी देवकोटा	१. नाम	: गणेश देवकोटा
बाबु	: पृथ्वी बहादुर शाही	बाबु	: लक्ष्मी प्रसाद देवकोटा
बाजे	: राम बहादुर शाही	बाजे	: मणिकृष्ण देवकोटा
ठेगाना	: श्रीनगर गा.वि.स. -०५, मुगु	ठेगाना	: छायाँनाथ रारा न.पा. -०२, मुगु
हाल	: छायाँनाथ रारा न.पा. -०२, मुगु	ना.प्र.नं.	: ५८-०१-७६-०१०६६
ना.प्र.नं.	: ५६०९	जारी मिति	: २०७६/०९/१०
जारी मिति	: २०५८/०९/१२	जि.प्र.का.	: मुगु
जि.प्र.का.	: मुगु		

१. नाम	: लक्ष्मी प्रसाद देवकोटा	२. नाम	: नरेश देवकोटा
बाबु	: मणिकृष्ण देवकोटा	बाबु	: लक्ष्मी प्रसाद देवकोटा
बाजे	: पुरिनाथ देवकोटा	बाजे	: मणिकृष्ण देवकोटा
ठेगाना	: श्रीनगर गा.वि.स. -०५, मुगु	ठेगाना	: श्रीनगर गा.वि.स. -०५, मुगु
हाल	: छायाँनाथ रारा न.पा. -०२, मुगु	हाल	: छायाँनाथ रारा न.पा. -०२, मुगु
ना.प्र.नं.	: ५८/६२८/१०२९	ना.प्र.नं.	: ५८१००१/१२६
जारी मिति	: २०४५/०६/२६	जारी मिति	: २०७१/०६/१२
जि.प्र.का.	: मुगु	जि.प्र.का.	: मुगु

माथि उल्लेखित सम्पूर्ण ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण

धितो सुरक्षण धनीको नाम:- जुनलागी देवकोटा

सि.नं	जिल्ला	न.पा./गा.वि.स	वडा नं/ नक्सा सिट	कि.नं.	क्षेत्रफल (व.मि.)	कैफियत
१.	मुगु	श्रीनगर	५/५क	७७६	५९०.००	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय शाखा कार्यालय गमगढी, मुगुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८२/०८/१५ गते, सोमबार।
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय गमगढी, मुगु।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

कांग्रेस चुनावमा...

पृष्ठ १ बाट क्रमशः

बैठकबाट औपचारिक र स्पष्ट रूपमा निर्वाचनमा सहभागी हुने निर्णय लिएको छ। लोकतान्त्रिक शक्ति मानिने कांग्रेसको चुनावकेन्द्रित निर्णयले चुनावमा जान आनाकानी गरिरहेको विघटित प्रतिनिधिसभाको दोस्रो ठुलो शक्ति एमालेमाथि दबाब परेको छ। जबकि एमालेले संसद पुनर्स्थापनामा कांग्रेसको सहयोग माग्दै आएको छ।

शनिबार बसेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले वर्तमान राजनीतिको उचित निकास निर्वाचन नै रहेको ठहर गर्दै सबै दलले भाग लिनुपर्नेमा जोड दिएको छ। 'नेपाली कांग्रेस निर्वाचनमा भाग लिने निर्णय गर्दछ,' बैठकपछि जारी विज्ञप्तिमा छ, 'निर्वाचनमार्फत नै संविधानको रक्षा तथा जेन-जी प्रदर्शनका क्रममा परिवर्तनका लागि उठाइएका आवाजलाई संस्थागत रूप दिँदै देशलाई अघि बढाउन सकिन्छ भन्ने हाम्रो दृढ विश्वास रहेको छ।'

संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरक्षण तथा संस्थागत विकासका लागि निर्वाचनमा जानु आवश्यक रहेको कांग्रेसको बुझाइ छ। 'संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरक्षण तथा संस्थागत विकासका लागि फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सबै राजनीतिक दलले उत्साहपूर्वक सहभागिता जनाउन आवश्यक छ,' कांग्रेस विज्ञप्तिमा छ।

२१ फागुनको निर्वाचनका लागि दल दर्ताको समय चार दिन मात्रै बाँकी रहँदा निर्वाचनमा जाने संस्थागत निर्णय गरेको कांग्रेसले शान्ति-सुरक्षामा भने गम्भीर चासो व्यक्त गरेको छ। 'निर्वाचनलाई निष्पक्ष, विश्वसनीय र भयरहित बनाउनका लागि निर्वाचन आयोग, सरकार एवं सम्बद्ध पक्षलाई आवश्यक वातावरण निर्माण गर्न नेपाली कांग्रेस जोडदार माग गर्दछ,' कांग्रेस विज्ञप्तिमा छ।

अझै पनि निर्वाचनका लागि सुरक्षा चुनौती रहेको भन्दै कांग्रेसले भयमुक्त वातावरण सुनिश्चित गर्न सरकारसँग माग गरेको छ। 'हाल हजारौँ कैदीबन्दी फरार रहनु, ठुलो परिमाणमा हातहतियार हराइरहनु, राजनीतिक दलहरूले निर्बाध रूपमा आफ्ना कार्यक्रम सञ्चालन गर्न नपाउनु र निर्वाचनका लागि आवश्यक न्यूनतम अवस्था पनि स्थापित हुन नसक्नु - यी सबै परिस्थितिहरू अत्यन्त गम्भीर छन्,' कांग्रेसले भनेको छ, 'तत्काल शान्ति-सुरक्षामा सुधार ल्याउन, सुरक्षाकर्मीको मनोबल उच्च बनाउन तथा आमनागरिकमा भयमुक्त वातावरण सुनिश्चित गर्न नेपाली कांग्रेस सरकारसँग जोडदार माग गर्दछ।'

जेन-जी प्रदर्शनमार्फत परिवर्तनका लागि मुखरित आवाज सम्बोधन गर्न बहुपक्षीय राष्ट्रिय संवादमा कांग्रेसले जोड दिएको छ। सबै पक्षसँग समझदारी निर्माणको पहल गर्ने पनि कांग्रेसले निर्णय गरेको छ।

यस्तै, कांग्रेसले सरकार गठन तथा प्रतिनिधिसभा विघटनको विषयको अन्तिम व्याख्या सर्वोच्चबाट हुने अपेक्षा गरेको छ। 'अहिले अन्तरिम सरकार गठन तथा प्रतिनिधिसभा विघटन र निर्वाचनको मिति घोषणा भइसकेको अवस्थामा यो विषय राजनीतिक मात्र नभई संवैधानिक पनि भएको र सम्मानित सर्वोच्च अदालतमा यो विषय विचाराधीन रहेकोले सर्वोच्च अदालतबाट अन्तिम व्याख्या हुनेछ भन्ने नेपाली कांग्रेस विश्वास गर्दछ,' विज्ञप्तिमा छ।

२३ भदौमा जेन-जी पुस्ताका युवाहरूको आह्वानमा भ्रष्टाचारविरुद्ध तथा सुशासनका पक्षमा भएको प्रदर्शनका क्रममा अत्यन्तै अकल्पनीय र दुःखद घटना घट्न पुगेको ठहर गरेको छ। 'उक्त दिन १९ जना युवाले ज्यान गुमाउनुपरेको घटनाप्रति नेपाली कांग्रेसको यो बैठक गहिरो दुःख व्यक्त गर्दछ,' कांग्रेसले भनेको छ। मृतक परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर्न, घाइतेहरूको निःशुल्क उपचार गर्न कांग्रेसले माग गरेको छ।

आक्रमण, तोडफोड, लुटपाट र आगजनीका कारण २४ भदौमा अकल्पनीय जनधनको क्षति भएको भन्दै कांग्रेसले हिंसात्मक र आपराधिक गतिविधिका कारण देशमा राज्यविहीन अराजकताको स्थिति सिर्जना भएको विश्लेषण गरेको छ।

कांग्रेसले जेन-जी पुस्ताले प्रदर्शनमार्फत उठाएका 'भ्रष्टाचारको अन्त्य, सुशासन, पारदर्शिता र सूचनाको हक सुनिश्चितता'जस्ता प्रमुख विषय स्वाभाविक, वैध र आमनागरिकको आवाज भएको पनि ठहर गरेको छ।

कांग्रेसले प्रदर्शनमार्फत उठाइएका सुशासनका मागलाई सदैव सकारात्मक ढंगले लिने गरेको स्मरण गराएको छ। साथै, माग पूरा गराउने प्रतिबद्धतासमेत कांग्रेसले गरेको छ।

महाधिवेशन मिति अझै अनिर्णीत, बिहीबारको बैठकबाट टुंग्याउने तयारी

शनिबारको केन्द्रीय कार्यसमिति बैठकले महाधिवेशनको मितिबारे निर्णय लिन सकेन। सहमतिका लागि पाँच दिन छुट्याएर बैठक बिहीबारका लागि तय भएको छ।

महामन्त्री गगन थापाले बैठकमा बोल्दै समझदारीका आधारमा महाधिवेशनलगायत सबै विषयमा निर्णय गर्न चाहे पनि सम्भव नभएको बताएका थिए। 'हामी अहिले पनि समझदारीबाट सबै विषय टुंग्याउन प्रयास गरिरहेका छौं। समझदारीबाट वा विधिबाट बाँकी विषय टुंग्याउनुपर्छ,' बैठकमा थापाको भनाइ थियो।

महाधिवेशन मितिबारे संस्थापन तथा महामन्त्रीद्वय गगन थापा-विश्वप्रकाश शर्मा पक्षबिच सहमति भइसकेको छैन। पुस अन्तिम साता नियमित महाधिवेशन गर्ने र विशेष महाधिवेशनका लागि दर्ता भएको प्रस्ताव फिर्ता लिने विकल्पमा भइरहेको पछिल्ला दिनका छलफल पनि निष्कर्षमा पुग्न नसकेको शीर्ष नेतानिकटस्थ रहेका नेताहरूको भनाइ छ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा महामन्त्री थापाले अब विशेष महाधिवेशन निर्विकल्प भएको बताए। 'हामीले निर्वाचनमा जाने निर्णय गरेका छौं। यो निर्णयलाई अघि बढाउनका निम्ति गर्ने उत्तम बाटो भनेको मंसिरको २७-२८ मा विशेष अधिवेशन गर्नुपर्छ,' थापाले भने, 'विशेष अधिवेशनले कम्तीमा निर्वाचन प्रयोजनका लागि संक्रमणकालीन अवस्थामा शान्तिको राजनीति अघि बढाउनेछ। विशेष महाधिवेशन अहिलेको सर्वोत्तम मात्र नभएर एउटा निर्विकल्प हो।'

निर्वाचनअघि नै महाधिवेशन हुनुपर्ने अडानमा रहेका संस्थापन पक्षका केन्द्रीय सदस्यको टोलीले सभापति शेरबहादुर देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्का तथा महामन्त्रीद्वय थापा र शर्मासँग मात्र नभएर नेता डा. शेखर कोइरालासँग पनि छलफल गरेका छन्। सभापति देउवा सहमतिमा नियमित महाधिवेशनको पक्षमा देखिएका छन्। तर, उनी कार्यवाहक सभापति खड्का तथा महामन्त्रीद्वय थापा र शर्माले सहमति गरून् भन्ने पक्षमा छन्।

कांग्रेस नेताहरू आङ्गेलु शेर्पा, राजन केसी, अब्दुल सतार, पुष्पा भुसाल, जिपछिरिङ लामा, नानु बास्तोला, चिनकाजी श्रेष्ठलगायत नेताले बिहीबार सभापति देउवा तथा शुक्रबार कार्यवाहक सभापति खड्का, महामन्त्रीद्वय थापा र शर्मा तथा नेता डा. कोइरालासँग अलग-अलग भेटेका थिए। संस्थापन पक्षका २८ केन्द्रीय सदस्यले भेटमा चुनावअघि महाधिवेशन हुनुपर्ने र तत्कालै मिति तोकिनुपर्ने दबाब दिएका थिए।

सभापति देउवाले उनीहरूलाई दिएको जवाफ थियो, 'मैले कार्यवाहक दिइसकेको छु। तपाईंहरूले कार्यवाहक सभापति, महामन्त्रीद्वयसँग भेटेर सहमतिका लागि प्रयास गर्नुस्।' कार्यवाहक सभापति खड्काले विशेष महाधिवेशन हुन नसक्ने अडान राखेको भेटमा एक नेताले बताए। उनले महामन्त्रीद्वय थापा र शर्मा, नेता डा. कोइराला तथा पूर्वपदाधिकारीहरू कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधि, प्रकाशमान सिंहसँग छलफल गर्न सुझाव दिएका थिए।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले केन्द्रीय समितिको बैठकमा सबै विषयमा छलफल हुने बताए। 'केन्द्रीय समितिमा खुला रूपमा छलफल भइरहेको छ र हुन्छ। एउटा उपयुक्त निर्णय गर्न सफल हुन्छौं भन्ने विश्वास छ,' प्रवक्ता महतले भने।

कार्यवाहक सभापति खड्कानिकट एक केन्द्रीय सदस्यले पुस अन्तिम साता पार्टीको नियमित महाधिवेशनको कार्यतालिकामा सहमति जुट्न सक्ने बताए। 'विशेष महाधिवेशनका लागि दर्ता प्रस्ताव फिर्ता गराउन महामन्त्रीद्वय तयार हुनुभयो भने पुस मसान्तभित्र पार्टी महाधिवेशन गर्न संस्थापन तयार छ,' खड्कानिकट ती नेताले भने, 'प्रस्ताव फिर्ता नलिए पुसभित्र महाधिवेशन गर्न सकिँदैन।'

संसद् पुनर्स्थापनाको मुद्दा बोकेर एमाले चुनावी तयारी



काठमाडौं/ प्रतिनिधिसभा विघटन र सरकारको संवैधानिक हैसियतमाथि निरन्तर प्रश्न उठाउँदै संसद् पुनर्स्थापनाउन्मुख गतिविधि गर्दै आएको एमालेले चुनावी तयारी पनि जारी राखेको छ। २१ फागुनमा हुने आमनिर्वाचका लागि राजनीतिक दल दर्ताको गृहकार्य गरेको छ। अहिलेको सरकार संविधानबाहिरबाट गठन भएको आरोप लगाए पनि एमालेले चुनावकेन्द्रित सरकारी बैठकमा भाग लिँदै आएको छ।

पुनर्स्थापनालाई प्रमुख मुद्दा बनाइरहेको एमालेले आयोगमा चुनावी प्रयोजनका लागि दल दर्ताको तयारी गरेको हो। एमाले निर्वाचन विभाग प्रमुख नीरज आचार्यले दल दर्ताका लागि तयारी भएको जनाउ दिए। 'एमाले संवैधानिक पार्टी हो। त्यसैले हामी आफ्ना इन्स्टिच्युसनहरूलाई अद्यावधिक गर्छौं,' आचार्यले भने, 'तर, नहुने चुनावको पछि लाग्दैनौं।'

२१ फागुनको निर्वाचनका लागि आयोगले दल दर्ताको समय १० मंसिरसम्म तोकेको छ। आगामी माघमा हुने राष्ट्रिय सभा निर्वाचनका लागि यसअघि नै एमालेले आयोगमा दल दर्ता गराइसकेको छ। अर्कोतर्फ प्रतिनिधिसभा पुनर्स्थापनाको मागसहित आन्दोलनमा रहेको एमालेले कानुनी लडाइँमा पनि जाने निर्णय लिइसकेको छ। पुनर्स्थापनाका लागि रिट निवेदन दर्ता गर्न निवर्तमान प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले जिम्मेवारी दिइएको छ। यसअघि केही कानुन व्यवसायीले प्रतिनिधिसभा पुनर्स्थापनाका लागि रिट दर्ता गराइसकेका छन्।

निर्वाचका कानुनी प्रक्रिया जारी राखे पनि एमालेका शीर्ष नेताका अभिव्यक्ति भने निर्वाचनको पक्षमा छैनन्। शनिबार काठमाडौंमा बृहत् शक्ति प्रदर्शनमा एमाले अध्यक्षसहितका नेताले वर्तमान सरकार निर्वाचन गराउन गठन नभएको भन्दै प्रतिनिधिसभा पुनर्स्थापनामै जोड दिएका छन्।

सभालाई सम्बोधन गर्दै एमाले अध्यक्ष ओलीले 'संविधानभन्दा बाहिरबाट नियुक्त प्रधानमन्त्री'ले २१ फागुनमा चुनाव गराउने अधिकार नै नराख्ने दाबी गर्दै प्रश्न तेर्साएका छन्। सभामा ओलीले भने, 'अहिले अनधिकृत व्यक्तिको अराजकतामा आधारित उत्पातबाट सिर्जना भएको सरकार चलिरहेको छ। प्रधानमन्त्रीलाई सोध्न चाहन्छु- तपाईं लोकतन्त्र र जनतामा विश्वास गर्नुहुन्छ कि गर्नुहुन्न ? के यसैगरी सरकार बन्छ ? फागुन २१ मा चुनाव गराउने ढाँट कुरा नगर्नुहोला ? तपाईंलाई त्यो चुनाव गराउने अधिकार छैन। चुनाव गराउने तपाईं को हो ? कसले दियो अधिकार ?'

ओलीले प्रधानमन्त्रीलाई संविधानले चुनाव गराउने कुनै अधिकार नदिएकाले उनी जतिसक्दो छिटो पदबाट हट्नुपर्ने माग गरे। ओलीले भावनामा बगेर अन्तरिम सरकारले जे-जे भन्छ, उसैको पछि-पछि नकुदून् अन्य दलहरूलाई आग्रह गरे। 'आग्रह-पूर्वाग्रह अनि प्रतिशोध साधेर लोकतन्त्र गएकोमा ताली नपिटून्स्। राजनीतिक यथार्थ धरातलमा टेकेर अघि बढ्नुस्,' ओलीले भने, 'कोही पनि दल भावनामा नबग्नुस्, चुनाव हुन्छ भनेर बिहेमा जन्तीजसरी असंवैधानिक सरकारको पछिपछि नकुदुनुस्।'

ओली संविधान र लोकतन्त्रलाई ट्र्याकमा ल्याउने काममा सहयोग गर्न प्रधानमन्त्रीसँग माग गरे। '१२५ दलको हुलमा चुनावसम्बन्धी छलफल ड्रामाबाहेक अरू के हो ? त्यस्ता ड्रामा छोड्नुस्,' ओलीले भने, 'चुनाव गर्ने हो भने अपराधीहरू पत्राउ गर्नुस्, हतियार फिर्ता ल्याउनुस्। सहजताका साथ लोकतन्त्र फर्काउने मार्गमा आउनुस्। मान्नुभएन भने जनताले पुनर्स्थापना गराइछाड्नेछन्, त्यसको अगुवाइ एमालेले गर्छ।'

काठमाडौंमा भएको सभालाई ओलीले भोट माग्न गरेको नभई लोकतन्त्र बचाउन गरेको दाबी गरे। 'यो भोट माग्न होइन, देश, लोकतन्त्र बचाउन गरिएको सभा हो। जबसम्म संसद् पुनर्स्थापना हुँदैन तबसम्म आगामी दिनमा अझ सशक्त सभाहरू गर्दै जानेछौं,' ओलीले भने।

अर्को एक प्रसंगमा ओलीले व्यवसायी दुर्गा प्रसाईंले जारी गरेको क्यासेटबारे जवाफसमेत मागे। 'दुर्गा प्रसाईंको अरू के हो म जान्दिनँ। उनले निकालेको क्यासेटको सम्बन्धमा नेपाली जनतालाई सरकारले बताउनुपर्छ,' उनले भने, 'प्रधानमन्त्रीले त्यो क्यासेट के हो बताउनुपर्दैन ? मान्छे गिरफ्तार गर्ने होइन, त्यो क्यासेटको छिनोफानो हुनुपर्छ।'

ओलीले देशका सबै टोल-टोलमा सुरक्षा समिति बनाउन पार्टीपंक्तिलाई निर्देशित पनि गरे। 'एक ठाउँबाट अर्को ठाउँसम्म सुरक्षित ढंगले हिँडडुल गर्ने अवस्था छैन। राज्यले सुरक्षा दिन सकिरहेको छैन, त्यसैले अब टोल-टोलमा सुरक्षा समिति बनाएर आत्मसुरक्षा गर्नुस्,' ओलीले भने।

बिग्रिएपछि...

पृष्ठ १ बाट क्रमशः

छ। तर, सप्लायर्स कम्पनीले मर्मतसम्भार गरिदिनुपर्ने वारेन्टी अवधि बाँकी रहे पनि अस्पतालले नै बेवास्ता गर्दा अलपत्र अवस्थामा छ। विदेशमा महँगो पर्ने यो सेवा वीरले प्याकेजमै एक लाखमा गर्दै आएको छ।

वीरमै सिटिस्क्यान मेसिन बिग्रिएको भन् दुई महिना भइसक्यो। अस्पतालमा दुईवटा सिटिस्क्यान मेसिन रहेकामा टाउकोको मात्रै स्क्यान गर्ने सानो मेसिन सञ्चालनमै रहे पनि अन्य भागको स्क्यान गर्ने ठुलो मेसिन बिग्रिएको अस्पतालले जनाएको छ। अस्पतालका एक चिकित्सकका अनुसार उपकरण मर्मतसम्भार गर्दै आएको सप्लायर्सले भुक्तानी नपाउँदा मर्मत गर्न मानेको छैन। सिटिस्क्यान मेसिनको मर्मत वारेन्टी पहिल्यै सकिएको छ। सिटिस्क्यान गर्नुपर्ने बिरामी निजीमा महँगो शुल्क तिर्न बाध्य छन्। वीरका सहायक निर्देशक डा. मीनचन्द्र अधिकारीले टोमोथेरापी र सिटिस्क्यान मेसिन बिग्रिएको स्विकार्दै बनाउने प्रक्रिया भइरहेको बताए।

केही दिनअघि स्वास्थ्यमन्त्रीलाई अस्पताल बोलाएर बिग्रिएका मेसिन नदेखाई सर्जिकल भवन घुमाएर पठाइएको एक चिकित्सकले बताए। 'करोडौंमा खरिद गरिएको टोमोथेरापी र ठुलो सिटिस्क्यान मेसिन बिग्रिएको छ, बिरामी मर्कामा परेका छन्,' ती चिकित्सकले भने, 'केही दिनअघि स्वास्थ्यमन्त्रीलाई अस्पताल बोलाएर सर्जिकल भवनमा डुलाइयो, तर उपकरण बिग्रिएको र बिरामीले दुःख पाइरहेको पुरानो भवनमा लगिएन। मेसिन बिग्रिएपछि दुवै सेवा बन्द भएको छ, सप्लायर्सले अग्रिम ३० प्रतिशत भुक्तानी दिएपछि मात्रै बनाउने भनेको छ। बिरामी निजीमा गएर महँगो शुल्क तिर्न बाध्य छन्, यो मर्का कसले बुझ्ने ?' स्वास्थ्यमन्त्री डा. सुधा शर्मा गौतमले केही दिनअघि वीरको निरीक्षण गरेकी थिइन्।

दैलेखबाट बुवालाई उपचार गर्न ल्याएका राम धामीले मेसिन बन्द्रा र सिटिस्क्यान गरौंला भनेर बसेको १० दिन भइसकेको बताए। 'बुवाको खुट्टाको सिटिस्क्यान गर्नुपर्ने थियो, तर मेसिन बिग्रिएको रहेछ,' उनले भने, 'तैपनि मेसिन बन्द्रा र सिटी गरौंला भनेर कुरेको १० दिन भइसक्यो। निजीमा लैजान पनि चर्को शुल्क लाग्छ, पैसाको संकट छ।'

स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसी उपकरण बिग्रिएको विषय स्वास्थ्यमन्त्रीलाई जानकारी गराएको र अस्पतालको पनि ध्यानाकर्षण गराइएको बताए।

उपाधिका लागि...

पृष्ठ १ बाट क्रमशः

८५ रनले पराजित भयौं, तर फाइनलमा उपाधि उचाल्ने गरी खेल्छौं,' कप्तान गीता पौडेलले कोलम्बोबाट भनिन्, 'पहिलो खेलपछि भएको गल्ती सुधारेर खेलेका छौं, उपाधि उचाल्न आतुर छौं।'

प्रतियोगितमा ६ देश नेपाल, भारत, पाकिस्तान, अस्ट्रेलिया, श्रीलंका र अमेरिका सहभागी थिए। जसमध्ये नेपाल, भारत, पाकिस्तान र अस्ट्रेलिया तालिकाको शीर्ष चारमा रहँदै सेमिफाइनलमा प्रवेश गरेका थिए। भारत शीर्ष स्थानमा रहँदा नेपाल दोस्रो, पाकिस्तान तेस्रो तथा अस्ट्रेलिया चौथो भएका हुन्।

नेपाल दृष्टिविहीन क्रिकेट संघका अध्यक्ष पवन घिमिरेले राज्यको लगानीविना नै यो उपलब्धि हासिल गरेको बताए। राज्यको कुनै सहयोग नपाएपछि अभ्यास गर्न नै धौ-धौ परेको र प्रतियोगिता खेल्न जाँदासमेत विभिन्न संघसंस्थाबाट चन्दा उठाउनुपरेको उनको गुनासो छ। 'हामीलाई विश्वकपमा सहभागी भइरहँदा राज्यबाट कुनै सहयोग भएन। खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्मा पनि कोसिस गर्‍यौं, तर उपाय लागेन,' उनले भने, 'तैपनि खेलाडीको मिहिनेत र साहसले ऐतिहासिक उपलब्धि हासिल गरिएको छ। सबै खेलाडी तथा अफिसियलहरूलाई धन्यवाद दिन चाहन्छु।'

नेपालमा दृष्टिविहीन महिला क्रिकेटको सुरुवात ०६४ देखि भएको थियो। नेपालपछि पाकिस्तान, भारत, अस्ट्रेलिया, श्रीलंका, इंग्ल्यान्ड र अमेरिकालगायत देशले पनि यसलाई प्राथमिकतामा राखे। दृष्टिविहीन महिला क्रिकेटको इतिहास नेपालमा दुई दशक हुन लाग्दा पनि अभ्यास गर्न तथा घरेलु प्रतियोगिता गर्न मैदानसमेत नपाएको संघका अध्यक्ष घिमिरेले बताए। उनका अनुसार बालाजुस्थित एकेडेमीमा १५ दिनको तयारी र कास्कीमा १५ दिन अभ्यास गरेर विश्वकप खेल्न गएको हो। संघले खुला छनोटबाट १९ हुँदै १६ खेलाडीलाई अन्तिम टोलीमा समावेश गरेको थियो। खेलाडीहरूमा गीता पौडेल (कप्तान), विनिता पुन (उपकप्तान), सुष्मा तामाङ, पुनमकुमारी चौधरी, लक्ष्मी लामा, प्रतिभा राई, इसरामाया लुङ्गेली, दिल्लीसरा धमला, सरिता घिमिरे, मनकेसी चौधरी, विनिता सोमाई, कान्ती चौधरी, विमला राई, सुजिता थापा, एन्जिला ढकाल र सुनिता भुजेल छन्। हाल टोलीले प्रतियोगिताकै लागि पाकिस्तानका मक्सुद जानलाई प्रशिक्षक बनाएको छ।

कप्तान पौडेलले पनि राज्यबाट सहयोग नपाएको गुनासो गरिन्। 'यही उपलब्धि हासिल गर्न १८ वर्षदेखि लगातार क्रिकेट खेलिरहेको छु। एक महिनाको तयारीले यो उपलब्धि हासिल गरेका छौं। सबैको हौसलाले नै उपलब्धि पाएका छौं। तर, काठमाडौंमा एनपिएल भव्य रूपमा आयोजना हुँदा हामीलाई अभ्यास गर्न मैदानसमेत दिइएन। तर, लगातार उच्च मनोबलसहित खेल्यौं र फाइनल पुगेका छौं,' उनले भनिन्, 'राज्यले चर्चामा रहेको खेलका लागि मात्रै होइन, हामीजस्तालाई पनि सहयोग गर्नुपर्‍यो।'

सेमिफाइनलमा विनिताको उत्कृष्ट प्रदर्शन

सेमिफाइनलमा पाकिस्तानसँगको जितमा विनिता पुनले नेतृत्व सम्हालेकी थिइन्। उनले उत्कृष्ट प्रदर्शन गर्दै ४६ रन बनाइन्। २३ बलमा सात चौका प्रहार गरिन्। विनिता नै प्लेयर अफ दी म्याच घोषित भइन्। त्यस्तै, सुष्मा तामाङले अविजित ३६ रन बनाइन्। उनले ४५ बलको सामना गर्दा कुनै बाउन्ड्री प्रहार गरिनन्। मानकेसी चौधरीले १२ बलमा एक चौकासहित १७ रनको योगदान दिइन्। सरिता घिमिरेले २० बलमा १९ तथा विनिता सोमाईले ६ रन बनाइन्। नेपाली टोलीले अतिरिक्त ४७ रन पाएको थियो। पाकिस्तानका लागि भने ओपनर मेहरिन अलीले अर्धशतक बनाइन्। उनले ५५ बलमा ५५ रन बनाइन्। त्यस्तै, बुम्रा असरफले २६ बलमा आड चौकासहित ४८ रनको योगदान गरिन्। मार्यम जहांग्रिरले रनआउट हुनुअघि १७ रन बनाएकी थिइन्।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

काठमाडौं चक्रपथ सुधार योजना

बबरमहल, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०८२/०८/०७

यस योजनाको मिति २०८२/०५/०९ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना नं ०१/०८२/८३ को प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रको प्राविधिक प्रस्तावबाट सफल भएको बोलपत्रदाताको आर्थिक प्रस्ताव मुल्यांकन हुदाँ तपशिल अनुसारको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपसिल

सि. न	ठेक्का नं	स्वीकृतीका लागि छनोट भएका बोलपत्र दाताको नाम	कबोल अंक (मु.अ.कर र पी.एस सहित)
1	KRIP/33701120/082/83-02	M/S NIROJ-KRITI J.V, Chapagaun, Lalitpur	2,23,91,979.38

योजनाप्रमुख

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल मंसिर महिना ७ गते आइतबार)

यस विकास बैंकको शाखा कार्यालय घोराहीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

क) कर्जा शिर्षक : व्यवसायिक आधिविकर्ष तथा हायर पर्चेज कर्जा

ऋणीको विवरण

नाम : **दंगाली रेडिमिक्स् उद्योग** सा.फ.र.नं. : ७९/३२७
साझेदारहरु : प्रताप कुमार खड्का, प्रविन दिप के.सी., अनुराग खड्का, शरद कुमार बुढाथोकी र बसन्त कुमार भण्डारी
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता मिति : २०७७/१२/०२
फर्मको ठेगाना : दाङ्ग जिल्ला राजपुर वडा नं. ३ स्थायी लेखा नं. : ६१५५०६०१२

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) हुनाराम भण्डारीको नाति कृष्ण प्रसाद भण्डारीको छोरा दाङ्ग जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं. ९ हाल, घोराही उ.म.न.पा वडा नं. १५ बस्ने **बसन्त कुमार भण्डारी** (ना.प्र.नं.: १६६६/११० जारी मिति र जिल्ला : २०६०/०१/१५, दाङ्ग)

२) टेक बहादुर खड्काको नाति खुम बहादुर खड्काको छोरा ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. २ हाल, वडा नं. ५ बस्ने **अनुराग खड्का** (ना.प्र.नं.: २८-०१-०६७-०२०९१ जारी मिति र जिल्ला : २०६७/०४/०३, ललितपुर)

३) टेक बहादुर खड्काको नाति कृष्ण बहादुर खड्काको छोरा दाङ्ग जिल्ला सतवरिया वडा नं. ६ लमही न.पा. वडा नं. ८ बस्ने **प्रताप कुमार खड्का** (ना.प्र.नं.: ६/७६० जारी मिति र जिल्ला : २०५१/०८/२३, दाङ्ग)

४) रेवती प्रसाद बुढाथोकीको नाति राम बहादुर बुढाथोकीको छोरा दाङ्ग जिल्ला बेला वडा नं. ४ हाल, लमही न.पा वडा नं. ८ बस्ने **शरद कुमार बुढाथोकी** (ना.प्र.नं.: ३९/४३३ जारी मिति र जिल्ला : २०५२/१२/२३,, दाङ्ग)

५) टोप बहादुर के.सी.को बुहारी राम बहादुर के.सी.को पत्नी दाङ्ग जिल्ला त्रिभुवन वडा नं. १० हाल, घोराही उ.म.न.पा वडा नं. १५ बस्ने **पार्वती के.सी.** (ना.प्र.नं.: १२७३/२३ जारी मिति र जिल्ला : २०४५/०३/२९, दाङ्ग)

६) लिलाराज उपाध्यायको नाति शरद कुमार शर्माको छोरा दाङ्ग जिल्ला हलवार गा.वि.स वडा नं. ४ हाल, घोराही उ.म.न.पा वडा नं. १५ बस्ने **निराजन देवकोटा** (ना.प्र.नं.: ४६७/२२२६ जारी मिति र जिल्ला : २०५६/१२/०३, दाङ्ग)

ख) कर्जा शिर्षक : कृषि आवधिक तथा हायर प्रर्चेज कर्जा

ऋणीको विवरण

नाम : **रेड चिल्ली एग्रीकल्चर फार्म प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : निराजन देवकोटा
दर्ता नं. : २९९५६१/०७९/०८० दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यलय त्रिपुरेश्वर, काठमाडौं
दर्ता मिति : २०७९/०६/०४ ठेगाना : दाङ्ग जिल्ला लमही न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१०३७१७८९

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) लिलाराज उपाध्यायको नाति शरद कुमार शर्माको छोरा दाङ्ग जिल्ला हलवार गा.वि.स वडा नं. ४ हाल, घोराही उ.म.न.पा वडा नं. १५ बस्ने **निराजन देवकोटा** (ना.प्र.नं.: ४६७/२२२६ जारी मिति र जिल्ला : २०५६/१२/०३, दाङ्ग)

२) शरद कुमार शर्माको बुहारी निराजन देवकोटाको पत्नी दाङ्ग जिल्ला हलवार गा.वि.स वडा नं. ४ हाल, घोराही उ.म.न.पा. वडा नं. १५ बस्ने **जानकी भुसाल** (ना.प्र.नं.: ९१६ जारी मिति र जिल्ला : २०६०/०२/२९, दाङ्ग)

ग) कर्जा शिर्षक : कृषि आवधिक कर्जा

ऋणीको विवरण

नाम : **बहुउद्देश्यीय नमुना कृषि तथा पशुपंक्षी फर्म** साझेदारहरु : निराजन देवकोटा तथा जानकी भुसाल
सा.फ.र.नं. : ५/३४७/१०-२०७८/०७९ दर्ता मिति : २०७८/०५/२१
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ्ग
फर्मको ठेगाना : दाङ्ग जिल्ला लमही न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१६७५५२२२

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१)शरद कुमार शर्माको बुहारी निराजन देवकोटाको पत्नी दाङ्ग जिल्ला हलवार गा.वि.स वडा नं. ४ हाल, घोराही उ.म.न.पा. वडा नं. १५ बस्ने **जानकी भुसाल** (ना.प्र.नं.: ९१६ जारी मिति र जिल्ला : २०६०/०२/२९, दाङ्ग)

२) लिलाराज उपाध्यायको नाति शरद कु



कर्णालीका मार्क वाटले बनाए दोस्रो एनपिएलमा पहिलो शतक

रमेश सुवेदी/नयाँ पत्रिका

कर्णाली याक्सका मार्क वाट दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)मा पहिलो शतक बनाउने खेलाडी बनेका छन्। शनिबार त्रिवि क्रिकेट मैदानमा स्कटल्यान्डका ब्याटर वाटले लुम्बिनी लायन्सविरुद्ध अविजित एक सय १४ को शतकीय इनिङ्स खेलेका हुन्। लिगको सातौँ खेलमा कर्णाली याक्सले नौ विकेटको जित निकाल्न सफल भयो।

स्कटल्यान्डका २९ वर्षीय बायाँहाते ओपनरले ४४ बलमा ६ चौका र १२ छक्का हिर्काएका हुन्। यसअघि वाटले २९ बलमा ३ चौका र ५ छक्कासहित ५० रन बनाएका थिए। उनी एनपिएलको इतिहासमा शतक बनाउने दोस्रो खेलाडी हुन्। दोस्रो संस्करणको भने यो पहिलो शतक हो। यसअघि कर्णालीकै भारतीय खेलाडी प्रियान्क पञ्चालले ९० रन बनाएका थिए। पहिलोपटक एनपिएल खेल्न आएका वाट दोस्रो खेलमै शतक बनाउन सफल भएका छन्। उनको यो करियरकै पहिलो सतक पनि हो। पहिलो खेलमा उनले चितवनविरुद्ध १६ रन बनाउँदा एक विकेट पनि लिएका थिए।

यता, पहिलो संस्करणमा लुम्बिनीविरुद्ध नै पोखरामा आन्द्रेस गोउसले शतक बनाएका थिए। उनले लुम्बिनीविरुद्ध नै अविजित १०४ रन बनाएका थिए। यो खेलसँगै मार्क वाट एनपिएलको एकै इनिङ्समा सबैभन्दा धेरै रन बनाउने कीर्तिमान पनि बनेका छन्। उनी १२ छक्का हिर्काउने पहिलो खेलाडी पनि बनेका छन्। बलिङतर्फ वाटले एक विकेट पनि लिएका थिए।

'ओपनिङमा ल्याएर मलाई शतक बनाउने अवसर दिएकोमा कर्णाली याक्सलाई धन्यवाद,' वाटले भने, '९० रन बनाउँदा निकै नर्भस दिए। नेपाली समर्थकमाझ पाएको यो सफलता विशेष रहेको छ। यो जित र शतक आफ्नो टोली कर्णालीलाई नै समर्पित गर्छु।'

कर्णालीको पहिलो जित

वाटको शतकसँगै प्रतियोगितामा कर्णाली याक्सले पहिलो जित निकालेको छ। टस हारेर ब्याटिङ गरेको लुम्बिनीले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै एक सय ५७ रन लक्ष्य दिएको थियो। प्रत्युत्तरमा कर्णालीले १२.२ ओभरमा एक विकेट गुमाउँदै पहिलो दुई अंक जोडेको हो।

पहिलो संस्करणभरि जम्मा एक मात्रै शतक बनेको थियो, दोस्रो एनपिएलमा दुई खेल मात्र खेलेका वाटले बनाए कीर्तिमानी शतक



कर्णाली पहिलो खेलमा चितवनसँग ४ विकेटले पराजित भएको थियो। लगातार दोस्रो जित निकाल्ने दाउमा रहेको लुम्बिनी असफल भयो। लुम्बिनीले पहिलो खेलमा चितवनलाई ६ विकेटले हराएको थियो। कर्णालीको जितमा वाटले शतक बनाउँदा अस्ट्रेलियन अलराउन्डर विलियम बासिस्टो २० बलमा २९ रन बनाएर अविजित रहे। यसअघि ओपनर प्रियान्क पञ्चालले १२ रनको योगदान गरेका थिए। लुम्बिनीका लागि एक मात्रै विकेट गुल्वादिन नाइबले लिएका थिए।

कर्णालीका बलर हाबी

पहिलो इनिङ्समा खेलमा कर्णाली याक्सका बलर हाबी भए। कर्णालीले कुल सात बलर प्रयोग गरेको थियो। त्यसपछि लुम्बिनीले ठुलो साझेदारी गर्न सकेन। टस हारेको लुम्बिनीका लागि कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ४९ रन बनाए। अर्धशतक बनाउन एक रनले मात्रै चुकेका रोहितलाई कर्णालीका कप्तान सोमपाल कामीले आउट गरेका हुन्। ४३ बलमा चार चौका र दुई छक्का हिर्काएका रोहितलाई सोमपालले नाजिबुल्लाह जाद्रनबाट क्याच गराएका थिए। डार्सी सर्टले १४ बलमा १९ रन बनाए। गुल्सन झाको बलमा प्रियान्क पन्चालबाट आउट हुनुअघि सर्टले चार चौका प्रहार गरेका थिए। रोहित र डार्सीले दोस्रो विकेटका लागि ३६ रनको सबैभन्दा धेरै साझेदारी गरेका थिए।

जेजे स्मिथले १४ बलमा २३ रनको योगदान गरे। उनलाई नन्दन यादवले युवराज खत्रीबाट क्याचआउट गराए। रुवेन ट्म्पलमेनले १४ बलमा अविजित २९ रनको योगदान गरेका थिए। चारजना खेलाडीबाहेक अन्यले दोहोरो अंकमा रन बनाउनै सकेनन्। सुरुबाटै दबाबमा आएको लुम्बिनीले पावर प्लेमा एक विकेट गुमाउँदा मात्र ३६ रन बनाएको थियो। अर्का ओपनर सन्दीप जोराले ८ बलमा १ रन जोड्दा नन्दन यादवले विलियम बोसिस्टोबाट सुन्दर क्याचआउट गरे।

तेस्रो नम्बर क्रिजमा आएका दिलीप नाथलाई ६ रन बनाउँदा मार्क वाटले आफैंले क्याच गर्दै लुम्बिनीविरुद्ध दबाब सिर्जना गरेका हुन्। सुमित महर्जनले मात्र चार रन बनाए। पहिलो खेलमा बेन्चमा रहेका विपिन शर्माले अफगानिस्तानी स्टार गुल्वादिन नाइबलाई एलबिडब्लु धरापमा पारेका थिए। गुल्वादिनले सात रन मात्रै बनाए। यता, पहिलो खेलमा विपिन चितवनविरुद्ध बेन्चमा थिए। चार रन बनाएका सुमित महर्जनलाई युवराज खत्रीले विलियम बोसिस्टोबाट क्याचआउट गराउँदा १३.४ ओभरमा लुम्बिनीले मात्र ७८ रन बनाएको थियो। समीर अली मुसलमान एक रन बनाउँदा रनआउट भएका थिए। कर्णालीका नन्दन यादवले सर्वाधिक २ विकेट लिएका थिए। उनले ४ ओभरमा सर्वाधिक ३८ रन खर्चिए। सोमपाल कामी, नन्दन यादव, गुल्सन झा, मार्क वाट, विपिन शर्मा र युवराज खत्रीले समान एक विकेट लिएका थिए। दुई सानदार क्याच गरेका विलियमले दुई ओभर बलिङ गरे पनि विकेटविहीन भएका थिए।

विराटनगरको लगातार दोस्रो जित



काठमाडौं गोर्खाजलाई ५ विकेटले हराउँदै विराटनगर किंग्सले दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)मा लगातार दोस्रो जित निकालेको छ। शनिबार कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा भएको एनपिएलको आठौँ खेलमा दोस्रो जित निकालेसँगै विराटनगरले सुदूरपश्चिमसँगै समान ४ अंक जोडेको छ। विराटनगर र सुदूरपश्चिम नै प्रतियोगितामा अपराजित यात्रा कायम राख्न सफल भएका छन्। टस हारेर ब्याटिङ गरेको काठमाडौंले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै एक सय ३५ रनको लक्ष्य दिएको थियो। प्रत्युत्तरमा विराटनगरले १७ ओभरमा पाँच विकेट गुमाउँदै जित निकालेको हो।

विराटनगर लगातार दोस्रो जित निकाल्न सफल भएको छ। मार्टिन गप्टिल र लोकेश बमले शतकीय साझेदारी गरेपछि पहिलो खेलमा पोखरा एभेन्जर्सलाई ५३ रनले हराएको थियो। तेस्रो खेल खेलेको काठमाडौं भने दोस्रोपटक पराजित भयो। पहिलो खेलमा जनकपुर बोल्ट्सलाई ५ विकेटले हराएको काठमाडौं दोस्रो खेलमा २९ रनले पराजित भएको हो।

दुवै टोलीलाई रन जोड्न सकस

विराटनगरको जितमा जर्ज मुन्सीले सर्वाधिक ३६ रन बनाए। उनले १६ बलमा ५ चौका र २ छक्का हिर्काएका हुन्। अघिल्लो खेलमा अर्धशतक बनाएका मार्टिन गप्टिलले १९ बलमा २५ रन बनाए। उनले २ चौका र १ छक्का हिर्काएका थिए। बसिर अहंले १९ तथा लोकेश बलमे १४ रनको योगदान गरे। दोस्रो विकेटका लागि गप्टिल र मुन्सीले २४ बलमा सर्वाधिक ५३ रनको साझेदारी गरेका थिए। नरेन भट्टले २४ रनको योगदान गरे।

काठमाडौंका लागि साहब आलमले सर्वाधिक दुई तथा जेरार्ड इरास्मस तथा करण केसीले समान एक रन बनाएका हुन्। पहिलो इनिङ्समा काठमाडौंका मोहम्मद आदिल आलमले अविजित सर्वाधिक ४८ रन बनाए। उनले २५ बलमा चार चौका र २ छक्का हिर्काएका हुन्। ओपनर बेन चार्ल्सवर्थले ३३ बलमा ३२ रन बनाए। १ चौका र २ छक्का हिर्काएका उनलाई शुभम रन्जनेले नरेन भट्टले क्याच गरेका थिए। सन्तोष यादवले २४ बलमा २६ रनको योगदान गरेका थिए। काठमाडौं ४.१ ओभरमा १३ रन जोड्दा ३ विकेट गुमाएपछि दबाबमा आएको थियो। आदिल र सन्तोष यादवले छैठौं विकेटका लागि ३० बलमा ४५ रनको बलियो साझेदारी गरेपछि काठमाडौंले सम्मानजनक स्कोर बनाएको थियो। दुवै खेलाडी १२.५ ओभरमा ५६ रन बनाउँदा पाँच विकेट गएपछि क्रिजमा रहेका थिए। काठमाडौंका लागि जेरार्ड इरास्मसले १० रन बनाएका हुन्। अन्य खेलाडीले भने दोहोरो अंकमा रन बनाउन सकेनन्। यसअघि ओपनर आकाश त्रिपाठी ५ बल खेलेर डक भएका थिए।

अंकतालिका

टोली	खेल	जित	हार	अंक
सुदूरपश्चिम	२	२	०	४
विराटनगर	२	२	०	४
काठमाडौं	३	१	२	२
लुम्बिनी	२	१	१	२
चितवन	१	१	१	२
कर्णाली	२	१	१	२
जनकपुर	१	०	१	०
पोखरा	२	०	२	०



एक दिनअघि नै टिकट सोल्डआउट

दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत आइतबार कुनै खेल हुनेछैनन्। लगातार दुई खेल खेलेका टिमलाई नेपाल क्रिकेट संघ (क्यान)ले विश्राम दिएको छ। एक दिनको खेलपछि सोमबार भने दुई खेल हुनेछन्। तर, खेल आउन एक दिन बाँकी रहँदै टिकट भने सोल्डआउट भएका छन्। टिकट बिक्रीको जिम्मेवारी पाएको खेल्तीले सोमबार हुने खेलका टिकट सोल्डआउट



भएको जानकारी गराएको छ। पहिलो खेलमा जनकपुर बोल्ट्स र विराटनगर किंग्सबिच प्रतिस्पर्धा हुनेछ।

यो खेल बिहान पौने १२ बजे हुनेछ। दोस्रो खेलमा सुदूरपश्चिम रोयल्स र कर्णाली याक्सबिच खेल हुनेछ। यो खेल अपराह्न चार बजे हुनेछ। क्यानले साधारणतर्फ करिब ९ हजार टिकट बिक्री गर्दै आएको छ। क्यानले साधारण तथा भिआइपीतर्फ कुल १३ हजार दर्शक क्षमता रहेको बताउँदै आएको छ। यद्यपि, अहिलेसम्म कति दर्शकले खेल हेरे त्यो बताइएको छैन।

प्रतियोगितामा हाल सुदूरपश्चिम रोयल्स र विराटनगर किंग्स अपराजित छन्। सुदूरपश्चिमले पोखरालाई १८ रन तथा काठमाडौंलाई २९ रनले पराजित गरेको थियो। विराटनगरले भने पहिलो खेलमा काठमाडौंलाई ५ विकेट तथा पोखरालाई ५३ रनले हराएको हो। सुदूरपश्चिम समान चार अंक भए पनि काठमाडौंभन्दा नेट रनरेटले शीर्ष स्थानमा छ। समान दुई अंक रहेको काठमाडौं तेस्रो, लुम्बिनी चौथो, चितवन पाँचौं तथा कर्णाली याक्स छैटौं स्थानमा छन्। एक खेल खेलेको जनकपुर र दुई खेलमा दुवै खेल हारेको पोखरा पुछारमा छन्। पोखरा सुदूरपश्चिम र विराटनगरसँग पराजित भएको हो। यसअघि पनि प्रतियोगिताको उद्घाटन दिनकै खेल सोल्डआउट भएका थिए। त्यस्तै, शनिबारको दुवै खेलको टिकट सोल्डआउट भए। नेपाल सरकारले प्यारापिट निर्माण तथा फ्लडलाइट जडान गरेपछि त्रिवि मैदानमा पहिलोपटक खेल भएको हो।

■ आजको तस्बिर



ढाका टोपीमा हामी

शनिबार कर्णाली याक्स र लुम्बिनी लायन्सको खेल नियाल्दै ढाका टोपीमा सजिएका समर्थक । तस्बिरः **अमुल थापा**/नयाँ पत्रिका

खेलपछिको भनाइ

सोचेजस्तो नतिजा आइरहेको छैन


● **आदिल आलम**, खेलाडी, काठमाडौं



हामीले ब्याटिङ र बलिङकै पावर प्लेमा राम्रो गर्न सकेनौं। समग्रमा राम्रो गर्न खोज्दा खोज्दै हाऱ्यौं। हामीले सोचेको जस्तो भएको छैन। ब्याटिङका पावर प्लेमा राम्रो गर्न सकेनौं। हामीलाई १५-२० रन कम भयो। बलिङ पनि सोचेको जस्तो नहुँदा नतिजा आएको छैन। मलाई दबाब लिएर खेल्दा सहज लाग्छ। जसरी सहज हुन्छ, त्यसैगरी खेलिरहेको छु। म बलिङ र ब्याटिङ गर्न सधैं तयार छु। चार खेल बाँकी छ। सबै खेल जित्ने गरी खेल्छौं।

राष्ट्रिय टिमभन्दा पनि एनपिएलमै केन्द्रित छु

● **प्रतिश जिसी**, खेलाडी, विराटनगर किंग्स



लक्ष्य हाम्रा लागि निकै राम्रो थियो। पिच पनि त्यस्तै सहज भएर सजिलो भयो। खेल सहजै हाम्रो पक्षमा आयो। हामीले धेरै त्यस्तो खेल्नुपरेको छैन। सहज रूपमा खेलिरहेका छौं। विकेटअनुसार बलिङ गरेका थियौं। लगातार खेल छ। तर, जित निकाल्दा लगातार खेल हुँदा पनि सहज छ। ड्रेसिङ रुम निकै रमाइलो छ। राम्रो गरेपछि राष्ट्रिय टिममा परिन्छ होला। तर, मैले त्यसबारे सोचेको छैन, एनपिएलमै राम्रो गर्न तयार छु। यहाँ राम्रो गरेपछि सबैतिरको ढोका खुल्छ।

बलिङ राम्रो हुन सकेन

● **शक्ति गौचन**, कन्सल्ट्यान्ट प्रशिक्षक, लुम्बिनी लायन्स



हामीले राम्रो फाइटिङ गर्ने योजना बनाएको थियौं। तर, क्याच छोड्दा र बलिङमा राम्रो गर्न नसक्दा हार सामना गर्नुपरेको छ। खराब फिल्डिङ नै हारको कारण हो। कर्णालीले पाएको अवसर खेर फालेन। अझै प्रतियोगितामा फर्कने अवसर रहेको छ। आगामी खेलमा सुधार हुने अपेक्षा गरेको छु। सुदूरपश्चिमबाहेक सबै टोलीले एक खेलमा हार व्यहोरेकाले अवसर पनि सबैको उस्तै छ।

शतक बनाउँदा नर्भस थिएँ

● **मार्क वाट**, खेलाडी, कर्णाली याक्स



नेपाली समर्थकमाझ पाएको यो सफलता विशेष रहेको छ। यो शतक आफ्नो टोली कर्णालीलाई समर्पित गर्छु। टिम राम्रो बन्दै गएको छ। ओपनिङका लागि कर्णाली याक्सले महत्त्वपूर्ण अवसर दिएको थियो। जसलाई सदुपयोग गर्न पाउँदा खुसी छु। शतक पूरा गर्ने क्रममा भने नर्भस भए। कर्णालीका युवा स्पिनर युवराज खत्री र विपिन शर्माले राम्रो बलिङ गरिरहेका छन्। उनीहरूको भविष्य राम्रो छ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com